# नेपाली कांग्रेसको घोषणापत्र

## प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन २०७४



**कांग्रेसको नेतृत्वमा शान्ति र संविधान**
**कांग्रेसकै नेतृत्वमा समृद्धिको अभियान**



# नेपाली कांग्रेसको चारतारे झण्डा

यो के हो तल माथि रातो, अझ झन्
बीचमा मात्र सेतो ।
सेतामा चार तारा फरर
गगनमा फर्फराइरहेको ।।
माया मारेर, जिउ धन सुखको
दु:ख भोगेर नाना ।
नेपाली मात्रलाई सहज सुख दिने
वीरको हो निशाना ।।

स्व. श्रीप्रसाद घिमिरे, चिसङ्कु, लमजुङ्ग
(२०१२ सालको नेपाली कांग्रेसको बीरगञ्ज अधिवेशनमा प्रस्तुत झण्डाको स्तुति)

# विषयसूची


## खण्ड १ राजनीतिक पृष्ठभूमि ०५

१.१ श्रद्धान्जली र सम्झना ०५
१.२ प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको महत्व ०६
१.३ संघीयताको कार्यान्वयन ०८
१.४ समसामयिक राजनीति र अबको एजेण्डा १०
१.५ राष्ट्रिय पुनर्जागरणको नयाँ युग प्रारम्भ १८

## खण्ड २ ऐतिहासिक विरासत र उपलब्धि २१

२.१ नेपाली कांग्रेस : राष्ट्रियता र लोकतान्त्रिक आन्दोलनको संवाहक २१
२.२ नेपाली कांग्रेस : सामाजिक परिवर्तनको प्रेरक २३
२.३ नेपाली कांग्रेस : लोकतान्त्रिक समाजवाद र आर्थिक विकासको अभियन्ता २५

## खण्ड ३ अबको हाम्रो संकल्प ३२

३.१ आर्थिक समृद्धिको संकल्प ३२
३.२ पूर्वाधार विस्तारको संकल्प ४२
३.३ सामाजिक प्रगतिको संकल्प ४७
३.४ वन-वातावरण र विपद् व्यवस्थापनको संकल्प ५४
३.५ असल शासन प्रत्याभूतिको संकल्प ५९

## विशेष खण्ड प्रदेशहरूको सामर्थ्य र सम्भावना ६७

**अनुसूची १** कांग्रेस नेतृत्वमा भएको विगत २५ वर्षको विकास प्रतिफल ७८
**अनुसूची २** कांग्रेसको विकास दृष्टि र लक्ष्य : अबको १० वर्षमा नेपाल ७९
**अनुसूची ३** कांग्रेसको एकीकृत सामाजिक सुरक्षा अवधारणा ८१
**अनुसूची ४** कांग्रेस नै किन ? ८२

# सबै अट्ने देश
# सबैलाई जोड्ने काँग्रेस

खण्ड १

# राजनीतिक पृष्ठभूमि

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू !**

नेपालको संविधान अनुसार आगामी मंसिर १० र मंसिर २१ गते दुई चरणमा प्रतिनिधि सभा र प्रदेश सभाको महत्वपूर्ण निर्वाचन हुँदैछ । ती निर्वाचनमा मत हालेर नेपाली जनताले पहिलो पटक संघीय संरचना अनुसारको प्रदेश सरकार र केन्द्रमा संघीय सरकारको निर्माण गर्नेछौं । यस अघि भर्खरै हामीले जनताको घरदैलोमै बसेर काम गर्ने स्थानीय सरकार गठनका लागि महत्वपूर्ण निर्वाचनमा भाग लियौं । आगामी निर्वाचनमा मतदान गरेपछि हामीले तीन वटै तहको सरकार बनाएर संघीय समावेशी लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको बलियो जग बसाल्नेछौं ।

## १.१ श्रद्धाञ्जली र सम्झना

**आदरणीय दिदीबहिनी-दाजुभाइहरु,**

सात दशक लामो नेपालको कठिन लोकतान्त्रिक संघर्ष यात्रामा देशका थुप्रै होनहार सन्ततिले हिमाल, पहाड, तराई-मधेश सर्वत्र गौरवपूर्ण शहादत प्राप्त गरेका छन् । नेपाली कांग्रेस पार्टीका थुप्रै नेता र कर्मठ साथीहरुको जीवन यो लामो लोकतान्त्रिक आन्दोलनको यज्ञमा बलिदान भएको छ ।

**लोकतन्त्रको संघर्ष-यात्रामा हजारौं योद्धाहरुको घर-परिवार भत्किएको छ, अनि थुप्रै साथीहरुले जेल, नेल र निर्वासनको पीडा भोग्नुपरेको छ । माओवादी द्वन्द्वको ११ वर्षमा लोकतान्त्रिक आस्थामा अविचलित रहेका साथीहरुले भोग्नुभएको कष्ट र गर्नुभएको जीवनको वलिदान हाम्रो सम्झनामा ताजै छ । यस घडीमा नेपाली कांग्रेस संघर्षको यो गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै देशका सम्पूर्ण शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ ।**

यस्तै, नेपाली कांग्रेस पार्टीको संगठन र लोकतान्त्रिक आन्दोलनलाई चुनौतीपूर्ण घडीमा नेतृत्व गर्ने जननायक विश्वेश्वरप्रसाद कोइराला, त्याग र विद्वत्ताका प्रतिमूर्ति सुवर्ण शम्शेर, जनआन्दोलनका कमाण्डर एवं लौहपुरुष गणेशमान सिंह, सन्त नेता कृष्णप्रसाद भट्टराई, शान्ति प्रक्रिया एवं संघीय समावेशी गणतन्त्र नेपालका नायक गिरिजाप्रसाद कोइराला, नयाँ संविधान निर्माणका प्रमुख अभियन्ता सुशील कोइराला लगायत पार्टी नेतृत्व र साथीहरुको विशाल पंक्तिको योगदानलाई नेपाली कांग्रेस सगर्व स्मरण गर्दछ ।

## १.२ प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनः संविधान कार्यान्वयनको महत्वपूर्ण आरम्भ

यो निर्वाचनले नेपालको नयाँ संविधानलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने बाटोमा लैजानेछ। समावेशी लोकतन्त्र, सम्प्रभु जनताको गणतन्त्र एवं समता र सामाजिक न्यायमा आधारित लोकतान्त्रिक समाजवाद र समृद्ध नेपाल निर्माणको बलियो आधारशिला खडा गर्ने काम यो निर्वाचनले गर्नेछ।

### प्रदेश सभा

यो निर्विवाद सत्य हो– लोकतन्त्रले मात्र हाम्रो सामाजिक विविधतालाई समेट्न र सबैको सहभागिता सुनिश्चित गर्न सक्छ। राजनीतिक, आर्थिक र सामाजिक विभेदहरुलाई अन्त्य गर्न एवं राज्यका सबै अंगमा समावेशिताका लागि हाम्रो लोकतान्त्रिक पद्धतिले स्वायत्त स्थानीय सरकार, प्रादेशिक सरकार र स्वशासनको अवसर सिर्जना गरेको छ। जनताको नजिक रहेर काम गर्ने र जनताले नै नजिकबाट अनुगमन गर्न सक्ने स्थानीय र प्रादेशिक सरकारहरुले दक्षता, उत्तरदायित्व, जनसहभागिता र पारदर्शिता जस्ता भ्रष्टाचारमुक्त शासनका आधार निर्माण गर्न सक्छन्।

**देशका विकट क्षेत्र तथा सीमान्तीकृत समुदाय, अल्पसंख्यक, दलित र पिछडा वर्गसम्म सामाजिक न्याय र आर्थिक विकासको प्रतिफल पुर्‍याउन तथा जाति, भाषा र संस्कृतिको विविधता प्रतिबिम्वित हुने गरी पहिचानको संरक्षण, राज्यको अंगमा पहुँच, फराकिलो प्रतिनिधित्व, सामाजिक समानता र प्रतिष्ठाको अभिवृद्धि स्थानीय र प्रादेशिक सरकारका माध्यमबाट गर्ने संकल्प नेपाली कांग्रेस व्यक्त गर्दछ।**

यो निर्वाचनपछि सात वटै प्रदेशमा गठन हुने प्रादेशिक सरकारले संविधानले दिएका अधिकारहरु प्रयोग गर्दै प्रादेशिक शासन, प्रादेशिक योजना तर्जुमा र विकासका महत्वपूर्ण निर्णय प्रदेश तहमै गर्न थाल्नेछन्। प्रदेशहरुको सामर्थ्यमा उल्लेखनीय भिन्नता छ (हेर्नुहोस् विशेष खण्ड)। अब प्रदेश सरकारले नै प्रदेश विश्वविद्यालय र उच्च शिक्षा, प्रदेशभित्रको सडक-लोकमार्ग, कृषि, उद्योगधन्दा, विद्युत्, सिंचाइ, खानेपानी, व्यापार, राजस्व परिचालन, वित्तीय संस्था, वन र वातावरण व्यवस्थापन र स्वास्थ्य सेवा लगायतका क्षेत्रमा महत्वपूर्ण नीतिगत अग्रसरता र कार्यान्वयनको निर्णय गर्नेछ। संविधानले तोकेका विषयमा प्रादेशिक तहमै कानून निर्माण गर्न सक्नेछ। प्रदेश तहको प्रहरी प्रशासन, निजामती सेवाको गठन एवं भाषा, संस्कृतिको संरक्षणमा प्रदेश सरकारले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। यसरी प्रादेशिक सरकार स्वशासनको लोकतान्त्रिक अभ्यास गर्ने जनताको नजिकको अर्को महत्वपूर्ण सरकार हुनेछ।

**प्रादेशिक सरकार निर्माण र प्रादेशिक तहमा विकासको मार्गचित्र कोर्ने यो प्रदेश सभामा नेपाली कांग्रेसलाई वहुमत प्रदान गरी जिताउँदा मात्र लोकतन्त्रको जग बलियो वन्नेछ र प्रदेशमा आर्थिक विकासका काम चाँडो र दिगो रुपमा सम्पन्न हुनेछन्।**

## प्रतिनिधि सभा

हाम्रो संविधानले संघीय संसद् राष्ट्रिय सभा र प्रतिनिधि सभा नामका दुई वटा सदन मिलेर बन्ने व्यवस्था गरेको छ । आगामी मंसिरमा प्रदेश सभासँगै केन्द्रको प्रतिनिधि सभाका सांसद निर्वाचित हुनेछन् । राष्ट्रिय सभाका सदस्यहरु केही समयपछि प्रदेश सभाका सदस्य र स्थानीय तहका प्रमुख–उपप्रमुख, अध्यक्ष-उपाध्यक्षले मतदान गरी निर्वाचित हुनेछन् ।

प्रतिनिधि सभा सदस्यका लागि अहिले कूल १६५ संसदीय क्षेत्रमा पहिलो हुने नै चुनिने निर्वाचन प्रणाली अन्तर्गत चुनाव हुँदैछ । यसका साथै समानुपातिक प्रणालीतर्फको मतपत्रमा आफुले मन पराएको पार्टीलाई मतदान गरी हामीले प्रतिनिधिसभामा थप ११० समानुपातिक सदस्यको निर्वाचन गर्नेछौँ । हाम्रो संविधान अनुसार प्रतिनिधिसभामा बहुमत प्राप्त गर्ने सदस्य प्रधानमन्त्रीमा नियुक्त हुनेछ र उसको नेतृत्वमा मन्त्रिपरिषद्को गठन हुनेछ । संविधानको कार्यान्वयन, संघीयताको मर्म अनुसारको शासन-प्रबन्ध र तीनै तहको सरकारसँग सहयोग र समन्वय एवं आर्थिक विकासका लागि केन्द्रको सरकारले महत्वपूर्ण भूमिका खेल्नु पर्ने हुन्छ ।

सात दशकदेखि जनताले लोकतन्त्रका लागि गरेको संघर्ष र त्यसका उपलब्धि जोगाउन, माओवादी हिंसात्मक द्वन्द्व, मधेश-पहाडका विभिन्न आन्दोलनका घाउमा मलहम लगाउन केन्द्र सरकारले विवेक र संयमका साथ काम गर्नुपर्ने हुन्छ । यसका साथै, आर्थिक विकासलाई तीव्रताका साथ अघि बढाउने, पछाडि परेका क्षेत्र र गरिबीको मारमा परेका जनतालाई आय आर्जनका अवसर दिलाउने, रोजगारी सिर्जना गर्ने र सामाजिक न्याय स्थापित गर्ने काम पनि केन्द्रको सरकारले गर्नुपर्ने हुन्छ ।

हाम्रो राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता र सार्वभौमसत्ताको दृढतापूर्वक रक्षा गर्दै छिमेकी देशहरु, मित्रराष्ट्रहरु र अन्तर्राष्ट्रिय संस्थाहरुसँग सन्तुलित र भरपर्दो सम्बन्ध कायम राख्ने महत्वपूर्ण जिम्मेवारी पनि केन्द्रको सरकारले निर्वाह गर्नु पर्ने हुन्छ । राष्ट्रिय सुरक्षा र सेना सम्बन्धी विषय, आन्तरिक शान्ति-सुरक्षा र प्रहरी प्रशासन, केन्द्रीय बैंक, मुद्रा र वित्तिय बन्दोवस्त, अन्तर्राष्ट्रिय सम्बन्ध र सम्झौता, संघीय निजामती सेवा, राजस्व परिचालन–भन्सार, अन्त शुल्क, मूल्य अभिवृद्धि कर, आय कर जस्ता प्रमुख करहरु, केन्द्रीय स्तरका ठूला विकास आयोजना, सडक, सिंचाई र ऊर्जा, अन्तर्राष्ट्रिय व्यापार, अन्तर्राष्ट्रिय विमानस्थल, नागरिकता, राहदानी, अध्यागमन, संवैधानिक निकाय र आयोगहरु जस्ता महत्वपूर्ण जिम्मेवारी केन्द्र सरकारको अधिकार क्षेत्रभित्र रहेका छन् ।

त्यसैले केन्द्रमा स्थिर, बलियो र भरपर्दो लोकतान्त्रिक सरकार निर्माण गर्ने, समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने, तीव्र गतिमा आर्थिक विकास गर्ने र प्रादेशिक स्वायत्त शासन बलियो र संस्थागत हुने यस्तो महत्वपूर्ण निर्वाचनमा मतदान गर्दा हामीले हतारमा र भावुकतामा निर्णय गर्नु हुँदैन । **कुन पार्टीले लोकतन्त्रलाई अझ बलियो बनाउन र**

**जनताका अधिकारलाई निरन्तर संरक्षण गर्न सक्छ ? कुन पार्टीले विभिन्न जाति, भाषा र संस्कृति एवं जनताका बीचमा एकता र सद्भाव कायम राखेर राष्ट्रिय एकता बलियो बनाउन सक्छ ? कुन पार्टीले देशमा झगडा र हिंसा फैलाउन होइन– दिगो शान्ति र विकासका लागि काम गरेको छ र गर्न सक्छ ? यी प्रश्नहरुमा विचार गरेर मात्र मतदानको निर्णय गर्नुहुन हामी सम्पूर्ण मतदाताहरुमा अपील गर्दछौं ।**

**कम्युनिष्टहरु लोकतन्त्रका पक्षमा कहिल्यै निष्ठापूर्वक उभिदैनन् - तिनले केवल लोकतन्त्रलाई उपयोग गरेर साम्यवाद ल्याउने चेष्टा गर्छन् । कम्युनिष्टहरु आर्थिक विकासका लागि आवश्यक पर्ने निजी क्षेत्रको लगानी र क्षमतामाथि भरोसा गर्दैनन् -तिनले केबल राज्यवल प्रयोग गरेर नियन्त्रण गर्न खोज्छन् । कम्युनिष्टहरु शान्तिका पक्षधर हुँदैनन्- तिनले हिंसा, व्यक्ति हत्या र राज्य आतंक सिर्जना गर्ने गर्छन् । कम्युनिष्टहरु बहुलवाद, वहुविचार र वहुदलीयतालाई हृदयबाट स्वीकार गर्दैनन् -तिनले एकदलीय निरंकुश कम्युनिष्ट शासनको वकालत गर्दछन् ।**

नेपाली कांग्रेस विगत ७१ वर्षदेखि लोकतन्त्र स्थापना गर्न जनताको साथी र सारथि रहदै आएको छ । जहाँनीय राणा शासनका विरुद्ध लड्दा नेपाली कांग्रेस, राजाको स्वेच्छाचारी शासनका विरुद्ध लड्दा नेपाली कांग्रेस, माओवादीको एघार वर्षे हिंसात्मक द्वन्द्व समाधान गर्न नेपाली कांग्रेस, संविधानसभाबाट संविधान जारी गर्न नेपाली कांग्रेस, मधेशी, थारु, आदिवासी जनजातिका मद्दा र आन्दोलन सम्वोधन गर्न नेपाली कांग्रेस, राष्ट्रियता र राष्ट्रिय एकता जोगाउने जिम्मेवारी वहन गर्ने नेपाली कांग्रेस अनि समग्र देशको विकास प्रक्रियालाई अघि वढाउने नेपाली कांग्रेस । यो ऐतिहासिक पार्टी नेपाली कांग्रेस देशका साम्‍ु आउने हरेक चुनौती र समस्या समाधान गर्दै जनताको भरपर्दो पार्टीका रुपमा स्थापित भएको छ । त्यसैले यो महत्वपूर्ण निर्वाचनमा नेपाली कांग्रेस पार्टीलाई अत्यधिक बहुमतले जिताउन हामी सम्पूर्ण दिदीबहिनी दाजुभाइहरुलाई हार्दिक आव्हान गर्दछौं ।

## १.३ संघीयताको कार्यान्वयन : चुनौती र अवसर

संघीयता र समावेशिता नयाँ संविधान कार्यान्वयनको महत्वपूर्ण कार्यसूची हो । नेपालको न्यायपूर्ण, समुन्नत र समावेशी समाजको संरचनाका लागि र सामाजिक न्याय सहितको आर्थिक समृद्धिका लागि संघीयता ऐतिहासिक चुनौती र सम्भावना बोकेको अवसर पनि हो ।

मुलुकको निम्ति संघीयताको सुखद परिणाम यसको बुद्धिमतापूर्ण व्यवस्थापनमा निर्भर गर्दछ । संघीयताको संवैधानिक प्रयोग नेपालका लागि पहिलो भएकोले यसको सफल व्यवस्थापनका निम्ति संविधानको मर्म र भावना अनुरुप आवश्यक कानूनी र नीतिगत परिमार्जनको नीति अवलम्वन गर्दै जानुपर्ने हुन्छ । नेपाली कांग्रेस सबै राजनीतिक

दलहरु, विज्ञ वर्ग तथा जनताका प्रतिनिधि संस्थाहरुसंग सम्वाद, परामर्श र सहकार्य गर्दै संघीय राज्यप्रणालीको प्रभावकारी व्यवस्थापनका निम्ति प्रतिबद्ध रहेको घोषणा गर्दछ।

नेपाली कांग्रेसले संविधानले निर्दिष्ट गरे बमोजिम संघ, प्रदेश र स्थानीय तहसंग सहकार्य, सह-अस्तित्व र समानताको सिद्धान्तका आधारमा अन्तरतह सम्बन्ध विकास गर्न प्रेरित गर्नेछ। यसका साथै नेपाली कांग्रेसले संघ र प्रदेशमा निर्वाचित सरकारका माध्यमबाट निम्न लिखित कानूनी र नीतिगत प्रवन्ध गर्नेछ :

- संविधान कार्यान्वयनका लागि आवश्यक पर्ने ऐन-कानूनहरुको निर्माण गर्नुका साथै प्रदेश र स्थानीय तहलाई समेत मार्गदर्शक मापदण्डहरु निर्माण गरिनेछ। सामाजिक परिचालनको माध्यमबाट जनताको सशक्तीकरण गरिनेछ र जन-आकांक्षालाई सम्बोधन गर्न सक्ने गरी हरेक तहको संस्थागत र व्यक्तिगत क्षमता विकास गरिनेछ।
- **स्थानीय तहको प्रभावकारी संचालन र संविधान कार्यान्वयनलाई ध्यानमा राखेर नेपाली कांग्रेस नेतृत्वको वर्तमान सरकारले स्थानीय तह संचालन सम्बन्धी कानून भर्खरै कार्यान्वयनमा ल्यायो। यसका साथै १६४ वर्ष पुरानो मुलकी ऐनलाई प्रतिस्थापित गर्ने दशकौंदेखिको प्रयत्न नेपाली कांग्रेस नेतृत्वको वर्तमान सरकारले पुरा गरेको छ। मुलकी ऐनको प्रतिस्थापन गरी आएको नयाँ कानूनी व्यवस्थाले संविधानको मर्म र भावना अनुसार संघीय संरचनामा विधिको शासनलाई सुदृढ गर्नेछ। मुलुकी ऐनले सर्वोच्च व्यक्तिदेखि साधारण नागरिकसम्मको जन्मदेखि मरणसम्मको व्यवहारलाई विधिमा ढालेको थियो। देशमा सात पटक संविधान फेरिए पनि मुलुकी ऐन लामोसमयदेखि नै जस्ताको तस्तै कार्यान्वयनमा रही आएको थियो। व्यापक प्रभाव भएको मुलुकी ऐनका प्रावधानहरुलाई आधुनिक र समय सुहाउदो बनाउने तथा सर्वोच्च अदालतबाट भएका व्याख्या र प्रतिपादित सिद्धान्तलाई समावेश गरेर देवानी संहिता, देवानी कार्यविधि संहिता, अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसुरमा सजायँ निर्धारण सम्बन्धी ऐन समेत गरी पाँचवटा कानून नेपाली कांग्रेस सरकारको पहलमा पारित भएको छ।**
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको गठन एवं संस्थागत सुदृढीकरण गरी संघ, प्रदेश र स्थानीय तहमा अन्तर-सरकारी वित्तीय सम्वन्धमा आउने विवादहरुको समाधान गरिनेछ। यसका साथै वित्तीय हस्तान्तरण तथा प्राकृतिक स्रोतको परिचालन एवं राजस्व बाँडफाँड तथा मुलुकको समष्टिगत अर्थतन्त्रको विश्लेषण गरी हरेक तहले परिचालन गर्ने आन्तरिक ऋणको मापदण्ड समेत सिफारिस गर्न सक्षम संवैधानिक भूमिका निर्वाह गर्न सक्ने संस्थाको रुपमा आयोगको क्षमता अभिबृद्धि गरिनेछ।
- प्रदेशका राजधानीहरुमा भवन लगायत न्यूनतम भौतिक पूर्वाधार विकास तथा संस्थागत विकास कार्यहरुमा सहयोग पुर्‍याई प्रदेश सरकारलाई प्रभावकारी रुपमा आफ्नो कार्य संचालन र सेवा प्रवाह गर्न सक्ने बनाइनेछ।
- प्रत्येक गाउँपालिका तथा नगरपालिका केन्द्रसम्म पक्की सडकको व्यवस्था गर्नुका साथै गाउँपालिका तथा नगरपालिका र वडा कार्यालयको लागि कार्यालय भवन लगायतका न्यूनतम पूर्वाधार विकास गरिनेछ।

- प्रदेश संसद र स्थानीय सरकारहरुलाई जन उत्तरदायी, विकास-प्रिय र पारदर्शी तुल्याउनुका साथै महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति एवं सामाजिक र आर्थिक रुपले पिछडिएका वर्ग र समुदायको उत्थान तथा विकासमा सहजीकरण एवं सहकार्य गर्ने कार्यमा प्रोत्साहन गरिनेछ।
- प्रदेश र स्थानीय सरकारको लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्न सक्षम सार्वजनिक प्रशासन प्रणालीको विकास गरिनेछ। संघीय निजामती सेवाबाट प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन पछि प्रदेश सेवा आयोग मार्फत जनशक्तिको स्थायी आपूर्ति हुने व्यवस्था मिलाइनेछ।

## १.४ समसामयिक राजनीति र अबको राष्ट्रिय एजेण्डा

**आदरणीय दिदीबहिनी-दाजुभाइहरु,**
नेपालको लोकतन्त्र, मानव अधिकार र जनप्रतिनिधिमूलक शासन पटक-पटक दक्षिणपन्थी अतिवाद र वामपन्थी उग्रताको आक्रमण र जोखिममा पर्दै आएको छ। नेपाली कांग्रेसले नै यस्ता उग्र दक्षिणपन्थी र उग्र वामपन्थी अतिवादका विरुद्ध नेपाली जनतालाई संगठित गर्दै लोकतन्त्र र मानव अधिकारको सम्मान गर्ने, आर्थिक रुपले समृद्ध, सभ्य र भयमुक्त समाजको बलियो आधारशिला खडा गरेको छ । नयाँ संविधानले संघीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक नेपाललाई दृढताका साथ संस्थागत गरेपछि नेपाल राष्ट्रिय पुर्नजागरणको नयाँ युगमा प्रवेश गरेको छ। अबको नेपालको राजनीति लोकतन्त्र, सहमति र सहकार्यको फराकिलो मर्म र भावनामा आधारित हुनुपर्छ र अबको राष्ट्रिय एजेण्डा देश र जनताको आर्थिक समृद्धिमा केन्द्रित हुनुपर्दछ भन्ने नेपाली कांग्रेसको ठहर छ।

### १.४.१ कांग्रेसको नेतृत्वमा नयाँ संविधान

कांग्रेसकै नेतृत्वमा समृद्धिको अभियान: नेपाली कांग्रेसको नेतृत्वमा संविधानसभाबाट नेपालको संविधान जारी भएको घटना लामो र संघर्षपूर्ण लोकतान्त्रिक आन्दोलनको एउटा महत्वपूर्ण उपलब्धि हो । यस संविधानले लोकतन्त्र र मानव अधिकारका विश्वव्यापी मान्यतालाई आत्मसात् गरेको छ । सात दशकदेखि बहुलवादमा आधारित बहुदलीय संसदीय लोकतन्त्रको अभ्यास गर्ने, राजनीतिक र धार्मिक स्वतन्त्रता भएको, भय र गरिबीबाट मुक्त समाज निर्माण गर्ने नेपाली कांग्रेसको विचार र संकल्प नयाँ संविधानमा दृढताका साथ स्थापित भएको छ। यो उपलब्धिप्रति गर्व गर्दै नेपाली कांग्रेसले अब संघीय समावेशी लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले प्रत्याभूत गरेका बहुलवादमा आधारित वहुदलीय संसदीय लोकतन्त्र, आधारभूत मानव अधिकार र पूर्ण प्रेस स्वतन्त्रताको संवर्द्धन गर्दै लोकतान्त्रिक समाजवाद-उन्मुख समृद्ध नेपाल निर्माण गर्नेतर्फ देशलाई अघि वढाउनेछ।

**स्थानीय तहको निर्वाचन : लोकतन्त्र, स्वायत्त शासन र संविधानको बलियो जग निर्माण**
लामो अनिश्चय र राष्ट्रिय राजनीतिका गम्भीर मतभेदहरुलाई सम्बोधन गर्दै नेपाली

कांग्रेसको अग्रसरतामा स्थानीय तहको निर्वाचन भर्खरै सम्पन्न भएको छ। संविधानलाई पूर्ण रुपमा कार्यान्वयन गर्न, संघीयता र समावेशी लोकतन्त्र सुदृढ बनाउन तथा सामाजिक-राजनीतिक असन्तोष र मतभेदको निरुपण गर्न यो निर्वाचन कोसेढुंगा प्रमाणित भएको छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) र माओवादी केन्द्रको वर्चस्वको सरकार रहुँञ्जेल स्थानीय तह निर्वाचनको राजनीतिक वातावरण विल्कुलै बन्न सकेको थिएन। मधेश अशान्त र आन्दोलनमय थियो, आदिवासी-जनजाति, थारु आन्दोलन सम्बोधन गर्ने अग्रसरता समेत सरकारले लिन सकेको थिएन। एमालेको अदूरदर्शी नेतृत्व, असहिष्णु र आक्रामक व्यवहारका कारण संवाद र सहमतिको प्रयास समेत प्रारम्भ हुन सकेको थिएन। एमाले नेतृत्वको सरकार केवल सत्ताको चरम एमालेकरण र साधनस्रोतको दुरुपयोग गर्नमा केन्द्रित थियो। देशको आर्थिक वृद्धिदर ओरालो लागेर शून्य प्रतिशतमा झरेको थियो। अन्तर्राष्ट्रिय सहयोग र सम्बन्ध कमजोर बन्दै थियो, भूकम्प पीडितका लागि पुनर्निर्माणको कामले पटक्कै गति लिन सकेको थिएन। देश राजनीतिक विग्रहको भुमरीमा थियो। सत्तामा सँगै रहेका एमाले र माओवादीका बीच समेत गम्भीर मतभेद चर्किएको परिस्थिति थियो।

**यो असहज परिस्थितिको अन्त्य गर्न नेपाली कांग्रेसले पार्टी सभापति शेरबहादुर देउवाको नेतृत्वमा निर्णायक अग्रसरता लियो। फलस्वरुप स्थानीय तहको निर्वाचन सम्पन्न गर्न, मधेशका मुद्दाहरुलाई सम्बोधन गर्ने गरी संविधान संशोधन गर्न तथा संविधानको कार्यान्वयन गर्न कांग्रेस-माओवादी एवं अन्य दलहरुको संयुक्त सरकार गठन भयो। मधेश-केन्द्रित दलहरुसँग संविधान संशोधनका विषयहरुमा समझदारी बन्यो। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको संयुक्त सरकारद्वारा संविधान संशोधन प्रस्ताव संसदमा निर्णयार्थ पेश भयो। नेपाली कांग्रेसको अग्रसरतामा संवाद र सहमतिको सार्थक प्रयासका कारण देशमा ठूलो उत्साहपूर्वक र व्यापक सहभागिता सहित स्थानीय तहको शान्तिपूर्ण निर्वाचन सम्पन्न हुन सकेको हो।**

**कांग्रेसको नेतृत्वमा संविधान संशोधनको प्रयासः मतभेद निरुपण गर्ने संवैधानिक बाटो**

नयाँ संविधान जारी भए लगत्तै संविधानसँग जोडिएका असन्तोष आन्दोलनमा प्रकट भएका थिए। यी आन्दोलनहरुलाई धैर्य र संवादका लोकतान्त्रिक बाटोबाट सम्बोधन गर्न नेपाली कांग्रेसले नै संविधान संशोधनको बाटो प्रारम्भ गऱ्यो। नेपाली कांग्रेसका सभापति सुशील कोइरालाको नेतृत्वको सरकारले नेकपा (एमाले) को अवरोध र असहयोगका बाबजुद दुईवटा प्रमुख विषयमा संविधान संशोधनको प्रस्ताव संसदमा दर्ता गरायो। संविधान संशोधनका माध्यमबाट संविधान अझ परिष्कृत र देशका सम्पूर्ण जनताको गहिरो अपनत्वको बन्नेछ भन्ने विश्वास र सम्भावनाका कारण मधेशको आन्दोलन शान्त बन्दै गयो। नेपाली जनता माथि गहिरो आघात र पीडा पुऱ्याएको भारतीय पक्षको नाकावन्दी तत्काल हटाउनुपर्छ भन्ने प्रवल नेपाली जनमतसँगै अन्तर्राष्ट्रिय

दबाब समेत बलियो बन्दै गयो र अन्ततः नाकाबन्दी हट्यो । संविधान संशोधनको यो शान्तिपूर्ण र लोकतान्त्रिक पहलकदमीले मधेशमा राजनैतिक संवाद र दलहरुको राजनीतिक गतिविधिका लागि सहज परिस्थितिको निर्माण भयो ।

संविधान संशोधनको यो समग्र प्रक्रियामा नेकपा (एमाले) आफ्ना संकीर्ण र उग्र राजनीतिक अडानद्वारा सामान्य बन्दै गएको परिस्थिति विथोल्न सक्रिय रह्यो । एमाले नेतृत्वपक्तिको यही मानसिकताका कारण एमाले नेतृत्वको सरकार रहुञ्जेल मधेश अशान्त र आन्दोलनरत भइरह्यो । नेपाली कांग्रेस यस संविधानलाई सर्वस्वीकार्य बनाउन र मधेशी, जनजाति, थारु लगायतका भावनालाई पूर्ण कदर गर्न प्रतिबद्ध छ ।

### १.४.२ नेकपा (एमाले) को प्रवृत्ति : राष्ट्रिय एकता र समृद्धिको वाधक

संविधान निर्माण भइसकेपछिको राष्ट्रिय राजनीतिमा पनि अतिवादको जोखिम र चुनौती कायमै छ । नेकपा (एमाले) संविधान निर्माणको बेलादेखि नै आफ्ना प्रतिस्पर्धी राजनीतिक दलहरुप्रति निरन्तर असहिष्णु र आक्रामक प्रवृत्तिका साथ क्रियाशील रह्यो । फलस्वरुप नेपाली कांग्रेसको नेतृत्वमा सरकारमा सहभागी भए पनि र संविधान निर्माणमा सहकर्मी भएपनि नेकपा (एमाले) आफू सहभागी सरकारको निर्णय प्रक्रियामा खुला मनले सहयोगी र लचिलो भूमिकामा प्रस्तुत भएन । संसदीय पद्धति र आचरण अनुरुप आफू सहभागी सरकारको काम र निर्णयमा उत्साहपूर्ण सहकार्य गर्नु भन्दा पार्टीगत र गुटगत राजनीतिक भागवण्डा खोज्ने प्रवृत्तिद्वारा एमालेले पटक-पटक असहयोगी र अवसरवादी राजनीतिक चरित्र देखायो ।

नेकपा (एमाले) को नेतृत्वमा सरकार बनेपछि उसको राजनीतिक असहिष्णुता झनै बढ्यो । कांग्रेस नेतृत्वको अघिल्लो सरकारले गरेका विकास, न्याय क्षेत्र र कुटनीतिक क्षेत्रका नियुक्तिहरु बदर गरिए । प्रशासन, न्याय सेवा, कुटनीतिक र शिक्षण क्षेत्रमा पार्टीकरणको प्रक्रिया प्रारम्भ भयो । सरकारको वित्तीय स्रोत र साधन दलको स्वार्थका निम्ति दुरुपयोग गरियो । फलस्वरुप सत्तामा सहभागी दलहरु एमालेसंग सत्ता साझेदारीमा टिक्न सकेनन् र एमाले नेतृत्वको सरकारको पतन भयो । सत्तामा रहुन्जेल नेकपा (एमाले) ले संशोधनद्वारा संविधान सम्बन्धी असन्तोषलाई समाधान गर्ने लोकतान्त्रिक विधिलाई समेत समर्थन गरेन । बरु उसको अतिवादी राजनीतिक अडानले तराइ-मधेशको आन्दोलन झनै चर्को बन्दै गयो ।

एमालेको यो अनुदार प्रवृत्तिका कारण संविधानसभाबाट संविधान निर्माण गर्ने प्रक्रिया समेत जोखिममा परेको थियो । नेपालको लोकतान्त्रिक आन्दोलनमा साना राजनीतिक दलहरुको पनि महत्व र भूमिका रहेको छ । तर नेकपा (एमाले) ले यो सत्यलाई आत्मसात् गर्न सकेन र उ साना राजनीतिक दलप्रति पनि अनुदार देखियो । एमालेको राजनीतिक असहिष्णुताले संविधान निर्माणको प्रक्रियालाई आन्दोलनको सीमासम्म

धकेले पनि नेपाली कांग्रेसले मध्यस्थता गर्दै एमाले र माओवादी दुबैलाई संविधान निर्माणको एजेण्डामा एक ठाउँमा राख्न सक्यो ।

लोकतन्त्रले नेपाली राजनीतिमा ल्याएको अभूतपूर्व जागरणले गर्दा देशमा विभिन्न प्रकृतिका अधिकारका आन्दोलन उठेका हुन् । मधेश आन्दोलन, आदिवासी जनजातिको पहिचानको आन्दोलन, थारु, मुस्लिम लगायतको फराकिलो प्रतिनिधित्व र अधिकारको आन्दोलनप्रति एमालेले देखाएको नकारात्मक र असहिष्णु व्यवहारले नेपाली राजनीतिलाई गम्भीर र जटिल बनाउँदै लगेको छ ।

**मधेशको आन्दोलनलाई विखण्डनको आन्दोलन भन्दै र मधेशी जनताप्रति निरन्तर अशोभनीय टिप्पणी गर्दै आएको एमाले यतिखेर अतिवाद र नक्कली राष्ट्रवादको पासोमा पर्दै गएको छ । मधेश र पहाडका बीच मतभेद चर्काउने, मधेशी समुदाय र पहाडी समुदायको राष्ट्रियताको भावनालाई बेग्लाबेग्लै तराजुमा जोख्ने र प्रचार गर्ने एमालेको अतिवादी विचारले देशको एकता र सामाजिक सद्भाव, संविधानको कार्यान्वयन र लोकतान्त्रिक अभ्यासलाई ठूलो क्षति पुऱ्याएको छ । संविधान संशोधनको शान्तिपूर्ण र मध्यमार्गी बाटो अवरुद्ध गर्ने, तथा कम्युनिष्ट वर्चस्वको एकदलीय एवं निरंकुश शासनका लागि एमालेको नेतृत्वमा कम्युनिष्ट गठवन्धन निर्माण गर्ने प्रयासले नयाँ संविधानका उपलब्धि, आर्थिक प्रगति, राष्ट्रिय एकता र सामाजिक सद्भाव जोखिममा पर्दै गएको छ ।**

**अहिले कम्युनिष्ट गठबन्धनको नाममा नेकपा (एमाले) र माओवादी (केन्द्र) कम्युनिष्ट वर्चस्वको सरकार, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, त्यसबाट प्राप्त हुने कथित राजनीतिक स्थिरता र आर्थिक समृद्धिको नारा उचालेर देश र जनतालाई भ्रममा पार्न खोज्दैछन् । वस्तुत : संसदमा कम्युनिष्टहरुको वर्चस्वले स्थिरताको ग्यारेण्टी गर्दैन । यसैगरी एउटै व्यक्तिमा केन्द्रित कार्यकारी अधिकार भएको राष्ट्रपतीय प्रणालीले पनि स्थिरताको ग्यारेन्टी गर्न सक्दैन । यस्तो अवस्था देशलाई केवल निरंकुश कम्युनिष्ट शासनतर्फ लैजाने तथा मुलुकमा लामो समयसम्म द्वन्द्व सिर्जना गर्ने एउटा खतरनाक प्रयोग मात्र हुन सक्छ । दोस्रो विश्व युद्ध पछिको विगत ७० वर्षमा एशिया, अफ्रिका र दक्षिण अमेरिकाका थुप्रै देशहरु प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीको प्रयोग गर्दै तानाशाही व्यवस्थामा परिवर्तित हुँदै राजनीतिक अस्थिरताको भुमरीमा फसेका छन् ।**

कम्युनिष्ट सरकार आर्थिक विकास सुनिश्चित गर्ने कारण र माध्यम पनि बन्न सक्दैन । बरु कम्युनिष्ट सरकार राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानी व्यापक मात्रामा घट्ने र पूँजी पलायनको कारण बन्न सक्छ ।

**नेकपा (एमाले) एवं नेकपा माओवादी (केन्द्र) सुनियोजित तवरबाट संस्थागत भ्रष्टाचारलाई संरक्षित गर्ने पार्टी प्रमाणित भएका छन् । नेकपा (एमाले) ले राजनीतिक**

**पार्टीको चरित्र गुमाउँदै आफ्ना लेबी बुझाउने सक्रिय नेता र कार्यकर्ताका भातृ संगठनको माध्यमबाट अस्पताल-मेडिकल कलेज, एनजीओ संचालन, सहकारी संस्था, उद्योग, जलविद्युत्, आवास र बैकिङ्ग क्षेत्रमा लगानी र स्वार्थ भएको व्यावसायिक घरानाको भूमिकामा आफूलाई परिवर्तित गर्दै लगेको छ । त्यसैले नेकपा (एमाले) सत्ताको केन्द्रमा वसेर आफ्ना निकटतम सहयोगीको व्यावसायिक स्वार्थको रक्षार्थ दल-नियन्त्रित पूँजीवाद (क्रोनी क्यापिटलीज्म) संरक्षण गर्ने कम्युनिष्ट पार्टी बनेको छ। चिकित्सा शिक्षा विधेयक २०७४ लाई नेकपा (एमाले) र माओवादी (केन्द्र) ले संसदमा पारित हुन नदिनु यसको पछिल्लो ज्वलन्त उदाहरण हो। यस अर्थमा, नेकपा (एमाले) ले राष्ट्रिय पूँजीको होइन, आफ्नो पार्टी-नियन्त्रित पूँजीको प्रवर्द्धन**

गर्दैछ। नेकपा (एमाले) सत्तामा, नीति र कानून निर्माण गर्ने ठाउँमा वसेर आफ्नै देशका लगानीकर्ताहरुसंग व्यावसायिक प्रतिस्पर्धा गर्ने तथा निजी क्षेत्रका लगानीकर्ताका निम्ति असमान र असहज वातावरण निर्माण गर्ने पार्टी वन्दै गएको छ। यस्तो चरित्र बोकेको पार्टीले राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानी आकर्षित गर्न र आर्थिक विकास गर्न सक्दैन।

### १.४.३ नेकपा माओवादी (केन्द्र) : अस्थिर राजनीतिको लाभ खोज्ने अवसरवादी प्रवृत्ति

देशको राजनीति मुठभेडको गम्भीर मोडमा पुगेका बेला नेकपा माओवादी (केन्द्र) ले पनि दृढ संकल्प र स्पष्ट लोकतान्त्रिक बाटो पहिल्याउन सकेन। माओवादी द्वन्द्वकालीन प्रवृत्ति र घटनाका प्रभावबाट मुक्त भएर दीर्घकालीन लोकतान्त्रिक सहकार्यमा आबद्ध हुनुको साटो नेकपा माओवादी (केन्द्र) भित्र अस्थिर राजनीतिका बखत सत्ताको लाभ खोज्ने प्रवृत्ति प्रकट हुने गरेको छ। नेकपा माओवादी (केन्द्र) को यो ढुलमुले प्रवृत्तिले राष्ट्रिय राजनीतिमा अस्थिरता बढाएको छ । सहमति र संवादको राजनीतिबाट परिणाम निकाल्ने प्रक्रियालाई समेत कमजोर बनाएको छ। पुष्पकमल दाहाल नेतृत्वको माओवादी पार्टी विगत एक दशकदेखि अस्थिर राजनीतिक समीकरण, सत्ता स्वार्थको गठबन्धन, वैचारिक अस्पष्टता र असफलताको केन्द्र बन्दै आएको छ।

पहिलो संविधानसभामा ठूलो पार्टीको भूमिका र सरकार नेतृत्वको अवसर पाएर पनि नेकपा माओवादी (केन्द्र) को परिचय संविधान निर्माण गर्न नसक्ने, दोस्रो संविधानसभामा संविधान निर्माणको महत्वपूर्ण जिम्मेवारी र अवसर पाएर पनि संविधानसभामा ध्वंस मच्चाएर संविधान सडकबाट लेख्न उद्दत हुने, कहिले एमालेसँग सरकार बनाउने र कहिले कांग्रेससंग सरकारमै बसी प्रतिपक्षसँग गठबन्धन गर्ने गम्भीर वैचारिक विचलन र भरोसा गर्न नसकिने पार्टीको रुपमा बन्दै आएको छ। एउटा विचार र दर्शनमा आबद्ध भएर एघार वर्ष सशस्त्र द्वन्द्वमा होमिएको सिङ्गो माओवादी पार्टी विगत एक दशकमा टुक्रा-टुक्रा भएको छ । **आफू निरन्तर विभाजित भइरहेको यही माओवादी (केन्द्र) र नेकपा (एमाले) अब एउटै कम्युनिष्ट पार्टी बनाउने नारामा अहिले एक अर्कालाई धृतराष्ट्रको अंगालोमा बाँध्ने गरी क्रियाशील भएका छन्।**

**सत्ता स्वार्थको कम्युनिष्ट गठबन्धन**
हालै नेकपा (एमाले) र नेकपा माओवादी (केन्द्र) ले सत्ता स्वार्थको कम्युनिष्ट गठवन्धनको घोषणा गरेका छन् । यो कम्युनिष्ट गठवन्धनको घोषित उद्देश्य आगामी प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा कम्युनिष्टहरु बीच चुनावी तालमेल गर्ने, अन्ततः एउटै कम्युनिष्ट पार्टी बनाउने, कम्युनिष्ट पार्टीको वर्चस्वको सरकार बनाउने र देशमा साम्यवाद स्थापना गर्ने रहेको छ । यो कम्युनिष्ट गठवन्धनका नेता र योजनाकारहरुले संविधानका आधारभूत लोकतान्त्रिक मूल्य-पद्धति र शासन प्रणालीलाई संशोधन गर्दै प्रत्यक्ष राष्ट्रपतीय प्रणालीका माध्यमबाट एकदलीय कम्युनिष्ट पार्टीद्वारा सत्ता नियन्त्रण गर्ने र नेपालमा साम्यवाद स्थापना गर्ने उद्देश्य राखेका छन् । सारा संसारभरि असफल सिद्ध भइसकेको कम्युनिष्ट शासनलाई नेपालमा स्थापना गर्न खोजिएको कम्युनिष्ट गठवन्धनको यस्तो प्रयोग देश र जनताका लागि किमार्थ स्वीकार हुने छैन ।

**नेपाली कांग्रेस पार्टी र यसका लाखौं ऊर्जाशील साथी र समर्थकहरुको पंक्तिले लोकतन्त्र स्थापनाका लागि सबै किसिमका निरंकुश शासन र हिंसाका विरुद्ध पटक-पटक संघर्ष गर्दै आएका हुन् । सत्ता र स्वार्थको यो कम्युनिष्ट गठबन्धनको पनि नेपाली कांग्रेसले डटेर सामना गर्नेछ तथा लोकतन्त्र र आर्थिक समृद्धिका लागि निजी क्षेत्रको उत्साहपूर्ण भूमिका र क्षमता तथा सामाजिक न्याय र समतामूलक विकास सहितको लोकतान्त्रिक समाजवाद स्थापनाको अभियानलाई अवरुद्ध हुन दिने छैन ।**

निर्वाचनका बेला सम्पूर्ण देशलाई कथित राष्ट्रवादी र अराष्ट्रवादी कित्तामा विभाजित गर्ने, हिमाल-पहाड–मधेशका जनताका बीच भावनात्मक मतभेद चर्काएर हिंसा र बल प्रयोग गर्ने, शान्ति- सुरक्षाको जिम्मेवारी पाएको गृह प्रशासनलाई राष्ट्रिय कर्तव्यबाट विचलित गराउने कम्युनिष्ट गठवन्धनको रणनीति अन्तर्गत माओवादी (केन्द्र) सत्ता पक्षमा पनि साझेदार हुने र प्रतिपक्षसँग गठबन्धनमा पनि हिस्सेदार हुने अनैतिक र षडयन्त्रकारी भूमिकामा बसिराखेको छ ।

**यसरी यो कम्युनिष्ट गठबन्धनले अन्ततः संविधानले प्रत्याभूत गरेको संघीय समावेशी लोकतन्त्रका आधारभूत संरचना र अधिकार भत्काउने र अपहरित गर्ने नियत राखेको देखिन्छ । एकदलीय कम्युनिष्ट शासनको सपना र प्रयोगले धेरै मुलुकका स्वाधीनता, स्वतन्त्रता र समृद्धि गुमेको इतिहास छ । नेपाललाई पनि यस्तो जोखिमतर्फ धकेल्ने कुचेष्टा वर्तमान  कम्युनिष्ट गठबन्धनले गरेको छ ।**

**१.४.४ राष्ट्रवादी र लोकतान्त्रिक शक्तिहरुको साझा सहमति र सहकार्य**
नेपाली कांग्रेस सात दशकसम्म जनताको निरन्तर संघर्ष र वलिदानबाट स्थापित लोकतन्त्र र सुदृढ हुँदै गएको राष्ट्रियता र राष्ट्रिय एकताको भावधारालाई भत्काउने

कम्युनिष्ट गठवन्धनको षडयन्त्रलाई परास्त गर्ने संकल्प व्यक्त गर्दछ। कांग्रेसको बाटो सधैं राजनीतिक दलहरुका बीच राष्ट्रिय सहमति, एकता र मेलमिलापका माध्यमबाट लोकतन्त्रलाई सुदृढ बनाउनु रहँदै आएको छ। दुर्भाग्यवश कम्युनिष्ट गठबन्धनले अहिले एकैचोटि लोकतन्त्र र राष्ट्रियताको आधारलाई कमजोर बनाउने चेष्टा गरिराखेको छ।

**राष्ट्रियता र राष्ट्रवादका केन्द्रीय तत्व जनता हुन्। राष्ट्रियता जनताको सँगै बस्ने–सँगै बाँच्ने–संगै प्रगति गर्ने र सँगै मर्ने बलियो भावनात्मक एकताबाट तथा आफ्नो भाषा-संस्कृति-भूगोल र ऐतिहासिक गौरव, विशिष्टता र पहिचानको रक्षा र सम्वर्द्धन गर्ने संकल्पबाट सुदृढ बन्ने गर्दछ। यस अर्थमा राष्ट्रियता र राष्ट्रवाद जनतालाई देशको साझा संकल्प र अभियानमा संलग्न गराई राख्ने र ऊर्जा प्रदान गर्ने सकारात्मक अवधारणा र प्रेरणा हो। राष्ट्रियता र राष्ट्रवाद नेपालका कम्युनिष्टहरुले प्रचार गर्न खोजेको जस्तो कहिल्यै पनि जनतालाई विभाजित गर्ने र समुदायका बीच विभेद सिर्जना गर्ने घृणा र उन्मादको नकारात्मक अवधारणामा आधारित हुन सक्दैन। यस्तो नकारात्मक सोचको राष्ट्रवादले संसारका धेरै मुलुकमा नरसंहार, आन्तरिक द्वन्द्व र वाह्य युद्ध निम्त्याएको इतिहास हामीले बिर्सनु हुन्न।**

यतिखेर नेपाल र नेपाली जनता तथा नेपाली कांग्रेसको काँधमा फेरि एक पटक राष्ट्र-राष्ट्रियता र राष्ट्रिय एकताको रक्षा र संवर्धन गर्ने दायित्व सँगै लोकतन्त्र र संविधानका मुलभूत मान्यताको संरक्षण गर्ने दोहोरो जिम्मेवारी आएको छ। राष्ट्रवादको अन्ध नारामा मात्र बहकिंदा लोकतन्त्र र देशको एकतामा गम्भीर आघात पुग्न सक्छ, अनि लोकतन्त्र मात्रको कागजी नारामा अलमलिंदा देशको अस्तित्व र स्वाधीनता जोखिममा पर्न सक्छ।

यो चुनौतीलाई सामना गर्न नेपाली कांग्रेस देशका सम्पूर्ण राष्ट्रवादी, लोकतान्त्रिक र प्रगतिशील राजनीतिक दलहरुका बीच साझा सहमति र सहकार्य आवश्यक छ भन्ने ठहर गर्दछ। राष्ट्रिय एकता, मेलमिलाप, सहमति र सहकार्यको साझा अभियानमा नेपाली कांग्रेस नागरिक समाज, जनताका स्वतन्त्र र पेशागत संगठनहरु, किसान र श्रमिक संगठनसँगै १८ वर्षदेखि ४५ वर्ष समूहका युवा पुस्ताको ऊर्जाशील चेतनालाई एकताबद्ध गर्न चाहन्छ। वर्तमान कम्युनिष्ट गठबन्धन अन्ततः लोकतन्त्रका विरुद्धको गठबन्धन बन्नेछ। किनभने यो कम्युनिष्ट गठबन्धनले राष्ट्रिय एकता र सहमतिलाई होइन– कम्युनिष्ट एकता र कम्युनिष्ट वर्चस्वको शासन र संरचनाको आह्वान गर्दैछ। ११ वर्ष लामो माओवादी द्वन्द समाधान गर्न, २०६२-६३ को जनआन्दोलनको सफलताको आधार निर्माण गर्न र लामो बहस र संवादबाट सबै राजनीतिक विचार र दर्शनको साझा अभिव्यक्तिको संविधान निर्माण गर्न हामीले प्रयोग गरेको राष्ट्रिय एकता, सहमति र सहकार्यको भावना यो कम्युनिष्ट गठबन्धनले भत्काउने प्रयास गरेको छ। यो दुष्प्रयासलाई पूर्णतः पराजित नगरी देशका राष्ट्रवादी, लोकतान्त्रिक र प्रगतिशील शक्तिहरुले विश्राम लिने छैनन्।

## संवाद र सहकार्यको बाटोमा मधेश केन्द्रित दल

आन्दोलनको लामो चक्रव्यूहबाट निस्किएर संविधान संशोधनको माध्यमबाट समस्या समाधान गर्न अग्रसर भएका मधेश केन्द्रित दलको राजनीतिक निर्णयलाई नेपाली कांग्रेस प्रसंशा र स्वागत गर्न चाहन्छ । मधेशका जनताको लोकतान्त्रिक अधिकार, फराकिलो प्रतिनिधित्व, राज्यका संरचनामा सहज पहुँच, मधेशका भाषा-संस्कृतिको संरक्षण र सम्वर्द्धनसँगै मधेशमा रोजगारी र सडक, सिंचाइ, विद्युत्, शिक्षा र स्वास्थ्य क्षेत्र लगायतमा आर्थिक विकासका मुद्दालाई नेपाली कांग्रेसले मधेश-केन्द्रीत दलहरुसँगको सहकार्यमा सम्बोधन गर्नेछ। राष्ट्रियता र लोकतन्त्रको संरक्षक र पहरेदार भएर मधेशका जनताले राष्ट्रिय एकतालाई सुदृढ बनाएका छन्। अन्न भण्डार र कृषि उत्पादनको केन्द्र बनेर मधेशले राष्ट्रिय समृद्धिको आधार खडा गरेको छ। सभ्यता र सांस्कृतिक वैभवको राजधानी बनेर मधेश र मधेशी जनताले देशको इतिहास र पहिचान बनाएका छन् । अब मधेशलाई अशान्त र सामाजिक मतभेदको केन्द्र बन्न दिनु हुँदैन भन्ने संकल्पका साथ नेपाली कांग्रेस सबै मधेश-केन्द्रीत दलहरुलाई राष्ट्रिय एकता र सहमतिको साझा लोकतान्त्रिक प्रतिवद्धता र सहकार्यमा हार्दिक स्वागत गर्दछ ।

## राप्रपा (प्रजातान्त्रिक) र राप्रपा नेपालसँग विश्वसनीय सहकार्य

देशको नयाँ संविधानप्रतिको गम्भीर प्रतिबद्धता तथा लोकतन्त्रका विश्वव्यापी मूल्य-पद्धतिमाथिको विश्वास नै नेपाली कांग्रेस तथा राप्रपा (प्रजातान्त्रिक) एवं राप्रपा नेपालको सहकार्यको आधार हो । राष्ट्रियता र लोकतन्त्र, सामाजिक न्याय सहितको प्रतिस्पर्धात्मक आर्थिक ढाँचा र देशको समृद्ध सांस्कृतिक वैभव र पहिचानको संरक्षण गर्ने संवैधानिक प्रतिवद्धता पनि हाम्रो सहकार्यको आधार हो। कम्युनिष्टहरुको वर्तमान गठबन्धन चुनावमा हिंसा र बल प्रयोग गर्ने, कम्युनिष्ट वर्चस्वको संसद र सरकार बनाएर व्यापक सहमतिबाट बनेको संविधानको प्रावधानलाई एकलौटी कम्युनिष्ट ढाँचामा संशोधन गर्ने र कम्युनिष्ट पार्टीको एकदलीय शासन स्थापना गर्ने योजना र षडयन्त्रबाट निर्माण भएको छ । यो षड्यन्त्रलाई परास्त गर्दै लोकतन्त्र र आर्थिक समृद्धिको बाटोमा देशलाई डोऱ्याउने उद्देश्य सहित राप्रपा (प्रजातान्त्रिक) र राप्रपा नेपालसंग साझा प्रतिबद्धता र सहकार्यमा नेपाली कांग्रेस क्रियाशील भएको छ।

**राष्ट्रिय राजनीतिमा पुनः उठ्न थालेको अतिवादी र एकदलीय कम्युनिष्ट वर्चस्वको शासनको सोच र प्रवृत्ति राष्ट्र र लोकतन्त्रका लागि जोखिमपूर्ण छ। नेपाली कांग्रेस सबै राजनीतिक दलसँग निरन्तर संवादमा बसेर देशलाई सहमति, सहकार्य, एकता र मेलमिलापको बाटोमा हिंडाउन संकल्पवद्ध छ। अब राजनीतिक दलहरुले सत्ताको निम्ति मात्र दलीय प्रतिस्पर्धा गर्नुको साटो लोकतन्त्र र आर्थिक समृद्धिको मुद्दालाई केन्द्रभागमा राखेर राजनीतिक सहकार्य गर्ने तत्परता देखाउन जरुरी छ। लोकतन्त्रले प्रदान गरेको उर्जा र सिङ्गो देशको सामर्थ्य र साधन-स्रोतलाई आर्थिक समृद्धिको एजेण्डामा केन्द्रित गर्नुपर्छ भन्ने नेपाली कांग्रेसको निष्कर्ष छ।**

## १.५ राष्ट्रिय पुर्नजागरणको नयाँ युग प्रारम्भ

**सात दशकसम्म लोकतन्त्र र लोकतन्त्र पुनर्स्थापनाको पक्षमा निरन्तर संघर्ष गर्ने नेपाली जनताको जस्तो गौरवपूर्ण र दुर्लभ इतिहास संसारमा अन्यत्र भेटिदैन। नेपाल यसै पनि सधै स्वतन्त्र र स्वाधीन राष्ट्रका रुपमा रहिआएको ऐतिहासिक सत्यका कारण विख्यात छ। आफ्नो दुबै छिमेकी देशहरु भारत र चीन औपनिवेशिक दासताको जंजीरमा बाँधिए पनि नेपालले आफ्नो स्वतन्त्रता र स्वाधीनता निरन्तर अक्षुण्ण राख्दै आएको सर्वविदितै छ। यो गौरवपूर्ण ऐतिहासिक राष्ट्रिय पहिचानलाई अझ संरक्षण गर्दै नेपाली कांग्रेस नेपालमा राष्ट्रिय पुनर्जागरणको नयाँ युग प्रारम्भ गर्ने घोषणा गर्दछ।**

(१) **समावेशी लोकतन्त्र र मानव अधिकार :** लोकतन्त्र र मानव अधिकार तथा सुदृढ राष्ट्रियताप्रति नेपाली जनताको समर्पण हाम्रो राष्ट्रिय पुनर्जागरणको बलियो जग हुनेछ। नेपालको विविधतालाई आत्मसात गर्दै हाम्रो लोकतान्त्रिक संरचना संघीयता र समावेशितालाई स्वीकार गर्दै अझै फराकिलो र जनप्रिय भएको छ। नेपाली कांग्रेस नेपालको ऐतिहासिक र सांस्कृतिक पहिचानलाई लोकतन्त्रका माध्यमबाट अझ सुदृढ र परिष्कृत गर्दै विश्वका सामु नेपालको सम्मानपूर्ण छवि प्रस्तुत गर्ने संकल्प व्यक्त गर्दछ।

(२) **आर्थिक समृद्धिको अभियान :** संघीय समावेशी लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जनताको राजनीतिक स्वतन्त्रता र लोकतान्त्रिक अधिकार संरक्षण गर्ने दस्तावेज मात्र होइन–नेपाल र नेपाली जनताका लागि समृद्ध, आधुनिक र न्यायपूर्ण समाज निर्माण गर्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानी प्रवर्द्धन र संरक्षण गर्दै तीव्र आर्थिक विकासको बाटोमा डोऱ्याउने राष्ट्रिय संकल्प, नीति र कानूनको आधारभूमि पनि हो। नेपाली कांग्रेस उच्च, तीव्र र दिगो आर्थिक विकासको माध्यमबाट राष्ट्रिय पुनर्जागरणको अभियानलाई गति प्रदान गर्ने संकल्प व्यक्त गर्दछ।

राष्ट्रिय पुनर्जागरणको यो संकल्पले आगामी पाँच वर्षभित्र औद्योगिक लगानी र उत्पादनमा व्यापक विस्तार गर्दै नेपाललाई प्रमुख खाद्यान्न, फलफूल, तरकारी, दुग्ध उत्पादन, अण्डा र मासु उत्पादन, जलविद्युत्, उर्जा, वन सम्पदामा आधारित प्रमुख वस्तुहरुमा आत्मनिर्भर बनाउनेछ तथा तुलनात्मक लाभ भएका र उच्च मूल्य भएका नेपाली वस्तुहरुको निर्यात व्यापार समेत व्यापक रुपमा विस्तारित हुनेछ।

(३) **आध्यात्मिक-सांस्कृतिक वैभव :** नेपाल आध्यात्मिक-सांस्कृतिक वैभवको अन्तर्राष्ट्रिय केन्द्र र नेतृत्व प्रदान गर्न सक्ने गुरु राष्ट्र हो। हजारौं वर्षदेखि हिमालयको काखमा बसेको नेपालले सनातन वैदिक संस्कृति र सभ्यताको संरक्षण र पोषण गर्दै आएको छ - जुन संस्कृतिले वहुसंख्यक हिन्दुहरुको आध्यात्मिक उर्जालाई मात्र होइन परिवार र समाजको सम्वन्ध र दैनिकीलाई पनि मार्ग दर्शन गर्ने गरेको छ। नेपाल

वुद्धको जन्मभूमि हो। यो सत्य नै हाम्रो राष्ट्रिय गौरव र पहिचान स्थापित गर्ने सुदृढ आधार हो। संसारभरीका लाखौ बौद्धमार्गीहरु शान्तिदूत गौतम बुद्ध, पवित्र लुम्बिनी तथा सानो एवं सुन्दर नेपालको आकर्षणमा प्रार्थनारत छन् र प्रेरणा पाउने गर्छन। नेपाल हजारौ वर्षदेखि किरात धर्म र प्राकृत धर्म मान्नेहरुको ऐतिहासिक कर्मभूमि हो, जसले प्रकृति र भूमिको पूजा अर्चना मात्र होइन प्राकृतिक सम्पदाको संरक्षण र प्रकृतिमैत्री बन्ने चेतना पनि संरक्षण गर्दै आएको छ। जलवायु परिवर्तनको विश्वव्यापी पीडा र प्रभावबाट आत्तिएको आधुनिक विश्वका लागि प्रकृति पूजा र संरक्षणको यो आध्यात्मिक-सांस्कृतिक परम्परा एउटा उदाहरण वन्न सक्छ।

हिन्दु, बौद्ध, किरात र प्राकृत धर्म-संस्कृति र सभ्यताको उद्‌गमस्थल नेपाल धार्मिक सहिष्णुताको अनुपम उदाहरण पनि हो। हिन्दु, वौद्ध, किरात र प्राकृत धर्मसंगै अन्य अल्पसंख्यक मुस्लिम, क्रिश्चियन, शिख, जैन, बोन र वहाइ लगायतका धार्मिक समुदायका आस्थाहरुको बीच पारस्परिक सहिष्णुता, सांस्कृतिक विविधताका बीच सहअस्तित्व, एकता र पारस्परिक प्रेरणा नेपालमा जस्तो अन्यत्र कहीँ छैन। हाम्रा यिनै आध्यात्मिक-सांस्कृतिक वैभवप्रतिको विश्वको वढ्दो आकर्षण र प्रेरणालाई नेपाली कांग्रेसले राष्ट्रिय पुनर्जागरणको सबल माध्यम बनाउनेछ।

(४) **युवा जनशक्ति र आधुनिक नेपाल :** नेपालको जनसंख्याको ठूलो हिस्सा १८ देखि ४० वर्ष उमेर समुहको छ। यस अर्थमा नेपाल युवाहरुको देश हो। नेपाली जनता अभावका बीचमा पनि हँसिला, मैत्रीपूर्ण, मेहनती, इमान्दार र नयाँ परिस्थिति, विचार र प्रविधिलाई सहजै ग्रहण गर्न सक्ने आँटिला छन्। अन्धविश्वास र रुढीवादिताबाट मुक्त, आधुनिक र वैज्ञानिक सोच भएको नेपाल निर्माण गर्ने अभियानमा नेपाली युवाको यो चरित्र राष्ट्रका लागि ठूलो सम्पदा वन्न सक्छ। नयाँ काम गर्ने जाँगर, नयाँ प्रविधि सिक्ने उत्साह, जोखिम मोल्ने साहस र इमान्दारिताको यो युवा जनशक्तिलाई उपयोग गर्दै नेपाली कांग्रेस राष्ट्रिय पुर्नजागरणको नयाँ युग निर्माण गर्ने घोषणा गर्दछ।

(५) **जल, जडीबुटी र जैविक विविधता :** यो सांस्कृतिक पहिचानसंगै नेपाल हिमालयको समृद्ध पर्यावरण र सम्पदाका कारण पनि संसारभरिको आकर्षणको केन्द्र बन्ने क्षमता राख्दछ। नेपालको वन सम्पदा र जडीवुटी आर्युर्वेदका निम्ति मात्र होइन आधुनिक चिकित्साको विविध औषधीको स्रोत पनि हो। नेपाली कांग्रेस यी बहुमूल्य जडीबुटीको उपयोग बढाउँदै आर्युर्वेद र प्राकृतिक चिकित्सा पद्धतिको अध्ययन, अनुसन्धान र प्रयोगलाई राष्ट्रिय पुनर्जागरण र पहिचानको माध्यम बनाउने संकल्प व्यक्त गर्दछ।

नेपालका नदीनालाहरु नवीकरणीय ऊर्जाका अनन्त स्रोत हुन्। यिनको चाँडो उपयोगद्वारा पुनर्जागरणको युग चाँडो प्रारम्भ हुन सक्छ। नदीनाला जलविद्युत्

ऊर्जाका स्रोत मात्र होइनन् हाम्रो सांस्कृतिक सम्पदाका र सभ्यताका मुहान पनि हुन् । त्यसैले पवित्र नदीहरु लगायत तालतलैयाको संरक्षण, तथा वन सम्पदा र जैविक विविधताको विवेकपूर्ण उपयोग र संरक्षण हाम्रो राष्ट्रिय पुनर्जागरणको आधार बन्नेछ ।

(६) **पर्यटनको माध्यमबाट अन्तर्राष्ट्रिय परिचय :** हाम्रो यही जैविक विविधता, प्राकृतिक सौन्दर्य तथा मैत्रीपूर्ण व्यवहारले संसारभरिका पर्यटकहरुलाई आकर्षित गरिरहेको छ। नेपालको पर्यटन क्षेत्रको तीव्र विकासद्वारा नेपाल समृद्धि र अन्तर्राष्ट्रिय पहिचानको बाटोमा अघि बढ्नेछ र राष्ट्रिय पुनर्जागरणको अभियानले तीव्रता पाउनेछ । आगामी दश वर्षमा ३२ लाख पर्यटकलाई आकर्षण गर्ने तथा लाखौं रोजगारीका अवसर सिर्जना गर्न सक्ने गरी पर्यटन क्षेत्र नेपालको समृद्धि र पहिचानको बलियो आधार बन्नेछ ।

(७) **छिमेकी मुलुकसंग सम्मानजनक सम्बन्ध र सहकार्य :** नेपालका दुई विशाल छिमेकी भारत र चीन हाम्रो राष्ट्रिय पुनर्जागरण र नयाँ अन्तर्राष्ट्रिय पहिचानका लागि बाधक होइन भरपर्दो मित्र र सहयोगी हुन सक्छन् । हाम्रो विवेकपूर्ण राष्ट्रिय व्यवहार र परराष्ट्र सम्बन्धका माध्यमबाट हामी दुबै छिमेकी मुलुकसंग स्वाधीन र स्वतन्त्र राष्ट्रको पहिचान बोकेर सम्मानपूर्ण सहकार्य गर्दै आर्थिक विकासको साझा गन्तव्यमा सहयात्री हुन सक्छौ । दुबै मुलुकसंगको मैत्रीपूर्ण र सम्मानजनक सम्बन्ध, लगानी र व्यापारमा विस्तार, उर्जा, पर्यटन, यातायात र संचारको बाधारहित संजालका माध्यमबाट नेपालको समृद्धि र पुनर्जागरणको युग प्रारम्भ गराउन नेपाली कांग्रेस संकल्प गर्दछ ।

खण्ड २

# ऐतिहासिक विरासत र उपलब्धि

## २.१ नेपाली कांग्रेस : राष्ट्रियता र लोकतान्त्रिक आन्दोलनको संवाहक

**आदरणीय दिदीबहिनी-दाजुभाइहरु,**
नेपाली कांग्रेस लामो लोकतान्त्रिक आन्दोलनको निरन्तर नेतृत्व गर्ने तथा राष्ट्र र जनता माथि आइपरेका हरेक संकट समाधान गर्ने ऐतिहासिक पार्टी हो । नेपाली कांग्रेसले नै राष्ट्रिय एकता र राष्ट्रियताको भावनालाई सुदृढ बनाउँदै नेपाली समाजलाई सामन्ती सोच, संस्कार र शासनबाट मुक्त गर्दै व्यापक नागरिक चेतना, अधिकार र आर्थिक विकासको आधुनिक युगतर्फ उन्मुख गराएको हो ।

नेपाली कांग्रेसले २००३ सालदेखि जनताको शान्तिपूर्ण लोकतान्त्रिक आन्दोलनको नेतृत्व गर्दै आएको छ । जहानियाँ राणा शासनका विरुद्ध २००७ सालमा जनक्रान्तिको आह्वान गर्दै नेपाली कांग्रेसले लोकतन्त्र र जनताको मतबाट मात्र शासन गर्न पाउने पद्धतिको स्थापना गऱ्यो ।

२०१७ सालमा राजाबाट कपटपूर्वक लोकतन्त्र र जनअधिकार अपहरण गरिएपछि ३० वर्षसम्म निरन्तर संघर्ष गरेको नेपाली कांग्रेसको आह्वान र नेतृत्वमा २०४६ सालको ऐतिहासिक जनआन्दोलन सफल भयो ।

लामो संघर्ष र वलिदानबाट प्राप्त भएका जनताका अधिकार र आवाज २०५२ देखि प्रारम्भ भएको माओवादी द्वन्द्व र हत्या-हिंसाको प्रकोपमा ११ वर्षसम्म निरन्तर निस्तेज बन्दै र खोसिदै गए । माओवादी द्वन्द्वको उत्कर्षकै बेला फेरि एकपटक राजाद्वारा २०५९ सालमा लोकतन्त्र र जनताका अधिकार अपहरित भए । लोकतन्त्र र राष्ट्रमाथि आइपरेको यो दोहोरो संकटबाट नेपाली कांग्रेसले नै देश र जनतालाई मुक्ति दिलायो । २०६२/६३ को अभूतपूर्व लोकतान्त्रिक आन्दोलनको नेतृत्व गर्दै राजतन्त्रको स्वेच्छाचारी युग समाप्त पारी नेपाली कांग्रेसले नै माओवादी हिंसा र हतियार बिसाउन लगाएर दिगो शान्ति र संघीय समावेशी लोकतान्त्रिक गणतन्त्र नेपालको आधारशिला राख्यो ।

२०६४ सालमा संविधानसभाको निर्वाचन गर्न थुप्रै बाधा र आन्दोलनको संकटपूर्ण परिस्थितिको सिर्जना भयो । तर सबै आन्दोलन र अवरोधलाई शान्तिपूर्ण सहमतिमा टुंग्याएर नेपाली कांग्रेसकै नेतृत्वमा संविधानसभाको निर्वाचन सम्भव हुन सक्यो । यो अवधिमा मधेशको आन्दोलन, आदिवासी जनजातिको पहिचानको आन्दोलन, महिला,

दलित, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक समुदाय एवं कर्णाली र दुर्गम क्षेत्रका जनताको उचित प्रतिनिधित्व र अधिकारको आन्दोलनको शान्तिपूर्ण निकास नेपाली कांग्रेसकै नेतृत्वमा संभव हुन सक्यो ।

पहिलो संविधानसभाको ४ वर्षसम्म वामपन्थी नेतृत्वमा ४ वटा सरकारको गठन र विघटन भयो । तर देशले संविधान पाउन सकेन, उल्टै देश वामपन्थी अतिवादी निर्णयका कारण गम्भीर संवैधानिक संकटमा फस्न गयो । दोस्रो संविधानसभाको माध्यमबाट नेपाली कांग्रेसले पुनः एक पटक संविधानसभाबाट संविधान जारी गर्ने अभियानको नेतृत्व गर्‍यो । नेपाली कांग्रेसको दृढ संकल्प तथा सहमति-सहकार्य-एकता र मेलमिलापको राजनैतिक संस्कारका कारण १ वर्ष १० महिना भित्र मुलुकले संविधानसभाबाट ऐतिहासिक संविधान प्राप्त गर्न सक्यो ।

संविधानसभाबाट संविधान जारी हुनु भन्दा अघि र पछि देश एकपटक पुनः मधेश र आदिवासी जनजाति आन्दोलनका कारण असहज अवस्थामा पुगेको थियो । विनाशकारी भुकम्पले अस्तव्यस्त भएको जन-जीवन सम्हालिन नपाउँदै नेपालको दक्षिणी सीमा क्षेत्रमा भएको नाकाबन्दी र आन्दोलनबाट नेपाली जनता आक्रान्त भएका थिए । नाकाबन्दी र महाभूकम्पको दोहोरो संकटको घडीमा पनि नेपाली कांग्रेसले आन्दोलनरत पक्षसँग निरन्तर संवाद गर्दै भूकम्प-पीडित जनताका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सहयोग परिचालन गर्‍यो तथा सीमा क्षेत्रमा जारी अमानवीय नाकावन्दीको स्थिति समाप्त पार्न छिमेकी भारतसँग निरन्तर संवाद र अन्तर्राष्ट्रिय जगतको ध्यानाकर्षण गराउने अभियानको नेतृत्व गर्‍यो ।

संविधानसँग सम्बन्धित असन्तोषलाई संवादद्वारा सहमतिमा पुगी संशोधनको बाटोबाट समाधान गर्न सकिन्छ भन्ने विश्वासका साथ नेपाली कांग्रेसले नै संविधान संशोधनको लोकतान्त्रिक प्रकियाको नेतृत्व गर्‍यो । फलस्वरुप संविधानको पहिलो संशोधनद्वारा समानुपातिक समावेशी प्रतिनिधित्वको मुद्दा मौलिक अधिकारको अंग बन्न गयो तथा भूगोलसँगै जनसंख्या समेत प्रतिनिधित्वको प्रमुख आधार हुने गरी नयाँ संविधान परिष्कृत भयो । यो संशोधनपछि मधेश र अन्य आन्दोलन समेत शान्तिपूर्ण संवादको बाटोमा फर्किन र विश्वस्त हुन सके तथा देशमा जारी अमानवीय नाकावन्दी समेत तोडियो ।

यो निर्वाचनसम्म आइपुग्दा नेपाली कांग्रेसले पार्टी सभापति श्री शेरबहादुर देउवाको नेतृत्वमा संविधान संशोधनको माध्यमबाट मधेश र आदिवासी जनजाति आन्दोलनका मांग र असन्तोष सम्बोधन गर्न सकिन्छ भन्ने लोकतान्त्रिक प्रकिया र विधि माथि देश र आन्दोलनरत पक्षलाई विश्वस्त पार्न सकेको छ । तीन चरणमा हालै सम्पन्न स्थानीय निर्वाचनको सफलताले यस मान्यतालाई पूर्ण रुपले समर्थन र अनुमोदन गरेको छ ।

हिमाल, पहाड र तराई-मधेशका जनताका बीच व्यापक समझदारी र एकताको भावना निरन्तर बलियो बनाई राख्ने नेपाली कांग्रेसको यो लोकतान्त्रिक प्रक्रिया र प्रयासले राष्ट्रलाई गम्भीर संकटबाट पार लगाएको छ तथा राष्ट्रियता र लोकतन्त्र बलियो बनाउने दोहोरो जिम्मेवारीको पनि सफलतापूर्वक निर्वाह भएको छ । यिनै ऐतिहासिक जिम्मेवारी निर्वाह गर्दै आएका कारण नेपाली कांग्रेस देशको सबैभन्दा जेठो, भरपर्दो, राष्ट्रियता र लोकतान्त्रिक आन्दोलनको नेतृत्वकर्ता र हरेक संकटबाट राष्ट्रलाई जोगाउने पार्टीका रुपमा स्थापित भएको छ ।

## २.२ नेपाली कांग्रेस : सामाजिक परिवर्तनको प्रेरक

नेपाली कांग्रेस आफ्नो स्थापनाकालदेखि राजनीतिक परिवर्तनको संवाहक मात्र नभएर सामाजिक सांस्कृतिक परिवर्तनको पनि अग्रणी बन्दै आएको छ । सामाजिक विभेदको अन्त्यको शंखघोष नेपाली कांग्रेसले नै शुरु गरेको हो । दलितहरुप्रति हुने अमानवीय विभेद र छुवाछुत, महिला विरुद्ध हुने हिंसा र विभेदका व्यवहार, गरिब र असहायप्रतिको अपहेलना तथा धर्म, जात-जाति र सम्पत्तिका आधारमा सिर्जित सामाजिक असमानताहरुको अन्त्यका लागि नेपाली कांग्रेसले चलाएका आन्दोलनहरु ऐतिहासिक प्रमाणका रुपमा रहेका छन् । नेपाली कांग्रेस अन्धविश्वास, रुढीवादिता, छुवाछुत र भेदभावरहित समाज निर्माण गर्ने राष्ट्रिय अभियानको नेतृत्वदायी पार्टी हो । यसका साथै आधुनिक र वैज्ञानिक सोच भएको देशको चिनारी संसारभरी स्थापित गर्ने सबैभन्दा भरपर्दो परिवर्तनकारी शक्ति पनि हो ।

### २.२.१ समावेशीकरण र सशक्तीकरण

नेपाली कांग्रेस राज्यका अंग र संयन्त्रहरुमा सामाजिक दृष्टिकोणले पछाडि परेका वर्ग र क्षेत्रको प्रतिनिधित्व र पहुँचका लागि आरक्षण र सकारात्मक विभेदको नीतिको पक्षमा छ। समावेशिताको मुद्दालाई संस्थागत तवरले बल पुऱ्याउन नेपाली कांग्रेसकै नेतृत्वमा पहिलो पटक देशमा राष्ट्रिय महिला आयोग, दलित आयोग तथा आदिवासी जनजाति प्रतिष्ठान जस्ता संस्थागत संरचनाको निर्माण भयो । कांग्रेसकै नेतृत्वको सरकारको पालामा राष्ट्रिय प्रसारण माध्यमबाट नेपाली बाहेक अन्य स्थानीय भाषामा समाचार र अन्य सूचनामूलक सामग्रीको प्रसारण प्रारम्भ भयो। सामाजिक-सांस्कृतिक परिवर्तनका आफ्ना यी अग्रसरतालाई थप बल पुऱ्याउन र महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक समुदाय र दुर्गम क्षेत्रका जनताको प्रतिनिधित्व र पहुँचको नयाँ संवैधानिक व्यवस्थालाई दृढताका साथ कार्यान्वयन गर्ने नेपाली कांग्रेस प्रतिबद्ध छ।

नेपाली कांग्रेस विगतदेखि प्रारम्भ भएका लोकतान्त्रिक र सामाजिक रुपान्तरणका कार्यक्रमहरुलाई निरन्तरता दिँदै थप नयाँ सामाजिक नीति र कार्यक्रम कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दछ। बदलिँदो राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक

सन्दर्भमा अबको सामाजिक नीति र कार्यक्रमको उद्देश्य सबै क्षेत्र, वर्ग, धर्म, लिंग, जात-जातिका विपन्न, बहिष्कृत, सीमान्तीकृत समुदायहरुको क्षमता विकासमा सघाउ पुऱ्याउने एवं राज्यका स्रोत, साधन र अवसरमा तिनको पहुँच अभिबृद्धि गर्ने दिशातर्फ लक्षित हुनु पर्दछ भन्ने हाम्रो अठोट रहेको छ।

## २.२.२ न्यायपूर्ण समाज स्थापना

विश्वव्यापीकरण र आधुनिकीकरणका प्रकृयाहरुले समाजको विकास र रुपान्तरण मात्र गरेको नभै समाजमा समस्याहरु पनि सिर्जना गरेका छन् । गरिबी, जातीय र वर्गीय विभेद जस्ता परम्परागत समस्याका अतिरिक्त बसाइ सराइ, अनियोजित शहरीकरण, जनसंख्या बृद्धि, जलवायु परिवर्तन र पर्यावरणको असन्तुलन जस्ता समस्या नेपाली समाजमा देखिन थालेका छन्। यी प्रवृत्तिले गर्दा समाजमा नयाँ स्वरुपका असमानताहरु उब्जिएका छन्। फरक स्वरुप र प्रकृतिका यी नयाँ सामाजिक असमानताहरुको अन्त्य गर्ने दिशातर्फ पनि नेपाली कांग्रेस गम्भीर रहेको छ।

नेपाली कांग्रेसले नीतिगत रुपमा नै महिला विरुद्ध हुने सबै प्रकारका शोषण र घरेलु हिंसामा दोषी देखिएका व्यक्ति नेपाली कांग्रेसको क्रियाशील सदस्य वन्न र रहन नसक्ने व्यवस्था गरेको छ। त्यसैगरी दलितका सन्दर्भमा पनि उनीहरुसँग छुवाछुतको व्यवहार गर्ने व्यक्ति नेपाली कांग्रेसको क्रियाशील सदस्य बन्न र रहन नसक्ने नीतिगत व्यवस्था गरिएको छ । कानूनले समेत विभेदका यस्ता व्यवहार दण्डनीय बनाएको छ । तर कानूनी उपचारले मात्र होइन, यस्ता अमानवीय व्यवहारका विरुद्ध व्यापक सामाजिक अभियान चलाउन अनिवार्य भएको नेपाली कांग्रेसको ठहर छ।

समावेशी र सशक्त नेतृत्व विकासको एजेण्डा राज्य संरचनासँगै पार्टीको संरचनामा पनि प्रभावकारी बनाउँदा मात्र सशक्तीकरणको अभियानले व्यापक सामाजिक र राजनीतिक आधार पाउँछ। यो धारणाप्रति प्रतिवद्ध भएकै कारण नेपाली कांग्रेसको नेतृत्व संरचना र पार्टी प्रतिनिधित्व ऐतिहासिक रुपले समावेशी रहदै आएको छ। समावेशी प्रतिनिधित्व र नेतृत्व विकासको दायरा तल्लो तहदेखि केन्द्रसम्म संस्थागत गर्न नेपाली कांग्रेसले आफ्नो पार्टी संरचनामा बाह्रौ महाधिवेशनदेखि नै गाउँतहदेखि केन्द्रसम्म विभिन्न जाति, वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि विधानमै आरक्षणको व्यवस्था गरेको छ।

नेपालमा अझै उचित व्यवस्थापन हुन नसकेका वादी, मुक्त कमलरी, मुक्त कमैया, चेपाङ, राउटे तथा गन्धर्व समुदाय लक्षित रोजगारीका कार्यक्रमहरुलाई उनीहरुका परम्परागत पेशा र मौलिक पहिचानसँग प्रतिकूल नहुने गरी संचालन गर्नु पर्दछ भन्ने नेपाली कांग्रेसको दृष्टिकोण रहेको छ।

### २.२.३ मर्यादित रोजगारी, सामाजिक सुरक्षा र समृद्ध परिवार निर्माण

मुलुकमा बेरोजगारीको समस्या कहालीलाग्दो अवस्थामा रहेको छ। विगत दश वर्षमा दशौं लाख नेपाली युवा कामको खोजिमा विदेशिएका छन्। यो बैदेशिक रोजगारीले जीवन निर्वाहका लागि केही अवसर प्रदान गरे पनि बढ्दो परनिर्भरता, पारिवारिक द्वेष र सामाजिक वेथिति लगायतका घटनाहरु पछिल्लो समय ह्वात्तै बढेका छन्। त्यसैले आन्तरिक रोजगारी प्रवर्द्धन र वैदेशिक रोजगारी व्यवस्थापनमा सरकारले गम्भीर पहल गर्नुपर्ने अवस्था आएको नेपाली कांग्रेसको निश्कर्ष छ।

कृषि, पर्यटन र सम्पदा संरक्षण, उद्योग, सहकारी, प्रविधि जस्ता क्षेत्रका उद्यमीलाई नीतिगत प्रोत्साहन सँगै निश्चित मात्राको अनुदान उपलब्ध गराई लगानी वृद्धि गरी गाउँमा रहेका युवाहरुलाई स्थानीय तहमा रोजगारी सिर्जना गरी उत्पादनमूलक कार्यमा संलग्न गराउन स्थानीय सरकारलाई प्रोत्साहित गरिनेछ।

रोजगारी प्रवर्द्धनका निम्ति प्राविधिक शिक्षा र सीप विकासको व्यापक अवसर स्थानीय सरकारले सिर्जना गर्न आवश्यक सहयोग पुऱ्याइनेछ। उपयुक्त रोजगारी उपलब्ध नुहँदासम्म सामुदायिक सेवा र विकास कार्यमा संलग्न गराई बेराजगार भत्ता उपलब्ध गराइनेछ।

आयमूलक कार्यमा संलग्न हुन असमर्थ जेष्ठ नागरिक, एकल र अशक्त महिला, अपाङ्गता भएका व्यक्ति, असहाय र बालबालिकाहरुलाई सामाजिक सुरक्षाको व्यवस्था गर्न नेपाली कांग्रेस प्रतिबद्ध रहेको छ।

आज हामी सूचना र प्रविधिको युगमा छौं। बदलिँदो विश्व परिवेशमा नेपाली घर र परिवारको स्वरुप पनि बदलिदै गएका छन। परिवार राज्यले ध्यान दिनुपर्ने सबै भन्दा तल्लो तहको सामाजिक इकाई  हो। शान्त र समृद्ध परिवार निर्माण गर्ने अभियानलाई स्थानीय सरकारले दृढतापूर्वक बल प्रदान गर्नेछ। शिक्षित र सुसूचित परिवार बनाउने महत्वपूर्ण आधार शिक्षा, सूचना प्रविधिमा पहुँच र रोजगारीको सुनिश्चितता पनि हो। त्यसैले बदलिँदो परिवेशमा अब–एक परिवार-एक रोजगार,  युवाको लक्ष्य -सीप र दक्ष जस्ता नीति र कार्यक्रमलाई अभियानको रुपमा नेपाली कांग्रेसले स्थानीय सरकारका माध्यमबाट संचालन गर्नेछ। यसले स्थानीय तहदेखि नै नेपाली युवालाई आत्मनिर्भर र हाम्रो समाजलाई आधुनिक र प्रविधियुक्त विश्व प्रणालीमा आबद्ध गर्नेछ।

## २.३ नेपाली कांग्रेस : लोकतान्त्रिक समाजवाद र आर्थिक विकासको अभियन्ता

वि.सं. २०१५ सालमा निर्वाचित बीपी कोइराला नेतृत्वको नेपाली कांग्रेसको सरकारले सामन्ती अर्थव्यवस्थाका संरचनालाई समाप्त पार्ने क्रान्तिकारी कामको प्रारम्भ गरेको थियो। जमिन्दारी र विर्ता प्रथाको उन्मूलन, वन-जंगलको राष्ट्रियकरण, मोहीको हक र

भूमि व्यवस्थामा सुधार जस्ता कार्यले आर्थिक विकास र आधुनिकताको जग बसालेको थियो । नेपालमा व्यापक औधोगिकीकरण, सिंचाइ र हवाई पर्यटनका प्रारम्भिक पहलहरु यही सरकारले लिएको हो । नेपालको पहिलो विश्वविद्यालय र पूर्व-पश्चिम लोकमार्गको थालनी संगसंगै सहकारी आन्दोलन र स्वतन्त्र परराष्ट्र नीतिको अगुवाइ पनि बी.पी.को सरकारले गरेको हो ।

वि.सं. २०४६ को राजनीतिक परिवर्तनपछि बनेको नेपाली कांग्रेसको सरकारले आर्थिक क्षेत्रमा यस्तै साहसिक र दूरगामी असर पार्ने क्रान्तिकारी काम प्रारम्भ गऱ्यो । यो सरकारले अर्थतन्त्रमा व्यापक संरचनात्मक सुधार गऱ्यो र आधुनिक अर्थतन्त्रको जग बसाल्यो । विकास निर्माणको अभियान गाउँ-गाउँसम्म पुऱ्यायो । यही कारणले गर्दा, हिंसात्मक द्वन्द र राजनीतिक अस्थिरताका बीच पनि यस अवधिमा आर्थिक तथा सामाजिक क्षेत्रमा अभूतपूर्व उपलब्धिहरु हासिल भए । लामो समय हिंसात्मक द्वन्द्व भोगेका संसारका कतिपय मुलुकहरु टाट पल्टेको अवस्थामा छन् । तर बाह्र बर्ष लामो हिंसात्मक द्वन्द्व र त्यसपछि पनि निरन्तर राजनीतिक अस्थिरताको चपेटामा पर्दा समेत नेपालले संयुक्त राष्ट्र संघले निर्धारण गरेका अधिकांश सहस्राब्दी विकास लक्ष्यहरु पूरा गरेको छ । यसको श्रेय नेपाली कांग्रेस र उसले प्रारम्भ गरेको आर्थिक र विकास नीतिले पाएको छ । हिंसात्मक द्वन्द्व र राजनीतिक अस्थिरतामा अल्झिनु नपरेको भए नेपाली जनताका विकास निर्माण र समृद्ध जीवनका अझ धेरै आकांक्षाहरु पूरा गर्न सकिने थियो भन्ने कांग्रेसको ठहर छ ।

### २.३.१ व्यापक नीतिगत सुधारको प्रारम्भ

जर्जर र संकुचित अवस्थामा रहेको पञ्चायतकालीन राज्यकेन्द्रित अर्थ व्यवस्थालाई नेपाली कांग्रेसले उदार आर्थिक नीति अनुरुप प्रतिस्पर्धात्मक, आधुनिक र सामाजिक न्याय-उन्मुख गरायो । निजी क्षेत्रको भूमिका, बजार संयन्त्र र लगानीमैत्री नीति सम्मिलित यो फरक आर्थिक दर्शन साँघुरो अर्थमा निजी क्षेत्रतर्फ मात्र केन्द्रित थिएन । ठूलो संख्यामा जनता सक्रिय हुने गैर-सरकारी संस्था, सहकारी, स्थानीय तह र सामुदायिक क्षेत्रलाई समेत यसले आर्थिक तथा सामाजिक विकासका गतिविधिहरुमा प्रोत्साहित गऱ्यो । अर्थतन्त्रको खुलापन र प्रतिस्पर्धात्मक रुपले सम्पूर्ण क्षेत्रको साधन, स्रोत, सीप, क्षमता तथा सिर्जनात्मक शक्तिलाई समेत सदुपयोग गर्ने नीति लियो । उद्योग, व्यापार, पर्यटन, विदेशी विनिमय, बैंकिङ, पुँजी बजार, कर-राजस्व, उर्जा-जलविद्युत्, संचार, हवाइ यातायात लगायत अर्थतन्त्रका हरेक क्षेत्रमा खुला आर्थिक नीति अपनाई स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने नीति प्रारम्भ भयो । यसले गर्दा अर्थतन्त्रको व्यापक विस्तार हुन सक्यो ।

कांग्रेसको सरकारको पालामा वैज्ञानिक कर प्रणाली मूल्य अभिवृद्धि कर (भ्याट) को कार्यान्वयन गरियो । आयकर ऐन तथा भन्सार ऐन र प्रशासनमा व्यापक सुधार गरियो । राजस्व क्षेत्रमा गरिएको साहसिक निर्णयका कारण सरकारको ढुकुटी बढ्यो । वि.सं.

२०४८ मा करिव १२ अर्बको हाराहारीमा रहेको राजस्व असूली यो वर्ष प्रचलित मूल्यमा करिव रु. ७०० अर्ब नाघ्ने अनुमान छ । यो स्रोतलाई भौतिक पूर्वाधारको विकास, सामाजिक क्षेत्र र ग्रामीण विकासतर्फ उन्मुख गराई विकास बजेटको ७० प्रतिशत रकम ग्रामीण क्षेत्रमा खर्च गर्ने नीति अपनाइयो ।

बी.पी. कोइरालाले भन्ने गर्नुभएको समाजवादी परिवर्तनको पहिलो गन्तव्य गाउँ, किसान र ग्रामीण अर्थतन्त्रमा व्यापक र तीव्र सुधार ल्याउनु नै थियो । माथिल्लो तहबाट आर्थिक विकासको प्रतिफल तल्लो तहमा स्वतः झर्दै जानेछ भन्ने पुरानो सिद्धान्तलाई त्यागी विकेन्द्रीकरण, सहभागितामूलक विधि तथा सामाजिक सुरक्षाका कार्यक्रममार्फत भौगोलिक हिसावले स्थानीय स्तरमा र वर्गीय हिसावले विकासको पहुँचबाहिर रहेका जनतासम्म विकासको प्रतिफल सीधै पुऱ्याउने प्रक्रियाको प्रारम्भ भयो ।

नेपाली कांग्रेसले प्रारम्भ गरेका यी नीतिगत परिवर्तनले आन्तरिक स्रोत-साधनको परिचालन र न्यायपूर्ण विनियोजनको दिशामा ठूलो परिवर्तन आयो । आन्तरिक स्रोत-साधन बढेपछि वैदेशिक सहायतामाथिको निर्भरता झण्डै ३५ प्रतिशतबाट घटेर अहिले १५ प्रतिशतभन्दा कममा आइपुगेको छ । आफ्नै साधन र स्रोतले अर्बौं रुपैयाँ लागतको माथिल्लो तामाकोशी जलविद्युत्, मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग, काठमाडौं-तराइ द्रुतमार्ग, सिक्टा सिंचाइ, राष्ट्रपति चुरे तराइ-मधेश संरक्षण कार्यक्रमजस्ता ठूला आयोजनाहरु सञ्चालन गर्नसक्ने भएका छौं ।

### २.३.२ आर्थिक सामाजिक उपलब्धिहरु

विगतमा नेपाली कांग्रेसको सरकारद्वारा आर्थिक क्षेत्रमा गरिएको सुधार, लगानीको प्राथमिकीकरण, साधन र स्रोतको अत्युत्तम प्रयोगका कारण आर्थिक-सामाजिक क्षेत्रमा उल्लेखनीय उपलब्धिहरु हासिल हुन सके । गत २५ वर्षमा गरिवीको रेखामुनि रहेको जनसंख्या आधा घटेर अहिले २१ प्रतिशतमा आइपुगेको छ । बैंक तथा वित्तीय क्षेत्र, सहकारी, विमान सेवा, सञ्चार क्षेत्रको विकासमा अभूतपूर्व सफलता मिलेको छ । ७२,००० थान मात्र फोन भएको नेपालमा आज मुलुकको जनसंख्याभन्दा पनि धेरै, अर्थात् २ करोड ८० लाख मोबाइल फोन नेपालीको हात-हातमा छ । शुद्ध खानेपानीमा पहुँच भएको जनसंख्या ३६ प्रतिशत रहेकोमा अहिले ८४ प्रतिशत पुगेको छ । करिव ७ हजार किमी मात्र सडक निर्माण भएकोमा अहिले सडक विभाग तथा स्थानीय तहको समेत हिसाव गर्दा करिव ७० हजार किमी सडक निर्माण भैसकेको छ ।

निजी क्षेत्रको ठूलो लगानीमा विश्वविद्यालय तथा विद्यालयहरु खुलेका छन् । माध्यमिक शिक्षा निःशुल्क गराउने कार्यक्रम कांग्रेसले नै घोषणा गरेको हो । मधेशी, दलित, मुस्लिम, चेपाङ, हलिया, कमैया, कमलरीलाई निःशुल्क प्राविधिक शिक्षाको व्यवस्थाका साथै छात्रालाई विद्यालय पठाउन प्रोत्साहित गर्न दिउँसोको खाजाको व्यवस्था कांग्रेसको सरकारले नै गरेको हो । यिनै कार्यक्रम र सुविधाहरु विस्तार गरिएका कारण २०४८

सालमा ३९.६ प्रतिशत रहेको नेपाली जनताको साक्षरता प्रतिशत बढेर अहिले करिब ७० प्रतिशत पुगेको छ । १५ देखि २४ उमेर समूहमा साक्षरता झण्डै ९० प्रतिशत पुगेको छ । हाम्रो सामाजिक जीवनलाई गहिरो प्रभाव पार्ने गरी उच्च शिक्षा तहमा छात्राको संख्या निरन्तर बढ्दै गई छात्र-छात्राको अनुपात बराबरी भएको छ ।

त्यस्तै स्वास्थ्य क्षेत्रमा ठूलो परिवर्तन देखिएको छ । निजीक्षेत्रको लगानीमा ठूला-ठूला अस्पतालहरु स्थापना भै अस्पताल शैय्या झण्डै ५ हजार पुगेका छन् । कुल स्वास्थ्य संस्थाहरुको संख्या साढे ४ हजार भन्दा बढी पुगेको छ भने ठूला अस्पतालहरुको संख्या पनि १२० भन्दा बढी पुगेको छ । सुविधा विस्तारसँगै बाल तथा मातृ मृत्युदरमा उल्लेख्य मात्रामा कमी आएको छ ।

प्रजातन्त्र पुनर्स्थापनापछि २०४८ सालमा कांग्रेसको सरकारले ४ हजार वटै गाविसमा प्राथमिक स्वास्थ्य चौकी र प्रत्येक निर्वाचन क्षेत्रमा स्वास्थ्य केन्द्र खोल्ने नीति र कार्यक्रम प्रारम्भ गरेको थियो । निजी तथा सरकारी लगानीका मेडिकल कलेजबाट बढ्दै गएको चिकित्सक संख्या, अस्पताल सुविधा, व्यापक रुपमा विस्तारित नर्सिङ क्याम्पसबाट स्वास्थ्यकर्मीको उत्पादन र स्वास्थ्य सुविधा विस्तारका कारण नेपाली जनताको औसत आयु बढेर ५४ बर्षबाट अहिले ७१ बर्ष पुगेको छ ।

यसरी सामाजिक क्षेत्र र विपन्न जनताप्रतिको दायित्वलाई नेपाली कांग्रेसले निरन्तर निर्वाह गर्‍यो । देशको पिछडिएको वर्ग र भू-भागका जनतालाई विकासको प्रतिफलमा सहभागी बनाई विकासको मूलधारमा ल्याउनेगरी कांग्रेसले २०४८ मा बनाएको आठौं आवधिक योजनामा कुल सरकारी खर्चमध्ये सबैभन्दा बढी रकम सामाजिक क्षेत्रमा लगानी गरी विकासको अभियान शुरु गरिएको थियो । सम्पूर्ण सार्वजनिक खर्च प्रणालीमा पुनरावलोकन गरी सरकारको लगानी पूर्वाधार विकास र सामाजिक क्षेत्रमा केन्द्रित गरिएको थियो । सामाजिक न्यायका लागि सरकारको खर्च प्रणालीमा गरिएको यही परिवर्तनले गर्दा गाउँका गरीब किसान श्रमिक र तिनका सन्तानको शिक्षा, स्वास्थ्य सेवा, शुद्ध पिउने पानी, सरसफाइ र ग्रामीण क्षेत्रको पूर्वाधार र रोजगारीमा पहुँच पुग्न सक्यो । सामाजिक क्षेत्रको विकासमा यो एउटा ठूलो फड्को नै थियो । यो नीति र कार्यक्रमको सुरुवातलाई पछिल्ला बर्षहरुमा अन्य सरकारहरुले पनि निरन्तरता दिएकाले आज सामाजिक क्षेत्रमा ठुला उपलब्धिहरु हासिल हुँदै गएका छन् ।

### २.३.३ सामाजिक सुरक्षाको कार्यक्रम

शिक्षा, स्वास्थ्य क्षेत्रका सामाजिक कार्यक्रमहरुका अतिरिक्त वृद्धवृद्धा भत्तामा वृद्धि, एकल महिला भत्ता, केटाकेटीलाई विद्यालय पठाउने महिलालाई खाजाभत्ता, पिछडिएका वर्गलाई निःशुल्क पढाइको व्यवस्था, विभिन्न घातक रोगको निःशुल्क र सहुलियतपूर्ण उपचार लगायतका जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक सुरक्षाका कार्यक्रमहरु नेपाली कांग्रेसको सरकारले कार्यान्वयनमा ल्याएको हो । सामाजिक सुरक्षामा सबै

नागरिकलाई आबद्ध गर्ने कार्यक्रम, ज्येष्ठ नागरिकहरुलाई दिइदै आएको भत्तामा दोब्बर वृद्धि, एकल महिला, अपाङ्ग, सीमान्तीकृत र पिछडिएका वर्ग, दलितलाई भत्ता तथा सुविधाको व्यवस्था, महिला साक्षरता कम भएका जिल्लाहरुमा प्राथमिक शिक्षामा प्रोत्साहन गर्न मासिक भत्ताको व्यवस्था, कर्णालीका जनताका लागि रोजगारीको व्यवस्था जस्ता प्रोत्साहन र सामाजिक न्यायका कार्यक्रम कांग्रेस सरकारमा हुँदा ल्याइएका हुन् । नेपाली कांग्रेसद्वारा गरिबी निवारणका लागि सुरु गरिएका ग्रामीण स्वावलम्वन कार्यक्रम, लघु ऋण कार्यक्रम, ग्रामीण विकास बैंक, गरिबसंग विश्वेश्वर, महिला जागृती,गरिबी निवारण कोष र युवा स्वरोजगार उदाहरणीय छन् । कांग्रेस सरकारको नेतृत्वमा पहिलो पटक स्थापना भएका महिला आयोग, दलित आयोग र आदिवासी जनजाति प्रतिष्ठानले अहिले नयाँ संवैधानिक आयोगको स्वरुप पाएका छन् ।

त्यसैगरी मुटु, मृगौला, सिकलसेल एनिमिया, क्यान्सर, पार्किन्सन, अल्जाइमर रोग लागेका वृद्ध तथा विपन्नलाई नि:शुल्क स्वास्थ्य उपचारका लागि सरकारी सहयोगको व्यवस्था कांग्रेस नेतृत्वको सरकारले गऱ्यो । मातृ स्वास्थ्यको क्षेत्रमा काम गरिरहेकाहरुको पोशाक भत्तामा वृद्धि गरियो भने सबै नगरपालिकाहरुमा १५ शैयाको अस्पताल निर्माण गर्ने घोषणा गरियो । पिछडिएका, विपन्न, दलित, लोपोन्मुख जाति र सीमान्तीकृत समुदायलाई लक्ष्यित गरी घर निर्माण गरिदिने आवास सुधार कार्यक्रमलाई थप वजेट विनियोजन समेत गरियो । शिक्षा तथा स्वास्थ्य क्षेत्रमा विस्तार गरिएका सुविधाहरु, शुद्ध खानेपानीको व्यवस्था, सडक सञ्चार जस्ता पूर्वाधारको विकास र सेवालाई गाउँ गाउँसम्म विस्तार गरिएकोले सामाजिक क्षेत्रमा यति ठूलो सुधार आएको हो । यही कारण यूएनडीपीको मानव विकास प्रतिवेदन २०१० मा शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा चामत्कारिक रुपमा प्रगति गर्ने विश्वका थोरै चुनिएका मुलुकमा नेपाल पनि समावेश भएको छ ।

कांग्रेसको सरकारले सवै नेपालीको अनिवार्य स्वास्थ्य वीमा गराउने गरी स्वास्थ्य बीमा ऐन २०७४ ल्यायो । नागरिकले उपचार खर्चको अभावले घर खेत नै बेच्नुपर्ने, बन्धक राख्नुपर्ने वा खर्च अभावका कारण उपचार नै गर्न नपाउने अवस्थाको दीर्घकालीन समाधानको आधार भनेको स्वास्थ्य बीमा हो । नेपाली कांग्रेसका तत्कालीन सभापति सुशील कोइरालाले २०७१ सालमा  राष्ट्रिय स्वास्थ्य नीति पारित गरी बीमा कार्यक्रमको पाइलटिङ प्रारम्भ गर्नु भएको थियो र भरखरै 'सवै नागरिकलाई अनिवार्य स्वास्थ्य वीमा' सम्बन्धी संसदमा पेश भएको स्वास्थ्य बीमा विधेयक पारित भएको छ । राष्ट्रसेवक कर्मचारीहरू, वैदेशिक रोजगारमा जानेहरुको परिवार र औपचारिक क्षेत्रमा कार्यरत व्यक्ति अनिवार्य बीमामा आवद्ध हुनेछन् । पूर्ण अपांगता भएका व्यक्ति, एकल महिला, ज्येष्ठ नागरिक र अनाथ बालबालिकाका लागि सरकार वा संरक्षकले प्रिमियम ब्यहोरेर बीमामा आबद्ध गराउनुपर्नेछ । गरिव, विपन्न नागरिकको बीमा प्रिमियम सरकारले ब्यहोर्नेछ ।

अब आधारभुत स्वास्थ्य सेवा पुर्णत: निशुल्क हुनेछ । बीमाको पूर्ण कार्यान्वयन नहुने वेलासम्म हाल सरकारले प्रदान गरेको आधारभूत बाहेकका निशुल्क सेवा (मुटु, मृगौला,

लगायत) पनि यथावत रहनेछन् । बीमा कार्यान्वयन भएपछि कुनै पनि नागरिक खर्च अभावका कारण उपचारवाट वञ्चित हुनुपर्ने छैन । बीमामार्फत प्रदान गरिने सेवा निजी, गैरसरकारी स्वास्थ्य संस्थावाट पनि उपलव्ध हुने हुँदा ती निकायको सेवाको गुणस्तर सुनिश्चित गर्न, गुणस्तर मापन र नियमनको लागि एउटा स्वायत्त विशेषज्ञ निकायको रुपमा गुणस्तर प्रमाणीकरण प्राधिकरण ऐन तर्जुमा गरिने भएको छ।

सवै सरकारी अस्पतालमा सामाजिक सेवा इकाइको विस्तार गरिएको छ। बाथ, मुटुरोग शल्यक्रिया र मृगौला प्रत्यारोपणलाई निशुल्क गराइएको छ । डायलेसिस सेवालाई सम्पूर्ण रुपमा निशुल्क  गरिएको छ। यसलाई क्रमश स्थानीय तहसम्म विस्तार गर्दै लगिने छ । ८ कडा रोगहरूलाई उपचार सहायता उपलब्ध गराउदै आएकोमा त्यो सूचीमा थप रोगहरू समावेश गरी १२ बनाइएको छ।

रोग नै लाग्न नदिन स्वास्थ्य चौकी र जनता स्वास्थ्य केन्द्र सम्म मृगौला, मुटु र क्यान्सर रोगको प्रारम्भिक परीक्षण र  स्वस्थ जीबनशैली अपनाउन परामर्श सेवा संचालन कार्य प्रारम्भ गरिएको

छ। नवजात शिशुको उपचार र महिलाको पाठेघरको मुखको क्यान्सर परीक्षण लाई देशभरि नै निशुल्क गरिएको छ । अब पैसा नभएर कुनै पनि नागरिक उपचारवाट बञ्चित हुने अवस्था आउन नदिन नेपाली कांग्रेस प्रतिबद्ध भएको छ।

### २.३.४ किसानलाई राहत

कृषिको व्यावसायिक विकास र किसानलाई प्रत्यक्ष राहतका लागि कांग्रेस सरकारमा हुँदा थुप्रै अनुदान तथा सहुलियतहरुको घोषणा गरियो । कृषिमा प्रविधिको प्रयोग बढाउन र व्यावसायिकीकरणका लागि कृषि उपकरण, औजार, ढुवानीका सामान आदिको आयातमा अनुदानको व्यवस्था गरियो । किसानको वित्तीय आवश्यकता पूरा गर्न उनीहरुलाई ६ प्रतिशत ब्याजदरमा ऋण सुविधा तथा सहुलियत दरमा महिला उद्यमशीलता कर्जाको व्यवस्था घोषणा गरी कार्यान्वयनमा ल्याइयो। सम्पूर्ण खेतीयोग्य जमीनमा सिंचाइ सुविधाको घोषणा, बजारीकरणको व्यवस्थासहित गहुँ, मकै, धान तथा तरकारीको उत्पादन बढाउन पकेट क्षेत्र विकासको घोषणा, बाली बीमा विस्तार पछिल्लोपटक कांग्रेस सरकारमा रहँदा घोषणा गरिएका ताजा कार्यक्रमहरु हुन् । सन् १९९६ र सन् २०१४ का २० वर्षे कृषि विकास रणनीतिहरु दुबै कांग्रेस सरकारको नेतृत्वमा ल्याइएका हुन् ।

**आदरणीय दिदीबहिनी-दाजुभाइहरु,**

नेपाली कांग्रेसले अवलम्वन गरेको आर्थिक दर्शन र सुधारका कारण यी उपलब्धिहरु हासिल हुन सकेपनि त्यसपछिका सरकारहरुमा यी नीतिहरुले उत्तिकै गम्भीरताका साथ निरन्तरता पाउन सकेनन् । वि.सं २०५२ सालपछि त्रिशंकु संसद्, अल्पमतको सरकार, राजनीतिक अस्थिरता, कतिपय दलबीच आर्थिक नीतिमा देखिएको अस्पष्टता र हिंसात्मक द्वन्द्वले उग्ररुप लिन थालेपछि आर्थिक वृद्धिदरले पक्डिएको गति सुस्त हुन पुग्यो । तथापि वि.सं २०४८ पछि राखिएको आर्थिक सुधारको यो मजवुत जग परिवर्तन भएन । सस्तो प्रचारभन्दा पनि अर्थतन्त्रको दिगो र दीर्घकालीन विकासलाई प्राथमिकता दिइएकोले यसबाट कुनै पनि दल र सरकार पछि हट्न सक्ने स्थिति थिएन । सार्वजनिक खपतका लागि जस्तोसुकै भाषणबाजी र दस्ताबेजमा जेसुकै कुरा लेखिएपनि सत्तामा गएपछि ढिलोचाँडो सबै दलहरुले यस नीतिलाई नै अनुसरण गर्न बाध्य हुनुपर्‍यो । कांग्रेसले सरकारको नेतृत्व सम्हाल्ने अवसर पाउनासाथ शुरु गरिएका नीति, कार्यक्रमहरुलाई पुनः कार्यान्वयनमा ल्याउने र गति प्रदान गर्ने काम गर्‍यो । यही कारण हामी हिंसात्मक द्वन्द्व र राजनीतिक अस्थिरताका बीच पनि आर्थिक-सामाजिक क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गर्न सफल भएका छौं । यतिमात्र होइन, विकासका लागि कांग्रेसले विगतमा जसरी अगुवाइ गर्‍यो, आगामी दिनमा पनि देशको आर्थिक विकास र जनताको समृद्धिका लागि नेपाली कांग्रेसले नै स्थानीय सरकारको नेतृत्व समेत लिनुपर्छ भन्ने धारणा जनतामा बलियो बनेको छ ।

**नेपाली कांग्रेस जनताको आर्थिक विकास र समृद्धिको चाहना पूरा गर्न निरन्तर क्रियाशील र प्रतिबद्ध रहेको छ । सामाजिक न्याय र लोककल्याणकारी आर्थिक-सामाजिक कार्यक्रम सहितको राज्य, सामाजिक जिम्मेवारी बोध सहितको निजी क्षेत्रको उद्यमशीलता र नेतृत्व तथा सहकारी, गैर-सरकारी संस्था र सामुदायिक जनपरिचालनको ऊर्जालाई व्यापक रुपमा उपयोग गर्दै नेपाली कांग्रेसले समृद्ध र आधुनिक राष्ट्र एवं लोकतान्त्रिक समाजवादको बलियो आधार निर्माण गर्नेछ ।**

खण्ड ३

# अबको हाम्रो संकल्प

देश अहिले जनताका मौलिक अधिकारहरु संस्थागत गर्दै द्रुत आर्थिक-सामाजिक उन्नतिको बाटो समात्न भरपर्दो नेतृत्वको खोजीमा छ। त्यो नेतृत्व अब नेपाली कांग्रेसले लिनेछ। लोकतन्त्र, सुशासन र समृद्धिलाई सधै केन्द्रमा राख्दै आएको ऐतिहासिक राजनीतिक दल हो नेपाली कांग्रेस। हामी संघीयतालाई शासकीय स्वायत्तताको शक्तिशाली उपकरण हो भन्ने ठान्दछौं। यो उपकरणलाई जननिर्वाचित सरकारहरु मार्फत सबल, सुदृढ र संस्थागत गर्ने चुनौती र दायित्व अहिले हाम्रा सामु छ। केन्द्रीय सरकारलाई मूलतः नीतिगत, प्रदेशलाई केही नीतिगतका साथै सेवा प्रवाह र स्थानीय तहलाई पूर्णरुपले सेवा प्रवाहको जिम्मेवारी संविधानले प्रदान गरेको छ।

नेपाली कांग्रेस यो घोषणापत्र मार्फत नयाँ संविधानका आधारभूत मान्यताहरुको पालना र कार्यान्वयनप्रति पूर्णरुपमा प्रतिबद्ध रहेको घोषणा दृढतापूर्वक गर्न चाहन्छ। यो प्रतिवद्धता पूरा गर्न नेपाली कांग्रेसले आफ्नो सम्पूर्ण राजनीतिक शक्ति र संयन्त्रलाई परिचालित गर्नेछ। हाम्रो यो घोषणापत्र प्रतिबद्धतापत्र मात्र नभएर कार्यान्वयनको संकल्प पनि हो।

## ३.१ आर्थिक समृद्धिको संकल्प

उच्च र फराकिलो आर्थिक वृद्धिको महत्वाकांक्षी राष्ट्रिय अभियानको नेतृत्व गर्दै नेपाली कांग्रेसले आगामी पाँच  वर्षभित्र नेपाली अर्थतन्त्रको आकार (प्रचलित मुल्यमा) रु. ५० खर्व र प्रतिव्यक्ति औसत वार्षिक आय रु. १,५०,०००।- भन्दा बढी हुने गरी अर्थतन्त्रलाई गतिशील बनाउनेछ। यसका लागि नेपाली कांग्रेसले नीतिगत सुधारहरुको व्यापक पहल, अभूतपूर्व स्वदेशी तथा विदेशी पूँजीको परिचालन, चुस्त आर्थिक व्यवस्थापन र असल शासनको प्रत्याभूति सुनिश्चित गर्नेछ।

जसरी वि.स. २०४८ पछिको परिवर्तन लगत्तै नेपाली कांग्रेसले शुरु गरेका नीतिगत सुधारहरुको जगमा मुलुकले सशस्त्र द्वन्द्व र लामो संक्रमण थेग्ने आधार प्राप्त गर्‍यो, नेपाली कांग्रेसले फेरि एक पटक त्यस्तै दूरगामी महत्वको आर्थिक समृद्धिको अभियानको नेतृत्व र नीतिगत सुधारको अग्रसरता लिनेछ।

कम्युनिष्ट सरकारहरुका अस्थिर, अविश्वसनीय, भ्रष्ट र लोक-रिझ्याँइमा नै सीमित नीतिहरुले गर्दा मुलुकको वित्तीय अनुशासन ध्वस्त भएको छ र विकासको जग कमजोर

बनेको छ। बजारमुखी अर्थतन्त्रमा देखिने विकृतिहरुको निराकरण गर्न चाहिने राज्यको बलियो नियमनकारी भूमिका समेत कमजोर बन्दै गएको छ।

नेपालको अर्थतन्त्रलाई अव ज्ञान, अनुभव, विवेक र अन्तर्राष्ट्रिय विश्वसनियताका आधारमा जोखिम मोलेर भए पनि दूरगामी सम्पन्नताको बाटोमा हिडाउन सक्ने क्षमता नेपाली कांग्रेस जस्तो उदार र लोकतान्त्रिक शक्तिसंग मात्र छ।

आगामी १० वर्षभित्र नेपाललाई एउटा सम्मानजनक मध्यम आय भएको गतिशील राष्ट्र बनाउने संकल्पका साथ नेपाली कांग्रेस क्रियाशील रहनेछ। यसका लागि प्रचलित मूल्यमा अर्थतन्त्रको आकार आजको भन्दा चार गुणा ठूलो बनाउनु पर्नेछ। कम्तिमा पनि एक दशकसम्म वार्षिक सात देखि दश प्रतिशतसम्मको आर्थिक वृद्धि दर निरन्तर हासिल गर्दै हरेक वर्ष तीन देखि पांच लाख रोजगारीका अवसर सिर्जना गर्न नेपाली कांग्रेस प्रतिबद्ध छ। यो उद्देश्य पूर्ति गर्नका लागि नेपाली कांग्रेसले उपयुक्त आन्तरिक तथा वाह्रय लगानीको वातावरण तयार गर्नेछ।

नेपाली समाज र अर्थतन्त्रलाई रुपान्तरण गर्ने लक्ष्य सहित कृषि, पर्यटन, ऊर्जा, उत्पादनमुलक उद्योग र नयाँ व्यापारयोग्य क्षेत्रहरुका सम्भावनालाई उद्घाटित गर्दै यससंग सम्वन्धित कार्यान्वयनको जोखिमका पक्षहरु समेटी १० वर्षे विकास दृष्टि र रणनीति नेपाली कांग्रेसले प्रस्ताव गर्नेछ।

बृहत लगानी सुनिश्चित गर्न नेपाली कांग्रेसले दोस्रो चरणको विश्वसनीय आर्थिक सुधारको श्रृंखलालाई निरन्तरता दिनेछ। हालै नेपाली कांग्रेस संलग्न सरकारले पारित गरेका एक दर्जन भन्दा बढी वित्तीय, श्रम, ऊर्जा र उद्योग क्षेत्रसंग सम्वन्धित ऐन र नीतिहरुलाई कार्यान्वयनमा ल्याइनेछ। ऊर्जा, यातायात तथा सिंचाइ लगायतका भौतिक पूर्वाधार निर्माणमा ठूलो फड्को मार्नुपर्ने हुनाले यसका लागि व्यापक पूँजी निर्माणको अभियान, उदार सोच, स्वच्छ प्रशासन र संरचनागत सुधार गर्न नेपाली कांग्रेस कटिबद्ध रहनेछ। बलियो राज्य, निजी उद्यम र विधिको शासनको प्रत्याभूति गराइनेछ।

नेपाली कांग्रेसको नेतृत्वमा बन्ने सरकारले यस बृहत् राष्ट्रिय संकल्पलाई साकार पार्न नयाँ आर्थिक अवसरहरुको पहिचान गरी व्यापक उत्पादन बृद्धि, रोजगारी सिर्जना र समावेशी समृद्धिलाई अभियानको रुपमा अगाडि वढाउनेछ। युवा र महिला उद्यमीहरुको परिचालन, कृषिको आधुनिकीकरण, पर्यटनको विकास, उद्योगको द्रुत विकास, शिक्षा र स्वास्थ्यको क्षेत्रमा व्यापक लगानी परिचालन गरिनेछ।

### ३.१.१ कृषिको आधुनिकीकरण

उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गरी, कृषिको व्यवसायीकरण गर्दै, कृषिमाथि आय तथा रोजगारीका लागि आश्रित जनसंख्या कम गर्दै लैजानु हाम्रो रणनीति हुनेछ। कृषि

क्षेत्रबाट विस्थापित हुने जनशक्तिलाई अन्य उत्पादनशील काममा लाग्न तालीम तथा सीप अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ। जल, जमीन, जंगल, जडिवुटी र जलाधार : नेपाली जनताको समृद्धिको आधार भन्ने मान्यतामा प्राकृतिक स्रोत व्यवस्थापनमा आम जनताको सहभागिता सुनिश्चित गरिनेछ।

- कृषिलाई आकर्षक पेशाको रुपमा विकास गर्न कृषि-सहयोगी पूर्वाधार विकासमा सरकारको लगानी बढाइनेछ र कृषि प्रविधिको यान्त्रिकीकरण गर्न सहयोग पुऱ्याइनेछ। कृषि पेशामा शिक्षित युवालाई आकर्षित गरी व्यावसायिक कृषिमा जोड दिइनेछ। सार्वजनिक, निजी, सहकारी साझेदारीमा आगामी ३ वर्षभित्र एउटा रासायनिक मल कारखाना स्थापना गरिनेछ। प्राङ्गारिक मलको औद्योगिक उत्पादनका लागि सहकारी संस्था तथा निजी क्षेत्रलाई अनुसन्धान, प्रविधि तथा आवश्यकता अनुसार पुँजीगत लगानीमा सहयोग गरिनेछ।
- कृषि उत्पादकत्व वृद्धि गर्न उन्नत प्रविधि, उन्नत बिउ-बीजन, मेशिनको प्रयोग, सिंचाइ, बजार-स्थल विकास र कृषकहरुलाई कृषि उत्पादन बजारीकरण गर्न सहयोग पुऱ्याइने छ।
- एक गाउँ एक उत्पादन तथा एक नगर एक कार्यक्रमलाई जोड दिई विशेष प्रकृतिको कृषि प्रसार सेवा विस्तार गरिनेछ।
- मधेशमा धान र गहुँ जस्ता खाद्यान्न बालीको उत्पादकत्व वृद्धि गर्ने र वाली स्याहार्नेक्रममा हुने क्षति कम गर्नका लागि प्रविधि विकास तथा प्रसारमा जोड दिईनेछ।
- नेपाललाई उच्च-पहाडी कृषि अनुसन्धानको अन्तर्राष्ट्रिय केन्द्रको रुपमा विकास गरिनेछ।
- उच्च-पहाडी तथा हिमाली क्षेत्रमा स्याउ, कागती, बदाम, ऊन र मासुका लागि पशुपालन अभियानका रुपमा संचालन गरिनेछ।
- मध्य-पहाडी क्षेत्रमा कफी, चिया, अलैंची, सुन्तला प्रजातिका फलफूल, केरा, अदुवा, किवि, मकै तथा गहुँ खेती अभियानका रुपमा संचालन गरिनेछ। राष्ट्रिय व्यापार एकीकरण रणनीति २०१६ ले प्राथमिकतामा राखेका वस्तुहरुको निर्यात प्रवर्द्धन गरिनेछ।
- आगामी पाँच वर्षभित्रमा नेपाललाई मासु, माछा, दुग्ध-पदार्थ, फलफूल, मह, स्याउ, च्याउ, चिया, कफी, अदुवा र तरकारीको खुद निर्यातकर्ता मुलुकको रुपमा उभ्याइनेछ।
- कृषि उत्पादनको निर्यात प्रवर्द्धन गर्न गुणस्तर प्रमाणीकरणका लागि काठमाडौं, विराटनगर, वीरगंज, भैरहवा र नेपालगंजमा अत्याधुनिक प्रयोगशाला स्थापना गरिनेछ।
- नेपालबाट लोप भइसकेका तर अन्तर्राष्ट्रिय जीन बैंकमा रहेका नेपाली स्थानीय बालीका जातहरु राष्ट्रिय जीन बैंकमा ल्याइनेछ। बीउबिजन भण्डारण गर्ने, पुनःप्रयोग गर्ने, साटासाट गर्ने लगायतका कृषकको अधिकारहरुद्वारा ती जातहरुको संरक्षण गरिनेछ।

- आनुवंशिक स्रोतको व्यावसायिक उपयोगमा स्थानीय कृषक समुदायको हक स्थापित गरिने कानून ल्याइनेछ ।
- वैज्ञानिक भूमिसुधारका लागि भूमिको परम्परागत प्रयोग र तत्सम्बन्धी कानूनी व्यवस्था, भूमिसुधार सम्बन्धी प्रतिवेदनहरु, बसाइसराईको जनसांख्यिक पद्धति र विज्ञ एवं कृषकको राय- सल्लाहलाई समेत दृष्टिगत गर्दै कृषिमा भू-उपयोगको नीति अवलम्बन गरिनेछ । कृषि कार्यका लागि तोकिएको जमिन अन्य उद्देश्यका लागि परिचालन गर्न निषेध गरिनेछ ।
- खेतीपाती र पशुपालन तथा कृषि एवं पशुजन्य उद्योगको स्थापना एवं क्षमता विस्तारका लागि लगानी गर्न चाहने कृषक र उद्यमीहरुका लागि सुलभ ऋणको व्यवस्था मिलाइनेछ ।
- कृषि जैविक विविधताको महत्व भएका बाली तथा वस्तुहरुको पहिचान गरी दिगो संरक्षण तथा उपयोग कार्यक्रम संचालन गरिनेछ ।
- कृषिबाली एवं पशुधन बीमा कार्यलाई व्यापक रुपमा प्रोत्साहन दिइनेछ। जल उत्पन्न प्रकोपबाट पीडित कृषकहरुले व्यहोर्ने बीमा शुल्कमा अतिरिक्त अनुदान दिइनेछ । बीमाले संरक्षित नगरेका कृषि बाली तथा पशुधनमा हुने क्षतिलाई राहत दिन कृषक, सहकारी र स्थानीय सरकारको साझेदारीमा प्रत्येक गाउँ/नगरपालिकामा एक राहत कोषको स्थापना गरिनेछ ।
- कृषि सामग्री– बीउ, मल, नश्ल सुधार, विषादी, औषधि आदिको सहज आपूर्तिका लागि निजी तथा सहकारी क्षेत्रको सहकार्यमा सुपथ कृषि सामग्री पसलहरु संचालन गरिनेछ ।
- कृषकहरुको उत्पादनलाई सहज ढंगले बजार व्यवस्था गर्न स्थानीय तथा प्रादेशिक बजार प्रवर्द्धन योजना संचालन गरिनेछ ।
- कृषि विकास रणनीतिले प्रस्ताव गरे अनुसार कृषक तथा समुदायको मागका आधारमा सामुदायिक कृषि सेवा केन्द्रको स्थापना तथा उत्पादन वृद्धिका लागि कोल्ड स्टोरेज र कोल्ड मूल्य श्रृंखलाको निर्माण गरिनेछ ।
- वातावरण मैत्री ढंगले संचालन हुने कृषि, खानी तथा खनिज पदार्थमा आधारित रोजगारमूलक उद्योगलाई सरकारले विशेष प्रोत्साहन दिनेछ ।
- देशमा बढ्दै गएको जग्गा बाँझो छोड्ने प्रवृत्ति, कृषिमा वढ्दो लागत, श्रमशक्तिको पलायन जस्ता समस्याहरुलाई सम्वोधन गर्दै कृषिलाई नाफामूलक व्यवसायमा रुपान्तरण गर्न सामुदायिक खेतीको अवधारणा अगाडि बढाइनेछ । यस्तो अवधारणामा समाहित हुने व्यावसायिक फार्महरुलाई कृषियन्त्र उपकरण, उपजको भण्डारण, प्रशोधन, बजारीकरण, औद्योगिकीकरण आदि कार्यमा सहयोग उपलव्ध गराइनेछ ।
- कृषिलाई खाद्य सुरक्षा सम्बोधन, शहरी समाजको आवश्यकता परिपूर्ति तथा निर्यात गरी तीनवटा समपूरक रणनीतिसंग आबद्ध गरी कार्यान्वयन गरिनेछ ।

### ३.१.२ पर्यटनमा गुणात्मक फड्को

राष्ट्रका ऐतिहासिक, धार्मिक-सांस्कृतिक सम्पदा, प्राकृतिक सौन्दर्य र जैविक विविधताको उचित स्याहार-सम्भार र संरक्षणद्वारा पर्यटन क्षेत्रमा गुणात्मक परिवर्तन गर्नु नेपाली कांग्रेसको सरकारको पहिलो लक्ष्य हुनेछ । आफ्नो सांस्कृतिक वैभव र प्राकृतिक सौन्दर्य-सम्पदाका कारण नेपालको मौलिक पहिचान अन्तर्राष्ट्रिय जगत्मा स्थापित भएको छ । यी पहिचानहरुको पूर्ण उपयोग हुने गरी आवश्यक पूर्वाधार निर्माण र वातावरण तयार गर्नु नेपाली कांग्रेसको ध्येय हो । नेपाल र नेपाली जनताको अतिथिदेवो भव भन्ने संस्कार र प्रेरणाबाट उत्प्रेरित भई सरकारले निम्न कार्यहरु गर्नेछ :

- आगामी दस वर्षमा नेपाल भित्रने पर्यटकहरूको संख्या ३२ लाख पुऱ्याउने लक्ष्य सहित गुणात्मक वृद्धिमा जोड दिइनेछ ।
- नेपाललाई आन्तरिक पर्यटक, छिमेकी मुलुकको पर्यटन तथा अन्तर्राष्ट्रिय पर्यटकको गन्तव्यस्थल बनाउनका लागि आफ्नो विशिष्टता, प्राकृतिक सौन्दर्य, सांस्कृतिक वैभव, पौराणिक एवं ऐतिहासिक महत्व, साहसिक चुनौती, सम्मेलन एवं प्रदर्शनी आयोजना जस्ता बजार समूहको आधारमा वर्गीकरण गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।
- पूर्वाधार र सुविधा नपुगेका सम्भाव्य पर्यटन स्थलको विकास गर्न लगानीकर्तालाई आवश्यक सहुलियत दिइनेछ । नयाँ पर्यटकीय आकर्षणका रुपमा चिकित्सा, शिक्षा र चलचित्र निर्माणमा सहयोग पुऱ्याउन निजी व्यवसायसंगको साझेदारीलाई प्रोत्साहन गरिनेछ । ।
- आन्तरिक पर्यटन प्रवर्द्धन गर्न नेपाल सरकारका राष्ट्रसेवक कर्मचारीहरुलाई वर्षमा पाँच दिन घुमघाम विदा र रु. २५ हजार नगद प्रोत्साहन दिइनेछ ।
- आधुनिक होटल नभएका पर्यटन स्थलहरुमा स्तरीय होटल निर्माणका लागि वित्तीय छुट दिइनेछ । होमस्टे, साना लज तथा सामुदायिक आवास व्यवस्थापनका लागि स्थानीय समुदायलाई सहुलियतपूर्ण ऋण, प्राविधिक सहयोग र तालीम दिइनेछ ।
- तीनै तहका कांग्रेस सरकारहरुले आफ्नो कार्यक्षेत्रभित्रको ऐतिहासिक, धार्मिक-सांस्कृतिक, प्राकृतिक आकर्षणका स्रोत र सम्पदालाई आर्थिक आर्जनको आधार बनाउनेछन् ।
- सबै नगरपालिका र गाउँपालिकाहरुलाई प्रदूषणमुक्त, सफा र सुविधायुक्त यातायातको व्यवस्था गर्न आर्थिक तथा प्राविधिक सहयोगद्वारा प्रोत्साहित गरिनेछ ।
- बुद्धको जन्मभूमि लुम्बिनी, सीताको जन्मभूमि जनकपुर क्षेत्र, पशुपति क्षेत्र, मुक्तिनाथ क्षेत्र, खप्तड क्षेत्र जस्ता धार्मिक, पुरातात्विक तथा पर्यटकीय स्थलहरूका साथै नेपालका चार धामका रुपमा प्रतिष्ठित मुक्तिनाथ क्षेत्र, रुरु क्षेत्र, देवघाट क्षेत्र र बराह क्षेत्र जस्ता पवित्र धार्मिक स्थलहरुको पूर्वाधार विकासका लागि विशेष कार्यक्रम लागु गरिनेछ ।
- सबै धार्मिक स्थलहरूलाई आध्यात्मीक पर्यटनका केन्द्रहरूको रूपमा विकास गर्न "धार्मिक स्थल पूर्वाधार विकास प्राधिकरण" खडा गरिनेछ । प्राधिकरणको कोषमा सरकारले निश्चित रकम योगदान गर्नेछ र भक्तहरूले चढाएको भेटी पनि सोही कोषमा जम्मा गरिनेछ ।

- ट्रेकिङ्ग व्यवसायमा संलग्न भरियाहरुलाई स्तरीय बुट र पोशाकको व्यवस्था गर्न सम्बन्धीत रोजगारदाता कम्पनीहरुलाई वित्तिय प्रोत्साहन दिइनेछ ।
- अर्को पाँच वर्षमा सार्वजनिक निजी सहकार्यमा पर्यटकीय र आर्थिक सम्भाव्यता हेरी मनकामना र चन्द्रगिरी जस्तै नेपालभर कम्तिमा आठ वटा थप केबुलकार योजना कार्यान्वयन हुनेछन् ।
- पर्यटन विस्तारका लागि नेपालसंग मिल्दोजुल्दो संस्कृति भएका दक्षिण, पूर्वी तथा दक्षिण-पूर्वी एशियाली देशहरुबाट मध्यमवर्गीय पर्यटकहरु आकर्षण गर्न विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

### ३.१.३ उद्योगको पुनर्जागृति

- औद्योगिकीकरणका लागि गरिएको अहिलेसम्मको नीतिगत कार्यान्वयनबाट सिकिएको पाठलाई उपयोग गरी वढ्दो व्यापार घाटा घटाउन औद्योगिक पुनर्जागरणको अभियान थालिनेछ । उद्योग र व्यापारलाई सहजीकरण गर्न एकीकृत उद्योग वाणिज्य मन्त्रालय र एउटा स्वायत्त राष्ट्रिय व्यापार प्राधिकरणको स्थापना गरिनेछ ।
- कुल गार्हस्थ्य उत्पादनको अनुपातमा औसत पाँच प्रतिशत (वार्षिक रु. १ खर्वदेखि ५ खर्व) बराबरको विदेशी प्रत्यक्ष लगानी भित्र्याइनेछ । यसबाट अर्थतन्त्रमा स्वदेशी उत्पादनमूलक उद्योगको अंश ५ बाट १५ प्रतिशत पुगी अन्तर्राष्ट्रिय उत्पादन संजालमा गाँसिएको हुनेछ ।
- औद्योगिक सुरक्षा, पूर्वाधार विकास, नीतिगत स्थायित्व, सुशासन एवं शासकीय स्थिरता, निजी क्षेत्र र मजदुर युनियनहरु समेतको सहमतिको जगमा औद्योगिक शान्ति स्थापना गरी लगानी आकर्षण गर्ने वातावरण सिर्जना गरिनेछ ।
- उद्योग स्थापना गर्न जटिल हुँदै गएको जग्गा प्राप्तिको समस्या समाधान गर्न जग्गा चक्लाबन्दी, लिज र विशेष आर्थिक क्षेत्रहरुको व्यवस्था मिलाइनेछ ।
- औद्योगिक विकासको मूल उद्देश्य निर्यात प्रवर्द्धन, स्थानीय कच्चा पदार्थको उपयोग र लाभदायी रोजगारी सिर्जना हुनेछ ।
- समष्टिगत आर्थिक स्थिरता कायम गर्दै बैंकहरुमा तरलताको समस्या र व्यापारिक कर्जामा लगाइने व्याजदरहरुमा हुने गरेको अप्रत्यासित घटवढको आवश्यक नियमन र नियन्त्रण गरिनेछ ।
- तराई-मधेशका विभिन्न सीमावर्ती शहर-बजारहरुमा विशेष औद्योगिक र आर्थिक क्षेत्रको स्थापनालाई कांग्रेस सरकारले प्राथमिकतामा राख्नेछ ।
- निजी क्षेत्रलाई मूल्य अभिवृद्धि, रोजगार सिर्जना, अनुसन्धान एवं विकासको आधारमा अनुदान/प्रोत्साहन दिने व्यवस्था गरिनेछ ।
- प्रत्येक प्रदेशमा कम्तीमा एक औद्योगिक क्षेत्र तोकी औद्योगिक पूर्वाधारको विकास गरिनेछ । निर्यात-प्रवर्द्धनका लागि प्रमुख औद्योगिक क्षेत्रहरुभित्रै सुक्खा बन्दरगाहको निर्माण र संचालन गरिनेछ । व्यापक निर्यात प्रवाह अभिवृद्धि गर्दै आयात व्यवस्थापनलाई चुस्त बनाइनेछ ।

- बन्द गरिएका पुराना सरकारी संस्थानहरुको सम्पत्तिलाई विशेष आर्थिक क्षेत्र, विश्वविद्यालय, अस्पताल, अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र, सीप-प्रदायक औद्योगिक उत्कृष्टता केन्द्र जस्ता सार्वजनिक प्रयोजनका लागि उपयोग गरिनेछ।
- हिमालको ब्राण्डेड पानी जस्ता तुलनात्मक लाभ भएका हल्का उत्पादनमूलक उद्योग एवं कृषि र वनजन्य उत्पादनहरुको विकास, विस्तार र निर्यात गरिनेछ।
- उद्योगहरुको प्रवर्द्धन गर्ने गरी घोषणा भएका कर छुट लगायतका वित्तीय उत्प्रेरणाहरु र भौतिक पूर्वाधारको प्रत्याभूतिलाई इमान्दारीपूर्वक कार्यान्वयन गरिनेछ।
- आधुनिक सूचना-संचार प्रविधिको आडमा विस्तार गर्न सकिने व्यापारयोग्य सेवाहरुलाई उच्च प्राथमिकता दिदै नेपाल सेवा निर्यात रणनीति कार्यान्वयन गरिनेछ।

## ३.१.४ मानव संसाधनको सशक्त परिचालन

### युवा उद्यमशीलताको विकास

आर्थिक, सामाजिक परिवर्तनको लहर ल्याउन युवाहरुको सिर्जनशीलता, सीप र दक्षता विकास गर्दै कृषि, ऊर्जा, साना तथा मझौला उद्योगहरु र पर्यटनको विकास र विस्तारका लागि नेपाली कांग्रेसले विशेष प्राथमिकता दिनेछ। नेपाली कांग्रेसले गाउँ, नगर तथा डायस्पोराका युवाहरुलाई प्रोत्साहन दिई उद्यमशीलता र स्वरोजगारीको प्रवर्द्धन गर्न एक "युवा उद्यम चुनौती कोष" को कार्यान्वयन गर्नेछ।

- नवीन सोच सहितको युवा जाँगर र उद्यमशीलता उपयोग गर्न १६ देखि ४५ वर्षसम्मका युवाहरुलाई लक्षित गरी २५+२५+५० को सहुलियतपूर्ण वित्तीय कार्यक्रम ल्याइनेछ । यो वित्तीय लगानी कार्यक्रममा २५ प्रतिशत अंश युवा उद्यमीको आफ्नै लगानी, २५ प्रतिशत अनुदान र बाँकी ५० प्रतिशत सहुलियतपूर्ण ऋण सहायता हुनेछ।
- १२ कक्षाको अन्तिम परिक्षामा सहभागी भएका नव-युवालाई लक्षित गरी तरूण सीप वृत्ति योजना अन्तर्गत उनीहरुलाई स्थानीय प्रशासनमा इन्टर्नसीप गर्ने कार्यक्रममा संलग्न गराइनेछ। यस कार्यक्रम अन्तर्गत देशभरिका न्यूनतम एक लाख युवालाई संलग्न गराइनेछ।
- स्नातक उपाधि हासिल गरेका तर वेरोजगार शिक्षित युवाहरुलाई स्थानीय तहमा सामुदायिक स्वयंसेवा गरे वापत दुई वर्ष सम्म वेरोजगार भत्ता दिइनेछ।
- यसका साथै कम शिक्षा हासिल गरेका अन्य युवाहरुलाई दक्ष बनाउन निर्व्याजी ऋण र निरन्तर तालीमको ब्यवस्थाका साथै कम्तिमा १०० दिन रोजगारीको ग्यारेण्टी गरिनेछ।
- विगत दश वर्षदेखि हाम्रो अर्थतन्त्रको आकारको अनुपातमा विप्रेषणको प्रवाह र प्रभाव वढिरहेको छ । वैदेशिक रोजगारमा संलग्न वा फर्केका युवाहरुको सीप, दक्षता, पूँजी र विप्रेषण आयलाई उत्पादनमूलक प्रयोजनमा लगानी गर्दै भविष्यमा पेन्सन सरहको लाभांश पाउने गरी रेमिट हाइड्रो, रेमिट पूर्वाधार वैंक, रेमिट आवास जस्ता नवीन आयोजनाहरुको कार्यान्वयन गरिनेछ।

- युवा उद्यमीहरुलाई करको भार न्यूनतम हुने गरी नीतिहरु ल्याइनेछन् । करका प्रशासनिक प्रक्रियाहरुलाई सरल र युवा उद्यमी अनुकूल बनाइनेछ। कर र आम्दानीका स्रोतहरुको सूक्ष्म अभिलेख राख्न आधुनिक सूचना प्रविधिको उपयोग गरिनेछ।
- युवाहरुको संलग्नतामा आफ्नै सरकार–खुला सरकारको अवधारणालाई मूर्त रुप दिन संकलित राजस्व लगायतका सूचना नियमित रुपमा सार्वजनिक गरिनेछ । नागरिक रिपोर्ट कार्ड जस्ता सरकारलाई जवाफदेही बनाउन अपनाइने विश्वव्यापी लोकतान्त्रिक विधिहरुलाई नेपाली कांग्रेसको सरकारले अनिवार्य रुपमा अवलम्वन गर्नेछ।
- लोक संस्कृतिको प्रवर्द्धन र वातावरण संरक्षण आदिमा स्थानीय महिला समूह तथा स्वयंसेवी युवा क्लवहरुलाई परिचालन गरिनेछ। युवाहरुलाई नै लक्षित गरी दोभाषे र पर्यटक गाइडको तालिम दिइनेछ।
- युवाको ज्ञान, शीप, अनुभव र सिर्जनशीलतालाई राष्ट्र निर्माणमा उपयोग गर्न देशका समग्र निकायहरूमा युवाहरूको समानुपातिक प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरिनेछ।
- युवाहरुलाई राष्ट्रको इतिहास, संस्कृति, सम्पदा आदि बारे सचेत गराउँदै, राष्ट्रिय एकतामा प्रतिबद्ध, सद्भाव र सहिष्णुताबाट ओतप्रोत, स्वस्थ जीवन बाँच्न प्रशिक्षित गर्ने अभियान सुरू गरिनेछ। युवाहरूलाई सुरक्षित र हिंसारहित वातावरणमा शिक्षा आर्जनको व्यवस्था सुनिश्चित गराइनेछ । खेलकूद मार्फत युवाहरूको शारीरिक तथा मानसिक विकासको अवसर सिर्जना गरिनेछ।
- युवा उद्यमीहरूद्वारा प्रस्ताव गरिएका परियोजनाहरूलाई प्राथमिकताका साथ बैंक तथा वित्तीय संस्थाहरूवाट ऋण सुविधा उपलव्ध गराइनेछ। औजार, मेसिन आदिमा भन्सार सुविधा दिइनेछ।
- पिछडिएका क्षेत्र, वर्ग र समुदायका युवाहरू लक्षित रोजगारी र उद्यमशीलताको विकास गरिनेछ । युवाशक्तिलाई विज्ञान तथा प्रविधि, अध्ययन-अन्वेषण र नवीन प्रविधिको विकासमा लाग्न उत्प्रेरित गरिनेछ।
- स्वदेशमै रोजगारी सृजना गरी वेरोजगार युवाका समस्यालाई क्रमिक रूपमा हटाईनेछ। कामको लागि विदेशिएका युवाहरूका लागि बिशेष कार्यक्रमहरू ल्याईनेछ।
- युवालाई राज्यले विभिन्न प्रकारका दक्षता हासिल गर्न सरकारी, निजी, सामुदायिक संस्थाहरूमा स्वयंसेवक र स्वयंसेवक प्रशिक्षार्थीका रूपमा प्रयोग गर्ने व्यवस्था गरिनेछ।
- युवालाई दुर्व्यसनबाट मुक्त राख्न विशेष कार्यक्रमहरु ल्याइनेछ र अतिवादीहरूले युवा शक्ति दुरूपयोग गर्न नपाउन् भनेर अध्ययन, खेलकुद, सङ्गीत, कला, अन्वेषण जस्ता सिर्जनात्मक र रूचिकर कामका अवसर बढाइनेछ।
- युवा नीति, २०६६ को प्रभावकारी कार्यान्वयन गरिनेछ । दक्ष युवा तयार गर्न उनीहरुलाई नेपालमै स्वरोजगार वा रोजगारका निम्ति योग्य बनाउन वृहत् लगानी गरिनेछ । कृषि, पर्यटन, उद्योग, पूर्वाधार निर्माण तथा शिक्षा, स्वास्थ्यको क्षेत्रमा सेवा प्रवाह गर्न युवाहरुलाई परिचालन गर्ने रणनीति ल्याइनेछ।

### महिला उद्यमीलाई प्रोत्साहन

- महिलालाई आर्थिक रूपले आत्मनिर्भर बनाउनको लागि सम्पत्ति र पैतृक सम्पत्तिमाथि महिलाको हक सुनिश्चित गरिनेछ।
- महिलालाई रोजगारीका अवसरहरू सृजना गर्नुका साथै उनीहरूले उत्पादन गरेका वस्तुका लागि उचित बजार तथा पुँजीगत सहयोगको व्यवस्था गरिनेछ। महिलाको क्षमता विकास तथा सशक्तीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- महिलाहरुद्वारा संचालित उद्योगको दर्ता दस्तुर मिनाहा गरिनेछ। यस्ता उद्योगहरुका लागि आवश्यक वित्तीय सुविधाका साथै सहुलियत ऋण उपलव्ध गराइनेछ।
- महिलाहरुलाई दिगो जीविकोपार्जन गर्न आवश्यक पर्ने उत्पादनमूलक सम्पत्तिको लागि चाहिने भौतिक सुविधा, जमिन, पूँजी, बजार, सीप, सूचना आदिमा पहुँचको योजना लागु गरिनेछ।

## ३.१.५ गैर आवासीय नेपाली र वैदेशिक रोजगार

- "एकपटकको नेपाली सधैंको नेपाली" भन्ने भावनाको विकास गर्दै संसारभरि फैलिएका नेपालीहरूलाई आफ्नो मातृभूमिसँग आबद्ध गर्न विभिन्न नीति, कार्यक्रम र कानूनी व्यवस्था ल्याइनेछ।
- जन्मसिद्ध र वंशजका नाताले नेपालको नागरिकता प्राप्त गरी विदेशिएका नेपालीहरूलाई उपयुक्त कानूनी व्यवस्था गरी आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार सहित गैर आवासीय नेपाली नागरिकताको प्रबन्ध गरिनेछ। गैर आवासीय नेपालीलाई नेपालमा चल तथा अचल सम्पत्ति राख्न पाउने अधिकार दिने कानूनी व्यवस्था गरिनेछ।
- आगामी दश वर्षभित्रमा नेपाल बाहिर रोजगारी वा व्यवसायका लागि गएका नेपाली नागरिकता र राहदानी वाहक नेपालीलाई विदेशबाटै निर्वाचनमा मत दिन पाउने कानूनी व्यवस्था र प्रशासकीय प्रवन्ध गरिनेछ। विदेशमा आर्जन गरेको सम्पत्ति नेपालमा संचयको लागि ल्याउँदा कुनै कर नलगाउने व्यवस्था मिलाइनेछ।
- वैदेशिक रोजगारीमा श्रमिक पठाउँदा गन्तव्य मुलुकहरूसँग श्रमिक-अनुकूल सम्झौता गर्ने व्यवस्था मिलाइनेछ।
- वैदेशिक रोजगारमा जाने श्रमिकलाई न्यून व्याजदरमा ऋण दिने व्यवस्था गरिने छ। यसका लागि हाल मौज्दातमा रहेको कल्याणकारी कोषको प्रयोग, सरकारद्वारा ऋणकोषको स्थापना, वा सहकारी संस्थाहरूको प्रयोग गर्ने जस्ता उपाय अवलम्वन गरिनेछ।
- आचार संहिता अनुसारको व्यवहार गर्ने वैदेशिक रोजगार एजेन्सीलाई मात्र इजाजतपत्र दिइनेछ। एजेन्टहरूलाई दिने कमिशन आप्रवासी श्रमिकहरूबाट एजेन्सीहरूले असुल्न नपाउने व्यवस्था गरिनेछ।
- वैदेशिक रोजगारी सम्बन्धी सूचना एवं न्याय/क्षतिपूर्तिको संयन्त्रमा सहज पहुँच सुनिश्चित गरिनेछ। वैदेशिक रोजगार न्यायाधिकरण लगायत वैदेशिक रोजगारीका क्षेत्रमा हुने ज्यादतीको अनुगमन गर्ने संयन्त्रहरूलाई थप स्रोतहरू सुनिश्चित गरी स्थानीय तहसम्म विकेन्द्रीकृत गरिनेछ।

- महिलाहरूलाई थप जोखिमबाट बचाउन उनीहरूको आप्रवासनमाथि लगाइएका बन्देजहरू अन्त्य गरिनेछ। वैदेशिक रोजगारीमा जाने महिलाहरूसँग सम्वन्धित प्रक्रियालाई सुधार र व्यवस्थित गरिनेछ। गन्तव्य मुलुकसँग गरिने श्रम सम्झौता पत्रमा मानव अधिकार र श्रम अधिकारका बारेमा उल्लेख गरिनेछ।
- वैदेशिक रोजगार ऐनमा व्यवस्था गरिए बमोजिम ५,००० जना भन्दा बढी नेपाली श्रमिकहरू कार्यरत देशमा रहेका नेपाली दूतावासमा श्रम सहचारीको नियुक्ति गरिनेछ।
- मानव वेचविखन सम्बन्धी संयुक्त राष्ट्रसंघीय अभिसन्धि अनुमोदन गरिनेछ, र नेपालको मानव वेचविखन सम्बन्धी कानूनमा श्रम शोषणका लागि गरिने वेचविखन समेटिनेछ र त्यसको कडाइका साथ कार्यान्वयन गरिनेछ।
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको हितमा उक्त मुलुकका व्यवसायीहरूसँगको साझेदारीबाट नेपालमा उद्योग स्थापना गरी तिनमा कामदारहरूको शेयर लगानी गर्ने व्यवस्था गरिनेछ।

### ३.१.६ सहकारी क्षेत्र एवं वित्तीय पहुँच

- नेपाली कांग्रेसको सरकारले सहकारी संस्था र आन्दोलनलाई लोकतान्त्रिक अभ्यास, आर्थिक समृद्धि र गरिवी निवारणको माध्यमका रुपमा विकास गर्नेछ।
- कृषि उत्पादन वृद्धि, कृषि उत्पादनको प्रशोधन तथा बजारीकरण, ग्रामीण वचत परिचालन तथा कर्जा प्रवाहमा सहकारीको भूमिका बढाइनेछ। माछा, फलफूल, चिया, कफी, मह, दुध, अलैंची, अदुवा, मासु आदि उत्पादनका लागि किसानहरुकै सहकारी स्वामित्वमा रहने प्रशोधन केन्द्रहरु स्थापना गर्न सरकारले उत्पादनका आधारमा पूँजीगत अनुदान दिनेछ।
- तरकारी, फलफूल तथा पशुधनको थोक बजार संचालन गर्न कृषि बजार पूर्वाधार निर्माण गरिनेछ।
- नेपालका बहुसंख्यक नागरिक अझै पनि औपचारिक बैंकिङ सञ्जाल भन्दा बाहिर छन्। सबैको पहुँचमा वित्तीय सेवा भन्ने नारालाई सार्थक बनाउन ठूला वित्तीय संस्थाहरुलाई अविलम्व सेवा विस्तार गर्न प्रोत्साहन दिइनेछ। प्रत्येक वडाहरुमा वैंकिङ्ग सेवा सुविधा पुऱ्याइनेछ।
- १६ वर्ष नाघेका सबै नागरिकहरुको वैंक खाता खोल्ने व्यवस्था गरिनेछ।
- राष्ट्रिय ग्रिडबाट बिजुली बाल्न नपाएका ग्रामीण क्षेत्रहरुमा समुदायमा आधारित विद्युत् वितरण कार्यलाई व्यवस्थित बनाउँदै उपभोक्ता समूह र सहकारीलाई स्थानीय तहमा विद्युत् वितरण लाइन निर्माण गर्न पूँजीगत अनुदान दिने नीति कांग्रेसले लिनेछ।

## ३.२ पूर्वाधार विस्तारको संकल्प

भूपरिवेष्टित राष्ट्रहरुमा विकासको अपरिहार्य अंग हो – पूर्वाधार विकास । व्यापार, निर्माण र अन्य व्यवसायको लागत बढ्नुमा भरपर्दो पूर्वाधारको कमी प्रमुख कारक रहने गरेको छ। वि.सं. २०१५ मा नेपाली कांग्रेसको सरकारले ल्याएको सडक ट्राफिक संगठन (आर.टि.ओ.) ले नै आधुनिक सडक संजालको खाका कोरेको थियो भने वि.स. २०५८ मा कांग्रेसकै सरकारले राष्ट्रिय यातायात नीति ल्याई हुलाकी राजमार्ग र उत्तर दक्षिण राजमार्गहरुको मूर्त योजना कोरेको हो । यही स्तरको दूरदर्शिता कायम राखी आगामी पाँच वर्षभित्र प्रत्येक गाउँपालिका र नगरपालिकाका केन्द्रहरुमा पक्की सडक निर्माण अभियानको नेतृत्व नेपाली कांग्रेसले गर्नेछ।

हिमाली क्षेत्रमा अस्वाभाविक रुपले उच्च रहेको निर्माण लागतलाई ध्यानमा राखी संघ र प्रदेशले अनुदान वितरण गर्ने व्यवस्था गरिनेछ। राष्ट्रिय सडक संजालमा नजोडिएका सदरमुकाममा शीघ्र पक्की सडक पुऱ्याइनेछ । हिमाली क्षेत्रमा सडक यातायातसँगै ग्रेट हिमालयन ट्रेल जस्ता पर्यटन पूर्वाधारको विकास गरिनेछ। पहाडी क्षेत्रमा पूर्वाधार विकासका लागि मध्यपहाडी लोकमार्गको पूर्णता सरकारको पहिलो प्राथमिकता हुनेछ। यसलाई सबै ठाउँमा दुई लेनको बनाई न्यूनतम ५० किलोमिटर प्रति घण्टा बाह्रै महिना चलाउन मिल्ने गरी कालोपत्रे गरिनेछ । तराइ-मधेशमा पूर्वाधार विकासका लागि हुलाकी सडकको निर्माण कार्यलाई अविलम्व पूरा गरिनेछ । यसलाई सहायक मार्ग निर्माण गरी पूर्व पश्चिम राजमार्गसँग पनि जोडिनेछ।

### ३.२.१ सिंचाइ

- नेपालको १८ लाख हेक्टर खेतीयोग्य जमिन बाह्रै मास सिंचित गर्दै अर्को दश वर्षभित्र कृषि उत्पादकत्व ३२७८ टन प्रति हेक्टर बाट दोब्बर बनाइनेछ। तराई-मधेशमा भूमिगत सिंचाइ (स्यालो र डिप ट्यूववेल) को व्यापक विस्तार गरिनेछ।
- खेत-खेतमा सिंचाइ पुऱ्याउने मूल ध्येयका साथ हालको बाह्रैमास सिंचाई हुने कृषियोग्य भूमिको अंशलाई बढाएर आगामी पांच वर्षभित्रमा ५० प्रतिशत पुऱ्याइनेछ।
- सुनकोशी-कमला डाइभर्सन, भेरी-बबई डाइभर्सन, नौमुरे-कपिलवस्तु डाइभर्सन निर्माण गरी तराइमा थप १,००,००० हेक्टर जमिनमा सिंचाइ सुविधा उपलब्ध गराइनेछ। रानीजमरा सिंचाइ आयोजना, सिक्टा सिंचाइ आयोजना, मोरङ-सुनसरी सिंचाइ आयोजनाको क्षेत्र विस्तार लगायत अन्य साना र मझौला सिंचाइ आयोजनाका माध्यमबाट तराइ-मधेशमा सिंचाइ पूर्वाधारको सञ्जाल विस्तार गरिनेछ।
- कम्तिमा दुई वटा अन्तर जलाधार जल स्थानान्तरण आयोजनाको प्राविधिक अध्ययन सम्पन्न कार्यान्वयन प्रारम्भ गरिनेछ। सिंचाई योजना कार्यान्वन गर्दा जल उत्पन्न प्रकोप न्यूनीकरण प्रविधि संग-संगै कार्यान्वयन गरिनेछ।
- साना सिंचाइ, स्थानीय प्रविधि, थोपा सिंचाइ प्रविधि एवं आकाशे पानी संकलनद्वारा

सिंचाइ प्रविधिलाई प्राथमिकता दिइनेछ । प्रत्येक थोपाबाट थप उत्पादन गर्ने अभियान मार्फत सिंचाइ सुविधा विस्तार गरिनेछ ।

- सिंचाइ पूर्वाधारहरुलाई स्थानीय समुदाय/उपभोक्ताको सहभागितामा संचालन र मर्मत सम्भार गर्ने व्यवस्थालाई प्रोत्साहित गरिनेछ। पानीका स्रोतहरुको संरक्षण र सदुपयोगमा विशेष ध्यान दिइनेछ।

### ३.२.२ ऊर्जा

- वि.स. २०७० मा नेपाली कांग्रेसले ३ वर्ष भित्र लोड सेडिङको अन्त गरिने गरी राखेको लक्ष्य पुरा भएको छ। अब यस उपलव्धिलाई दिगो वनाउन राष्ट्रिय ऊर्जा सुरक्षा नीति तयार गरी लागु गरिनेछ।
- कम्तिमा चार सय के.भी. क्षमताका ५ वटा अन्तरदेशीय प्रसारण लाइन निर्माण सम्पन्न गरिनेछ। आगामी पाँच बर्ष भित्र पूर्व-पश्चिम उच्च-भोल्टेज क्षमताको १०५० किलोमिटर ट्रङ्क प्रसारण लाइन निर्माण सम्पन्न गरिनेछ।
- आगामी पाँच बर्षभित्रमा कुल ५,००० मेगावाट जलविद्युत् उत्पादन गरिनेछ। हाल निर्माणाधीन माथिल्लो तामाकोशी, अरुण तेस्रो, माथिल्लो कर्णाली, माथिल्लो सेती लगायतका ठूला, मझौला र साना योजनालाई द्रुत गतिमा सम्पन्न गरिनेछ।
- लगानी वोर्डलाई ठूला आयोजनाहरूमा निजी क्षेत्रको लगानी प्रभावकारी रूपमा परिचालित गर्न यसको कानूनी र संस्थागत स्वरुप परिवर्तन गरी क्षमता अभिवृद्धि गरिनेछ।
- आन्तरिक मागभन्दा बढी ऊर्जा उत्पादन गरी ऊर्जा निर्यातलाई बैदेशिक मुद्रा आर्जनको स्रोत बनाउने, उपलव्ध जलसम्पदाको बहुउद्देशीय उपयोगका साथ जलविद्युत उत्पादन गर्ने, वैकल्पिक तथा नवीकरणीय ऊर्जाका सबै स्रोतको उपयोग गर्ने र ऊर्जा आयातमा कमी ल्याउने नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
- सबै प्रकारका नवीकरणीय ऊर्जाका स्रोतहरूको प्रयोगलाई राष्ट्रव्यापी बनाइनेछ। सबै सार्वजनिक स्थलहरु (सडक, पार्क, खेलमैदान, आदि) मा स्वच्छ तथा नवीकरणीय उर्जाको प्रयोग गरिनेछ।
- प्रत्येक विपन्न नेपाली परिवारलाई घरायसी प्रयोजनका लागि मासिक ३० यूनिट विद्युत् निःशुल्क उपलब्ध गराउने सोचका साथ ऊर्जा विकास कार्यक्रम संचालन गरिनेछ।
- घरायसी इन्धनको प्रमुख स्रोतको रूपमा दाउरा, गुइँठा प्रयोग गर्ने घरधुरी संख्यालाई प्रत्येक बर्ष कम्तिमा १५ प्रतिशतले कम गर्दै लगिनेछ।

### ३.२.३ सूचना तथा संचार प्रविधि

- डिजिटल नेपालको अबधारणालाई मूर्तरुप दिइनेछ । बृहत् विद्युतीय सुशासन (ई-गभर्नेन्स) मूल योजना अन्तर्गत अत्याधुनिक सूचना तथा संचार प्रविधिको व्यापक एवं रणनीतिक उपयोग गर्दै सार्वजनिक सेवा प्रवाहमा समावेशी पँहुच सुनिश्चित गर्न सूचना तथा संचार प्रविधिमा आधारित विशेष कार्ययोजना लागु गरिनेछ।

- ब्रडब्याण्डको पहुँच र प्रयोगलाई व्यापक बनाउन ब्रडब्याण्ड पूर्वाधारको विकास र बिस्तार गर्ने, नेपाललाई अन्तर्राष्ट्रिय सूचना संजालमा जोड्ने, ब्रडब्याण्ड एप्लिकेसन र कन्टेन्टको निर्माण गर्ने गरी निजीसार्वजनिक साझेदारीमा जोड दिइनेछ। दूरसञ्चार क्षेत्रमा एकीकृत अनुमतिपत्र लागू गरिनेछ।
- लक्षित वर्गसम्म सेवा सुविधा प्रवाह सुनिश्चित गर्न राष्ट्रिय परिचयपत्र कार्यक्रमलाई सन् २०२० सम्ममा देशव्यापी रूपमा विस्तार गरिनेछ। स्मार्ट कार्डको प्रयोगबाट नै नागरिकले राज्यका सेवा सुविधाको उपभोग गर्ने संयन्त्र तयार गरिनेछ।
- बढ्दो युवा बेरोजगारीको चुनौती सामना गर्न सेवाजन्य उद्योगद्वारा सिर्जित अवसरहरूको उपयोग गर्न तथा ज्ञान तथा सूचना सञ्चार प्रविधिमा आधारित बस्तु एवं सेवा क्षेत्रको प्रतिस्पर्धामा क्षमता प्रवर्द्धन गर्न विशेष नीति एवं संरचनागत व्यवस्था गरिनेछ।
- लोकतन्त्रको रक्षा, सार्वजनिक उत्तरदायित्वको प्रवर्द्धन, आम नागरिकलाई सत्य-तथ्यको जानकारी, समाजमा असल विचार प्रवाह र आम रूपमा चेतनाको स्तर विकास जस्ता काममा आम सञ्चार र पत्रकारिताको भूमिकालाई स्थापित गरिनेछ।

### ३.२.४ यातायातको विस्तार

- कृषि उत्पादनको बजारीकरणलाइ सहयोग गर्ने, ढुवानीको लागत कम गर्ने, औद्योगिकीकरणलाई विस्तार गर्ने, खानी, जलसम्पदा जस्ता प्राकृतिक स्रोतको लाभदायी उपयोग गर्ने, पर्यटन प्रवर्धन गर्ने, राष्ट्रिय सीमाको सुरक्षा गर्ने सोचबाट नेपाली कांग्रेसको सडक संजाल विकास कार्यक्रम निर्देशित हुनेछ।
- आगामी पाँच वर्षभित्रमा हुलाकी राजमार्ग, मध्य-पहाडी राजमार्ग, र काठमाण्डौं निजगढ द्रुतमार्गको निर्माण सम्पन्न गरिनेछ । काठमाडौं-पोखरा राजमार्गलाई चार-लेनको द्रुत-मार्ग बनाइनेछ। दक्षिण भारतीय सिमाना देखि उत्तर चिनियाँ सिमानासम्म जोड्ने ५ वटा उत्तर-दक्षिण राजमार्ग निर्माण गरिनेछ। यस्ता राजमार्ग न्युनतम दुइ लेनका हुनेछन । आगामी दश बर्ष भित्रमा थप तीन वटा गरी जम्मा ८ वटा उत्तर-दक्षिण राजमार्गहरु नेपाल चीन पारवहन मार्गका रुपमा संचालनमा आउनेछन्।
- कुनै पनि विद्यालय वा स्वास्थ्य चौकीको पहुँच कम्तीमा झोलुङ्गेपुलबाट आधा घण्टाको दूरीमा राखिनेछ। सवै तुईनहरुलाई झोलुङ्गे पुलबाट बिस्थापित गरिनेछ। मोटर चल्नसक्ने स्थानमा रहेका झोलुंगे पुलहरुलाई क्रमिक रुपमा पक्की पुलहरूद्वारा विस्थापन गर्दै लगिनेछ।
- यातायातसँग सम्वन्धित उस्तै प्रकृतिका काम भएका विभाग (यातायात व्यवस्था विभाग, सडक विभाग, हवाई विभाग) लाई एउटै छातामुनि राख्ने व्यवस्था गरिनेछ।
- डिजेल र पेट्रोलको वढ्दो खपतलाई दृष्ट्रिगत गरी भारतीय सिमाना देखि काठमाण्डौसम्म तेल आयात गर्ने पाइपलाइन तदारुकताका साथ निर्माण गरिनेछ।
- नेपाल वायुसेवा निगमलाई अन्तर्राष्ट्रिय रणनीतिक साझेदार खोजी प्रतिस्पर्धी बनाइनेछ।

- आन्तरिक व्यापारको लागत कम गर्ने, नेपाललाई भारत र चीनबीचको पारवहन पुलको रुपमा विकास गर्ने र बढी मानवीय आवगमन हुने भौगोलिक क्षेत्र तथा शहरमा द्रुतगतिको बृहत् सार्वजनिक यातायातको व्यवस्था गर्ने सोंचबाट रेलमार्ग विकास कार्यक्रम निर्देशित हुनेछ।
- तराइका सबै भागहरु रेल यातायातबाट जोडिने सम्भावनालाई मूतरुप दिने रणनीति कार्यान्वयन गरिनेछ। आगामी पाँच बर्षभित्रमा पूर्व-पश्चिम रेलमार्गको कम्तीमा दुइ सय किलोमिटर खण्ड निर्माण सम्पन्न गरिनेछ। चिनियाँ सिमानादेखि काठमाडौं उपत्यका हुदै दक्षिण भारतीय सिमानासम्मको रेलमार्ग आगामी दश बर्षभित्र निर्माण सम्पन्न गर्ने गुरु योजना तयार गरिनेछ।
- नेपालका ठूला नदीहरु हुँदै भारतका गंगा नदी लगायतका नदीहरुबाट समुद्रसम्म जलमार्गको सम्भावना र विकासलाई अघि वढाइनेछ।

### ३.२.५ व्यवस्थित बस्ती तथा आधुनिक शहर

- नेपालको जनसंख्याको झण्डै ६० प्रतिशत वसोवास गर्ने नगर क्षेत्रहरुलाई आधुनिक आर्थिक, सामाजिक केन्द्रका रुपमा व्यवस्थित गरिनेछ। कलाको दृष्टिले सुन्दर, सेवा प्रवाहको दृष्टिले कार्यमूलक र सुदृढ संरचना दिगो सहरहरुको निर्माणमा जोड दिइनेछ। विशेष पहिचान सहितका हरित शहर, स्मार्ट शहर, सांस्कृतिक शहर, ऐतिहासिक शहरहरु विकसित गरिनेछ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय डिजाइन प्रतिस्पर्धाबाट आकर्षक पूर्वाधारहरुको निर्माण, फराकिला सहरी चोक, डवली र चौवाटाहरु वरपर कलात्मक संरचना, व्यवस्थित पसलहरु, प्रोमेनाड, क्याफेहरुको संयोजनबाट गाउँ, नगरलाई जीवन्त र क्रियाशील बनाइनेछ।
- तराइ-मधेशमा आगो, हावाहुरी जस्ता प्राकृतिक जोखिम र क्षतिबाट जोगाउन अर्को पाँच वर्षभित्र गरिब परिवारका सबै खर र फुसका घरहरुमा जस्तापाता छाउन अनुदान दिइनेछ।
- तराई, पहाड, हिमाली क्षेत्रमा सम्भाबित क्षेत्रहरूको पहिचान गरी नमुना वस्ती तथा शहरहरू विकास गरिनेछ। मध्यपहाडी र हुलाकी राजमार्गको सेरोफेरोमा मझ्यौला आधुनिक शहरहरुको विकास गरिनेछ। भू-उपयोग नीतिलाई शहरीकरण र व्यवस्थित बसोबाससंग जोडेर प्रभावकारी रूपमा लागू गरिनेछ।
- तराइको विराटनगरलाई औद्योगिक शहर, जनकपुरलाई अध्यात्मिक पर्यटकीय शहर, वीरगंजलाई व्यापारिक शहर, हेटौंडालाई औद्योगिक शहर, भरतपुरलाई चिकित्सा शहर, बुटवल-भैरहवालाई पर्यटकीय शहर, नेपालगंजलाई औद्योगिक शहर, धनगढीलाई हरित शहर, पोखरालाई फिल्म तथा पर्यटकीय शहर र धुलिखेल-बनेपालाई शैक्षिक तथा चिकित्सा शहरको रूपमा विकास गरिनेछ।
- गाउँ र शहरबीचको आर्थिक सम्बन्धलाई अझ बलियो बनाइनेछ। यसको लागि सडक सहित बजारको व्यवस्था गरिनेछ। काठमाण्डौ, पोखरा, वीरगञ्ज जस्ता ठूला शहरहरूको जनघनत्वको भारलाई दृष्टिगत गरी “स्याटलाइट सिटी” हरूको विकास गरिनेछ।

- दर्जनौ टनल र फ्लाईओभरहरुसंगै सडक सन्जालको विस्तार हुँदै जाँदा नयाँ बस्ती तथा बजार केन्द्रलाई योजनावद्ध रुपमा विकसित गर्दै एकीकृत बस्ती निर्माणमा जोड दिइनेछ ।
- ठूला शहरहरुमा मास र्‍यापीड ट्रान्जिटको अवधारणा अन्तर्गत सुविधासम्पन्न बसहरुका लागि छुट्टै लेनको व्यवस्था लगायत अपाङ्गमैत्री सार्वजनिक यातायात, जीवन्त पैदल मार्ग र हरित साइकल लेनहरुको व्यवस्था गरिनेछ ।
- नेपालीपन झल्किने तथा उच्च कलात्मक ज्ञान र शैलीमा निर्मित निजी आवास एवं सार्वजनिक भवनहरुलाई पुरस्कृत गरिनेछ ।
- सबै नगरपालिका र गाउँपालिका केन्द्रको आवधिक र भौतिक गुरुयोजना तयार गरी लागु गरिनेछ । यी योजनाहरु लागु गर्दा निम्न उद्देश्यलाई प्राथमिकता दिइनेछ :
- गाउँ र नगरलाई जमिन, पानी, हावा, ध्वनि आदि सबै प्रकारका प्रदूषणबाट मुक्त गर्ने ।
- सार्वजनिक जमिनको अभिलेख राखी तिनको सुरक्षा गर्ने ।
- एक घर–एक रुख, एक गाउँ–एक वन तथा एक नगर-अनेक उद्यान कार्यक्रमलाई दृढताका साथ लागू  गर्ने ।
- शहरी योजना तथा पूर्वाधार निर्माणमा विशेष योगदान पुर्‍याउन सक्ने विभिन्न विधाका अनुभवी र विज्ञ मध्येबाट प्रत्येक वर्ष एक जनालाई मानार्थ मेयर घोषणा गर्न स्थानीय सरकारहरुलाई प्रोत्साहन गरिनेछ ।

### ३.२.६ तराइ-मधेशमा विशेष पूर्वाधार

- बाढीको दुष्प्रभावबाट तराई-मधेश क्षेत्रलाई मुक्त बनाउन प्रत्येक वर्ष कम्तिमा १०० किलोमिटर तटबन्धन गरिनेछ । तटबन्ध निर्माण गर्दा उकास जग्गामा भूमिहीन दलित परिवारहरूलाई आवासको व्यवस्था गरिनेछ । तराईका नदीहरूमा दुवैतर्फ निर्माण गरिने तटबन्धहरूलाई गाडी चल्न सक्ने सडकका रुपमा प्रयोग गरिनेछ ।
- तराइका सबै ग्रामीण सडकहरूलाई बाह्रै महिना सवारी साधन चल्ने गरी कालोपत्रे वा स्तरोन्नति गरिनेछ । आवश्यक सबै स्थानहरूमा योजनाबद्ध रूपमा पुलको निर्माण गरिनेछ ।
- तराइको जैविक र खेतीयोग्य जमिनको संरक्षणका लागि राष्ट्रपति चुरे-तराई मधेश संरक्षण कार्यक्रमलाई राष्ट्रिय गौरवको प्रभावकारी आयोजनाका रूपमा संचालन गरिनेछ ।
- जनकपुरलाई तराइको सांस्कृतिक तथा धार्मिक महानगर र विरगंजलाई व्यावसायिक महानगरका रूपमा विकास गरिनेछ ।
- आगामी पाँच वर्ष भित्र सेवा प्रारम्भ गर्ने गरी तराइका शहरहरूमा निर्माण गरिने पाँचतारे होटेलहरूलाइ सेवा प्रारम्भ गरेको दश वर्षसम्म पूरै आयकर मिनाहा गर्ने नीति लिइनेछ ।
- तराइका ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थल वृहत्तर लुम्विनी क्षेत्र र जनकपुर क्षेत्रका अतिरिक्त कीचकवध, सिम्रौनगढ, दाङ्गीशरण लगायतका स्थलको  संरक्षण र संवर्द्धन गरी त्यसबाट आएको आम्दानी तराइकै विकास निर्माण र रोजगारीमा लगाइनेछ ।

- तराई मधेश क्षेत्रमा प्रकोपको रूपमा रहेको बाढी, कटान तथा भु-क्षय आदि समस्यालाई सिंचाइसँग एकीकृत गरी वृहत्तर योजनाहरू तयार गरी लागू गरिनेछ।
- भूमिको वैज्ञानिक व्यवस्थापन गरी पर्याप्त सिंचाइ, मलखादको व्यवस्थाद्वारा कृषिको आधुनिकीकरणद्वारा युवाहरुलाई कृषि क्रान्तिमा सक्रिय सहभागी गराइनेछ।
- मधेशी समुदायमा सामाजिक समावेशीकरणलाई विशेष जोड दिइनेछ। मधेशी युवाको रोजगारी सुनिश्चिततताका लागि विशेष कार्यक्रम ल्याइनेछ।
- तराइ क्षेत्रमा आर्सेनिक मुक्त खानेपानीको व्यवस्था गरिनेछ।
- तराइका विपन्न दलित परिवारहरुको आर्थिक-सामाजिक अवस्थामा सुधारका लागि विशेष लक्षित सीप अभिबृद्धि गर्दै पूर्वाधार निर्माणमा उनीहरुको रोजगारी ग्यारेण्टी गरिनेछ।
- सुनसरीको वराह क्षेत्र, विराटनगरको भेडीयारी क्षेत्र, जनकपुर क्षेत्र एवं लुम्बिनी क्षेत्र राष्ट्रिय र अन्तर्राष्ट्रिय धार्मिक र सांस्कृतिक पर्यटनको सूचीमा विख्यात छन्। तराई-मधेशका अरु थुप्रै स्थानहरुले सांस्कृतिक र धार्मिक पर्यटनका केन्द्र बन्न सक्ने परिचय बनाउँदैछन्। कंचनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, वर्दिया राष्ट्रिय निकुंज र चितवन राष्ट्रिय निकुंज अन्तर्राष्ट्रिय पर्यटकलाई आकर्षित गर्ने र थप पूर्वाधार विस्तार गरिने महत्वपूर्ण पर्यटनस्थल बन्दै गएका छन्। यी स्थानहरु पर्यटन पूर्वाधारको विकास प्राथमिकतामा  पर्नेछन्।

## ३.३ सामाजिक प्रगतिको संकल्प

सम्पन्न, स्वस्थ, शिक्षित र क्रियाशील नागरिक, शान्त र एकतावद्ध परिवार, सामाजिक सद्भाव सहितको समतामूलक समाज र समावेशी प्रतिनिधित्व भएको लोकतान्त्रिक समाजवादी राज्य स्थापना नै नेपाली कांग्रेसको लक्ष्य हो। झण्डै ७० वर्ष अगाडि बीपी कोइरालाले उदघोष गर्नु भएको थियो : “नेपालमा कोही पनि भोका नाङ्गा वा निरक्षर नरहुन्, देशमा सडक, बाटोघाटो, अस्पताल लगायत जीवनलाई सुन्दर र सुखी बनाउने अरु कुनै कुराहरुको अभाव नरहोस्”। यस लक्ष्यबाट नै नेपाली कांग्रेसको सामाजिक विकास नीति निर्देशित हुनेछ।

आगामी १० वर्ष भित्र नेपालमा भोकमरी र कुपोषणको अन्त्य गर्न र कुल जनसंख्यामा निरपेक्ष गरिबीको रेखामुनि रहेका जनताको अंश ३ प्रतिशत भन्दा मुनि ल्याउन नेपाली कांग्रेस दृढ संकल्प  गर्दछ।

सुत्केरी आमा र शिशुको पोषण, स्तरीय शिक्षाको प्रत्याभूति, तरुण सीप वृत्ति, बेरोजगार भत्ता र ज्येष्ठ नागरिक सेवा समेटेर “एकीकृत सामाजिक सुरक्षा” प्याकेज ल्याइनेछ।

नेपाली कांग्रेसको नेतृत्वमा नगद हस्तान्तरण, स्वयंसेवकीय योगदान र रोजगारी ग्यारेन्टीको मिश्रणबाट प्रत्येक नेपाली घर परिवारको न्यूनतम वार्षिक आम्दानी रु. एक लाख बनाई निरपेक्ष गरिबीलाई जरैबाट उखेल्ने दिशातिर मुलुकलाई लगिनेछ।

हामी समानतालाई हक र अवसरको विस्तार र पँहुचसंग गाँसेर हेर्दछौं । मुलुकमा पूँजी निर्माण गर्दै उत्पादनको अभिवृद्धि गर्नु समाजवादी अभियानको पहिलो खुट्किला हो । बीपीले भन्नु भए जस्तै "जति छ त्यति बाँड्ने होइन, जति चाहिन्छ त्यति उत्पादन गर्ने हो । गरिबीको नारा, कङ्गालीको वितरण समाजवाद होइन ।"

हाम्रो कल्पनाको लोक कल्याणकारी अर्थ-व्यवस्थामा सार्वजनिक स्वास्थ्य र शिक्षा राज्यको प्राथमिक जिम्मेवारीमा पर्दछ । सुलभ र स्तरीय स्वास्थ्य र शिक्षाबाट नै असमानता चर्काउने सामाजिक विग्रहलाई ठूलो मात्रामा नियन्त्रण गर्न सकिन्छ ।

स्वास्थ्य र शिक्षामा व्यक्तिको निजी पूँजी हावी हुने तर नवीन सोच र गतिशीलता चाहिने उत्पादनमूलक उद्योगहरु चाँहि राज्यले चलाउनु पर्छ भन्ने उल्टो समाजवाद हामीलाई स्वीकार्य छैन । नेपाली कांग्रेस सुल्टो समाजवादको पक्षमा छ, जहाँ समताको प्रधान मुद्दा राज्यले गुणस्तरीय सार्वजनिक सेवाहरु मार्फत सम्वोधन गर्नेछ । निजी क्षेत्रका उद्यमीहरुले नै राज्यको दोहन र करदाताको पैसाको दुरुपयोग नगरी रोजगारमुलक वृद्धि गर्ने र राज्यले सहजकर्ताको प्रभावकारी भूमिका निर्वाह गर्ने गरी भूमिका सुनिश्चित गर्नुपर्ने हुन्छ ।

सामाजिक क्षेत्रको यो राष्ट्रिय संकल्प प्राप्तिका लागि मुख्यत: अर्थतन्त्र नै बलियो हुन अनिवार्य छ । गतिशील अर्थतन्त्रकै बलमा व्यापार र उद्यम फैलिनेछ, जनताको आय र रोजगारी बढ्नेछ, राजस्व आयमा वृद्धि हुनेछ र सामाजिक क्षेत्रमा लगानी थप गर्न सकिनेछ । तर यसका साथै लैंगिक, वर्गीय र जातीय समता हासिल गर्ने सामाजिक र राजनीतिक पाटो पनि उत्तिकै आवश्यक छ । समाजका हर तप्का र क्षेत्रको आवाजको प्रतिनिधित्व राज्यका सबै अंग र निकायमा हुन जरुरी छ । लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय (समलिङ्गी, उभयलिङ्गी, तेस्रो लिङ्गी, अन्तरलिङ्गी) को हक अधिकार सुनिश्चित गर्दै नेपाली समाजलाई अझ सहिष्णु बनाउनु नेपाली कांग्रेसको ध्येय हुनेछ । समावेशी लोकतन्त्रको एउटा मर्म यो पनि हो ।

श्रमजीवीहरुका लागि मर्यादित रोजगारी, सामाजिक सुरक्षाको प्रत्याभूति, संगठनको अधिकार र सामूहिक सौदावाजीको अधिकार सुनिश्चित गरिनेछ । कोही पनि श्रमजीवी निरपेक्ष गरिबीको रेखा मुनि रहनुहुन्न भन्ने मान्यताका साथ सामाजिक सुरक्षा कार्यक्रम संचालन गरिनेछ । अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमजीवीहरुको पञ्जीकरण र न्यूनतम ज्याला निर्धारणमा सहजीकरण गर्दै सामाजिक सुरक्षा कोष मार्फत योगदानमा आधारित पेन्सनको व्यवस्था गरिनेछ ।

### ३.३.१ स्तरीय आधारभूत तथा उच्च शिक्षा

- मुलुकभित्रै स्तरीय शिक्षा उपलब्ध गराउन सबै प्रदेशमा दक्षिण एशियाली स्तरको कम्तिमा एक विश्वविद्यालय स्थापना गरिनेछ ।

- सबै नेपालीलाई गुणस्तरीय शिक्षाको मूल नाराका साथ दक्ष, उद्यमशील र सुसंस्कृत नागरिक उत्पादन गर्न सक्षम शिक्षा प्रणाली स्थानीय तहमा नै विकास गरिनेछ । माध्यमिक शिक्षासम्म हाल देखिएको विभेद तथा द्वैध प्रकृतिको शिक्षा प्रणाली अन्त्य गर्न सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तरमा व्यापक सुधार गरिनेछ। यसका साथै निजी क्षेत्रका विद्यालयहरुलाई सामाजिक उत्तरदायित्व वहन गर्न प्रेरित गरिनेछ।
- सामुदायिक विद्यालयका शिक्षकलाई परिणाममुखी र उत्तरदायी तुल्याउने कार्यक्रम कार्यान्वयन गर्नुका साथै विद्यालयहरूमा पुस्तकालय, इन्टरनेट, प्रयोगशालाको प्रबन्ध गरिनेछ र अतिरिक्त क्रियाकलाप सम्बन्धी पूर्वाधार निर्माणमा लगानी बढाइनेछ। शिक्षाको प्रत्येक तह र अवसरमा लैंगिक समता सुनिश्चित गरिनेछ।
- नेपाली कांग्रेसको सरकार ५ वर्षको अवधिभित्र १५ देखि २४ वर्ष उमेर समूहका नेपालीहरुमाझ शतप्रतिशत साक्षरता हासिल गर्ने संकल्प व्यक्त गर्दछ। भौगोलिक विकटताको आधारमा सामुदायिक आवासीय विद्यालयहरु निर्माण गरिनेछ। यस्ता आवासीय विद्यालयहरुमा अति विपन्न वालवालिकाको खाने वस्ने सम्पूर्ण खर्च सरकारले व्यहोर्नेछ।
- उच्च माध्यमिक तहमा उत्कृष्ट अंक ल्याई प्राविधिक एवं वैज्ञानिक विषयमा उच्च अध्ययन गर्न चाहेमा मधेशी, दलित, जनजाती, मुस्लिम लगायत अन्य सिमान्तिकृत समुदायका महिला विद्यार्थीहरुलाई मासिक निर्वाह भत्ताको व्यवस्था गरिनेछ । उनिहरुले विश्वविद्यालय तहमा पनि उत्कृष्ट नतिजा ल्याएमा दक्षिण, पूर्वी एवं दक्षिण पूर्वी एशियाका कुनै पनि राष्ट्रमा विद्यावारिधी गर्न छात्रवृत्ति मिलाइनेछ।
- तराई-मधेशमा कक्षा ११ र १२ मा भर्ना हुने छात्राहरुलाई साइकल किन्न सरकारले अनुदान दिनेछ।
- उच्च-माध्यमिक तहसम्म पूर्ण निःशुल्क, अनिवार्य र गुणस्तरीय शिक्षा सर्वसुलभ गराइनेछ । शिक्षालाई रोजगारीसंग जोड्न युवा विद्यार्थी, विद्यालय र बैकिङ्ग एवं व्यावसायिक प्रतिष्ठानलाई संलग्न गरी युवा रोजगारी प्रोत्साहित गरिनेछ । गाउँपालिका र नगरपालिकाहरुमा रोजगारमूलक तथा स्व-उद्यम प्रवर्द्धन गर्ने प्राविधिक शिक्षालयको व्यवस्था गर्न युवालाई रोजगारमुखी प्राविधिक शिक्षा तथा तालिम दिन प्रोत्साहित गरिनेछ। सार्वजनिक र निजी सहकार्यमा रोजगारमुखी प्राविधिक शिक्षालयहरु खोलिनेछन्।
- माध्यमिक शिक्षाको राष्ट्रिय मानक निर्धारण र विकासका लागि संघीय शिक्षा आयोग गठन गरिनेछ। यसका साथै निश्चित विषयहरुको पठन-पाठनमा राष्ट्रिय स्तरमा एकरुपताको व्यवस्था मिलाइनेछ । आधारभूत तहमा तालिमप्राप्त र विषयगत योग्यता भएका शिक्षकको व्यवस्था र आधुनिक प्रविधिमार्फत शिक्षणको व्यवस्था गरिनेछ।
- भौतिक संरचना भएका तर विद्यार्थी संख्या न्यून रहेका सामुदायिक विद्यालयहरुमा निजी व्यवस्थापन र लगानी प्रोत्साहित गरी गाउँ/नगरमा नमूना विद्यालयहरु बनाइनेछन् । यस्ता सार्वजनिक निजी साझेदारी कार्यक्रममा संलग्न निजी संस्थाहरुलाई वित्तीय सहुलियतको व्यवस्था गरिनेछ।

- निजी क्षेत्रलाई विपन्न तथा वञ्चितीकरणमा परेका वर्गप्रतिको सामाजिक उत्तरदायित्व सम्बोधन गर्न भौचर कार्यक्रम लगायतका पहलहरु लिन उत्प्रेरित गरिनेछ । लोकतन्त्र, शान्ति, मानव अधिकार, नैतिक शिक्षा र अहिंसा जस्ता अवधारणालाई विद्यालय स्तरको शैक्षिक पाठ्यक्रममा समावेश गरिनेछ ।
- देशभरी वाइफाइ इन्टरनेट र आधुनिक पुस्तकालय सहितका सामुदायिक स्रोत केन्द्र बनाइनेछ ।
- शिशु विकास केन्द्र कार्यक्रम संचालन गरी न्यून एवं मध्यम आय भएका परिवारका शिशुहरुको प्रारम्भिक शिक्षालाई समेत सहज र गुणस्तरयुक्त बनाइनेछ। वालवालिकाहरुको शिक्षाको निरन्तरताका लागि आमाहरुलाई नगद प्रोत्साहन दिने व्यवस्था मिलाइनेछ ।
- विद्यालयको प्राथमिक तहदेखि नै नेपालीहरूबीच प्रचलनमा रहेका विभिन्न जाति, भाषा र संस्कृति तथा सांस्कृतिक-ऐतिहासिक सम्पदाहरूको संरक्षण र सम्वर्द्धन सम्बन्धी शिक्षालाई अनिवार्य गरिनेछ । साथै, मातृ भाषामा प्राथमिक शिक्षा पाउने अधिकार सुनिश्चित गरिनेछ ।
- शौचालय, सुरक्षा एवं यातायातको अभावबाट छात्राहरूको अध्ययनमा असर पर्न नदिन विशेष व्यवस्था गरिनेछ । भर्ना र उत्तीर्ण दर लगायत अन्य सूचकहरुमा छात्र र छात्राबीच रहेका सबै प्रकारका विभेदको अन्त्य कांग्रेस नेतृत्वको सरकारले गर्नेछ ।
- सबै विद्यालयमा प्रत्येक महिना स्वास्थ्य परीक्षण र आधारभूत उपचारको व्यवस्था गरिनेछ र स्थायी रुपमा नर्सिङ सेवा र सुविधा उपलब्ध गराइनेछ ।

### ३.३.२ भरपर्दो आधारभूत स्वास्थ्य

- सबैलाई भरपर्दो, गुणस्तरीय र सुलभ स्वास्थ्य सेवा भन्ने मूल लक्ष्यका साथ नेपाली कांग्रेसले स्वास्थ्य क्षेत्रको नीति र कार्यक्रम संचालन गर्नेछ । स्वास्थ्य नीतिको उद्देश्य उपचार हुनसक्ने रोगको उपचार सुविधा नपाई कुनै पनि नेपाली नागरिकको अकालमा मृत्यु नहोस् भन्ने हुनेछ ।
- हरेक गाउँपालिकामा प्रसूति सेवा सहितको कम्तिमा एउटा १५ शैयाको अस्पताल निर्माण गरिनेछ । सबै नगरपालिकामा आवश्यकता हेरी २५ देखि ५० शैयाको आधुनिक अस्पताल निर्माण गरिनेछ। यी अस्पतालहरुलाई ठूला नगर क्षेत्र, प्रदेश र केन्द्रीय स्तरका अस्पताल सेवासँग आबद्ध गरिनेछ ।
- विगतमा नेपाली कांग्रेसको सरकारका पालामा प्रत्येक गाउँ विकास समितिमा एक स्वास्थ्य संस्था राख्ने नीति अनुरूप नेपालका सबै गाउँ विकास समितिहरूमा स्वास्थ्य संस्थाको स्थापना भएको छ। गाउँ/नगरपालिकाको नयाँ संरचनामा अब प्रत्येक वडामा स्थानीय महिलाहरूलाई आवश्यक नर्सिङ सेवाको तालिम दिई आफ्नै वडामा तलबी स्वयंसेवकको रूपमा कार्यरत गराउँदै सुरक्षित मातृत्व तथा शिशु स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ ।

- नेपाली कांग्रेस आगामी १० वर्ष भित्र शिशु मृत्यु दर १५ भन्दा कम र मातृ मृत्यु दर (प्रति एक लाख जीवित जन्ममा) ५० भन्दा कम गर्ने अठोट गर्दछ। नेपाली कांग्रेसले मलेरिया, कालाज्वर, डेंगु, हेपाटाइटिस लगायत पानीजन्य रोगहरुबाट कसैको पनि मृत्यु नहुने स्वास्थ्य नीति र संरचना बनाउनेछ।
- सबै सरकारी अस्पतालमा सामाजिक सेवा इकाइको व्यवस्था गरिनेछ। हाल १२ कडा रोगहरुलाई उपचार सहायता उपलब्ध गराइँदै आएकोमा यो कार्यक्रम थप रोगहरुमा पनि लागू हुने व्यवस्था गरिनेछ। निःशुल्क भई सकेको बाथ, मुटु रोग र मृगौला प्रत्यारोपणलाई थप सहज बनाउँदै निःशुल्क डायलेसिस सेवालाई स्थानीय तहसम्म विस्तार गर्दै लगिनेछ। महिलाको पाठेघरको मुखको क्यान्सर परिक्षणलाई स्थानीय तहसम्म विस्तार गरिनेछ।
- सरकारी छात्रवृत्ति वा अन्य सहयोगबाट शिक्षा प्राप्त गरेका चिकित्सकहरूलाई गाउँपालिकाका अस्पतालमा पठाउने विधि र प्रक्रियालाई आकर्षक र प्रभावकारी बनाइनेछ।
- प्रत्येक नेपाली नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गरिनेछ। गैर सरकारी क्षेत्रलाई सेवा र प्रदायकका रूपमा परिचालन गरिनेछ।
- भएका र नयाँ खुल्ने अस्पतालहरुलाई अन्तर्राष्ट्रिय स्तरको चिकित्सा सेवा प्रदान गर्न सक्षम तुल्याई नेपाललाई विशिष्ट चिकित्सा पर्यटनको गन्तव्य बनाउन टेवा पुऱ्याइनेछ र निजी अस्पताल तथा चिकित्सा केन्द्रहरूको गुणस्तर मापदण्ड तोकी लागू गरिनेछ।
- स्वदेशी आयुर्वेद उद्योगको प्रवर्द्धन, उपचार केन्द्रहरुको विस्तार, आर्युवेद शिक्षाको प्रोत्साहन तथा दक्ष वैद्य र कविराजहरुको उत्पादनका लागि विशेष कार्यक्रम ल्याइनेछ।
- प्रत्येक घरमा शौचालय निर्माण सुनिश्चित गर्ने कार्यक्रम ल्याइनेछ। विपन्न वर्गका परिवारहरूलाई शौचालय निर्माण गर्न अनुदान दिइनेछ। आगामी पाँच वर्षभित्रमा सबै मानव बस्तीहरूमा सुरक्षित खानेपानी पुऱ्याइनेछ। खानेपानीका मुहानहरूको संरक्षण र खानेपानीको गुणस्तर कायम गर्ने तर्फ सरसफाइ कार्यक्रम निर्देशित हुनेछन्।
- आगामी पाँच वर्षभित्रमा आर्सेनिकयुक्त पानीका स्रोतहरूमाथिको निर्भरता समाप्त गरिनेछ। प्रत्येक नगरपालिकामा अधिकारसम्पन्न खानेपानी बोर्ड बनाई सोही अनुरूप खानेपानीको व्यवस्था गरिनेछ।
- स्वास्थ्य सेवा केन्द्रहरुमा दरवन्दी अनुसारको प्राविधिक र प्रशासनिक कर्मचारीहरुको व्यवस्थापन, निःशुल्क औषधिको उपलव्धता र भौतिक पूर्वाधार निर्माणको सुनिश्चितता प्रत्याभूत गरिनेछ।
- सुत्केरी आमा : पोसिलो खाना भन्ने नाराका साथ स्थानीय स्वास्थ्य संस्थाबाट सुत्केरी भएको २ वर्षसम्म पोषण कुपन वितरण गरिनेछ। साथै गर्भवती महिलाहरुको पोषणको लागि पनि नियमित भत्ताको व्यवस्था गरिनेछ। सबै नवजात शिशुको निःशुल्क उपचार कार्यक्रमलाई देशभर विस्तार गरिनेछ।

- बालस्वास्थ्य र मातृ शिशु स्वास्थका कार्यक्रमहरु हरेक घर-दैलोमा पुऱ्याइनेछन् । यसका लागि हाल कार्यान्वयनमा रहेको सुनौलो हजार दिन कार्यक्रम सबै वडाहरुमा पुऱ्याइनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई दिइदै आएको भत्ता र सुविधालाई दुई वर्षभित्रै दोब्बर बनाइनेछ ।

### ३.३.३ बलियो सामाजिक सुरक्षा

**ज्येष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सुविधा**

- ज्येष्ठ नागरिकहरूलाई दिइरहेको हालको मासिक सामाजिक सुरक्षा भत्तामा उल्लेख्य वृद्धि गरिनेछ र यसको नियमित पुनरावलोकन हुनेछ। प्रत्येक गाउँपालिकामा एउटा एकीकृत ज्येष्ठ नागरिक सेवा आश्रम स्थापना गरिनेछ। यी आश्रमहरुलाई सफा, सुविधासम्पन्न र ज्येष्ठ नागरिकको एक्लोपनाको समस्यालाई सम्बोधन गर्ने गरी सम्मानजनक बनाइनेछ। आश्रममा ज्येष्ठ नागरिकलाई आवास, भोजन, स्वास्थ्य, आध्यात्मिक सत्संग, मनोरञ्जन र भ्रमण लगायतका सबै सेवा निःशुल्क उपलब्ध गराइनेछ।
- ज्येष्ठ नागरिक आश्रमका लागि खडा गरिने कोषमा गरिने नगद योगदान (चन्दा)मा आयकर छुट हुने व्यवस्था गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई राज्यका सबै सार्वजनिक सेवा, स्थान तथा अन्य सुविधाहरूमा विशेष व्यवस्थासहित समावेशी र समानुपातिक प्रतिनिधित्व र पहुँच सुनिश्चित गरिनेछ । उनीहरूले प्रयोग गर्ने उपकरणहरू स्वदेशमै उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।
- सबै सार्वजनिक पूर्वाधारहरुमा अपाङ्गमैत्री प्रविधि राखी निर्माण गर्नुपर्ने मापदण्ड जारी गरी कार्यान्वयनको अनुगमन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रचलनअनुरूप सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ । अपाङ्गताको प्रकृति हेरी उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारीका अवसरहरूमा पहुँच विस्तार गरिनेछ तथा स्वरोजगारीका अवसरहरूको सृजना गर्दै उद्यमशीलताको विकास गर्न विशेष आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी दिने उद्यमी व्यवसायीहरूलाई विशेष सम्मान र प्रोत्साहनको व्यवस्था गरिनेछ ।

**महिलाको सशक्तीकरण**

- महिलाहरुको स्वास्थ्य, शिक्षा, आर्थिक तथा सामाजिक सशक्तीकरणको लागि विशेष कार्यक्रम संचालन गरिनेछ । गरीबसँग विश्वेश्वर, महिला जागृति आय आर्जन लगायतका कार्यक्रमलाई महिला केन्द्रित आयोजनाका रुपमा निरन्तरता दिइनेछ ।
- महिला विरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण, विभेद, दमन र बहिष्करणको रोकथाम एवं नियन्त्रणका लागि सहज पहुँच सहितको कानूनी निरूपणको व्यवस्था

गरिनेछ। महिलालाई घर, कार्य स्थल, सार्वजनिक स्थल, बाटोघाटो जस्ता स्थानमा लैङ्गिक हिंसा र महिला हिंसाबाट मुक्त राख्न महिलामाथि हुने हिंसाजन्य कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले क्षतिपूर्ति पाउने अवस्था सुनिश्चित गरिनेछ।

- महिलाहरूको राजनीतिक, आर्थिक तथा सामाजिक अधिकारहरूको संरक्षण र सम्वर्द्धन राज्यको प्राथमिक दायित्वमा राखिनेछ।
- राज्यका प्रत्येक संरचनामा महिलाको प्रतिनिधित्व न्यूनतम ३३ प्रतिशत नघट्ने गरी उनीहरुको अधिकतम सहभागिताका लागि विशेष पहल गरिनेछ।
- अति विपन्न र पछाडि परेका समुदाय जस्तै कमैया, बादी, कमलरी, चेपाङ्ग, राउटे, गन्धर्व, मुसहर, तेली, पासवान, लगायतका महिलाहरूलाई विशेष रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- सरकारी अस्पतालमा प्रसुति गराउने महिलालाई हाल उपलव्ध गराइरहेको मातृत्व भत्तालाई दोब्बर गरिनेछ।
- असहाय र विपन्न महिलाहरूका लागि 'महिला निकेतन' को स्थापना गरिनेछ जहाँ शिक्षा, शीप र तालिमको प्रबन्ध गरी उनीहरुलाई आत्मनिर्भर गराइनेछ।
- महिलाद्वारा नेपाली कला, संस्कृति र परम्परा झल्काउने उत्पादित बस्तुहरूलाई अन्तर्राष्ट्रिय व्यापार नीतिद्वारा सम्बर्द्धन गर्न र यसबाट नेपालको पर्यटन प्रवर्धन गर्न जोड दिईनेछ।
- प्रसुतिपछि ६ महिनासम्म प्रति महिना रु. २००० का दरले आर्थिक सहयोग गर्ने व्यवस्था गरिनेछ।
- उच्च माध्यमिक र विश्वविद्यालय तहमा उत्कृष्ट नतिजा ल्याउने छात्राहरुलाई ल्यापटप कम्प्युटर र नगद पुरस्कारको व्यवस्था गरिनेछ।

## ट्रेड यूनियन, श्रम अधिकार र सामाजिक सुरक्षा कोष

- नेपाली कांग्रेसको नेतृत्व र अग्रसरतामा श्रमिकहरुको अधिकार सुनिश्चित गराउन २०४८ सालमा श्रम ऐन, २०४९ सालमा ट्रेड यूनियन ऐन र २०७४ सालमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन र संशोधित श्रम ऐन संसद्बाट पारित भइसकेको सन्दर्भमा रोजगारीको अधिकार र सामाजिक सुरक्षा एवं सामुहिक सौदावाजीको अधिकार सुनिश्चित तुल्याइनेछ।
- श्रम सम्बन्धी विवाद निरुपणका लागि राष्ट्रिय श्रम आयोगको गठन गरिनेछ।
- श्रमिकहरुका लागि जीवन निर्वाह गर्न पुग्ने न्यूनतम ज्यालाको निर्धारण, मर्यादित रोजगारी, श्रमिक अस्पतालको व्यवस्थासंगै अन्तर्राष्ट्रिय श्रम संगठनका आधारभूत मान्यताहरुको पालना गराइनेछ।
- नेपाली कांग्रेसले संसदबाट भरखरै पारित कानून अनुसार सबै रोजगारदातालाई आफ्ना श्रमिक र कामदारहरुलाई "सामाजिक सुरक्षा कोष" मा पञ्जीकृत गर्न उत्प्रेरित गर्नेछ। यसका साथै अनौपचारिक क्षेत्रमा काम गरिराखेका र स्वरोजगारमा आवद्ध लाखौ श्रमिकहरुलाई कोषमा पञ्जीकृत गर्न व्यापक अभियान संचालन गरिनेछ।
- नेपाली कांग्रेसले योगदानमा आधारित सामाजिक सुरक्षा कोषबाट हरेक श्रमिक र कामदारलाई औषधी उपचार र स्वास्थ्य सुरक्षा योजनामा आवद्ध गर्नेछ। हरेक

महिला श्रमिक र कामदारलाई सुरक्षित मातृत्व र सुविधा योजनामा आबद्ध गर्नेछ। कुनै पनि किसिमको दुर्घटनाबाट पीडित कामदारलाई दुर्घटना सुरक्षा योजना तथा वृद्ध अवस्थामा पुगेका कामदारका लागि भरपर्दो वृद्धावस्था सुरक्षा योजना प्रस्तावित गर्नेछ । श्रमिक र कामदारका आश्रित परिवारका लागि आश्रित परिवार सुरक्षा योजना तथा कामविहिन भएर वेरोजगार रहनु पर्दा वेरोजगारी सुरक्षा योजनामा आवद्ध गरेर दिगो सामाजिक सुरक्षाको वन्दोवस्त गरिनेछ।

### प्रजातन्त्र सेनानीको सम्मान

लोकतन्त्रका सेनानीको सम्मान वस्तुतः लोकतन्त्र र लोकतान्त्रिक संघर्षको सम्मान र संरक्षण हो । नेपाली कांग्रेस प्रजातन्त्रका सेनानीहरुको पहिचान, तिनको यथोचित सम्मान, स्वास्थ्य उपचार र यातायात सुविधा एवं आवासको प्रवन्ध सहित उहाँहरुको ऐतिहासिक योगदानको सम्मान गर्न प्रतिबद्ध छ।

### भूतपूर्व सैनिकको सीप र दक्षताको उपयोग

नेपालमा लोकतन्त्रले स्थानीय तहसम्म जनप्रतिनिधि सरकार र अधिकार पुऱ्याएर बलियो जरा गाडेको छ । आफ्नो राजनीतिक र आर्थिक भविष्य निर्धारणको अवसर समेत अब स्थानीय तहमा पुगेसंगै उद्यमशीलता र उत्पादनको आधारभूमि पनि स्थानीय तह नै बन्दै गएको छ। नेपाली कांग्रेस स्थानीय तहमा देशैभरी फैलिएर रहेका भूतपूर्व सैनिकहरुको सीप र दक्षतालाई नेतृत्व विकास, उद्यमशीलता, शान्ति सुरक्षा र राष्ट्रिय स्वभिमान प्रवर्धन गर्ने कार्यका लागि परिचालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ।

## ३.४ वन-वातावरण र विपद् व्यवस्थापनको संकल्प

वन र जलाधार क्षेत्रको संरक्षण र दिगो उपयोगमा जनसंख्याको ठूलो हिस्सा संलग्न हुँदै आएको छ। वातावरण-अनुकूल पूर्वाधार निर्माण र सहरी विकासप्रति जनताको सचेतना पनि बढिराखेको छ। जलवायु परिवर्तनले जैविक विविधतामा पार्ने नकारात्मक प्रभाव र अनुकुलन कार्यक्रमसंगै नेपाल जस्तो मुलुकले कार्बन व्यापारबाट लिन सक्ने लाभका नयाँ सम्भावनालाई जनस्तरमा पुऱ्याउनु सरकारको प्राथमिकता हुनेछ। नेपाली कांग्रेसको छैठौं महाधिवेशन (वि.स. २०१२) को निर्णयपछि निजी विर्ता वनहरुलाई राष्ट्रियकरण गरी लाखौ विगाहा जंगल राष्ट्र र जनताको स्वामित्वमा ल्याइयो। २०४९ मा नेपाली कांग्रेसकै सरकारले ल्याएको वन ऐनले वन व्यवस्थापन र उपयोगमा जनताको स्वामित्व सुनिश्चित गरेकोले सामुदायिक वनहरुको संख्यामा ठूलो बृद्धि भएको र तिनबाट हुने आम्दानीले हाल मुलुकका लगभग २५ लाख परिवार लाभान्वित भएको स्थिति छ। पंचायतकालीन वन फँडानी र माओवादी द्वन्द्वका दौरान राजनीतिक तरलताको फाइदा उठाँउदै भएको वनको दोहनका बाबजुद आज ४५ प्रतिशत नेपाली भूभाग वन र बुट्यानले ढाकेको छ।

वन क्षेत्रमा वन पैदावारको उत्पादन वन जग्गाले उत्पादन गर्ने क्षमताभन्दा धेरै कम रहेको छ। यसले गर्दा आफ्नै देशमा वन पैदावार उत्पादन र संकलन कम भै विदेशबाट वन पैदावार आयात गर्नुपरेको छ। वैज्ञानिक तथा दिगो व्यवस्थापन हुन सकेको खण्डमा कम्तीमा वन पैदावारको उत्पादन अहिलेको भन्दा तेब्बर (तीन गुणा) वृद्धि हुन सक्ने तथा आपूर्ति पनि सजिलै देशभित्रबाट गर्न सकिने हुन्छ। तसर्थ वनको वैज्ञानिक तथा दिगो व्यवस्थापनमा जोड दिदै पर्या-पर्यटनको प्रबर्द्धन मार्फत वन क्षेत्रलाई देशको समृद्धिका लागि उपयोग गरिनेछ।

नेपालमा वन क्षेत्रबाट संकलन गरेको अत्यधिक जडीवुटी प्रशोधन वा अर्धप्रशोधन गरी कच्चा पदार्थको रुपमा खास गरी भारत निकासी गरिन्छ। भारत निकासी हुने वित्तिकै त्यस जडिवुटीले आफ्नो नेपाली पहिचान पनि गुमाउँदछ। नेपाल बहुमुल्य जडीवुटीको व्यावसायिक खेती तथा व्यावसायिक उत्पादनको लागि प्राकृतिक घर वा वासस्थान पनि हो तर यसो हुन सकेको छैन। बहुमुल्य जडीवुटीको व्यावसायिक खेती, विकास, प्रशोधन गरी लाखौं परिवारको दिगो आम्दानीको स्रोत हुने व्यवस्था मिलाइनेछ।

### ३.४.१ वनको सदुपयोग

- वनलाई राष्ट्रिय आर्थिक समृद्धिको मेरुदण्ड बनाउने र काष्ठ पैदावारमा आत्मनिर्भर हुन आवश्यक व्यवस्था मिलाइनेछ।
- न्यूनतम ४० प्रतिशत वन क्षेत्र कायम गरिने राष्ट्रिय लक्ष्यलाई पालना गरिनेछ।
- निजी वनलाई प्रोत्साहित गर्दै वनमा आधारित उद्योग स्थापनालाई प्राथमिकता दिइनेछ। निजी जग्गामा विकसित र संरक्षित रुख विरुवालाई कृषि उत्पादन सरह बेचबिखन गर्न पाउने र प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ।
- वन पैदावारमा आधारित उद्यम प्रवर्द्धनका लागि वन सम्बन्धी नीति तथा कार्यनीतिहरुलाई उद्यममैत्री बनाई विद्यमान नियन्त्रणमुखी प्रावधानहरु खारेज गरिनेछ।
- उच्च प्रविधियुक्त नर्सरी, वनको विकास र वनमा आधारित उद्योग संचालनका लागि कृषि क्षेत्रलाई प्राप्त सुविधाहरु–विउ-विरुवा उत्पादन, आर्थिक अनुदान, प्रविधि आयात, विमा र ऋण सुविधा उपलव्ध गराउनेनीति अवलम्वन गरिनेछ।
- समुदायमा आधारित वन व्यवस्थापन गरिरहेका वन उपभोक्ता समूहको समुहीकृत संरचना निर्माण गरी सरकारसँगको साझेदारी लगानीमा रोजगारी र आयआर्जन वृद्धि गरिनेछ।
- वन व्यवस्थापन र ऊर्जा विकासलाई जोडी जैविक ऊर्जाको उत्पादन वृद्धि गरिनेछ।
- कृषि वनका माध्यमबाट खाद्य सुरक्षा, भूमिको सुरक्षा र उत्पादकत्व वृद्धि, उद्यम विकास र रोजगारीको सिर्जना गरिनेछ।
- प्राकृतिक वनको व्यवस्थापनलाई वातावरणीय सेवा र पर्या-पर्यटनसंग आबद्ध गर्दै लगिनेछ।

- संरक्षित वन तथा साझेदारी वनको व्यवस्थापनबाट प्राप्त हुने लाभ र प्रतिफल स्थानीय स्तरमा विस्तारित गरिनेछ।
- वनस्रोत, जलस्रोत तथा भूमिस्रोतको व्यवस्थापनमा जनतालाई सहभागी गराउँदै खाद्य सुरक्षा, ऊर्जा सुरक्षा तथा जल संरक्षणका माध्यमबाट आयआर्जन र रोजगारीको लाभ पुऱ्याइनेछ।
- सरकारद्वारा घोषित वन दशक कार्यक्रमसंग समेत आवद्ध गरी खोला किनारका बस्ती क्षेत्रमा बाढी पहिरोको प्रकोपलाई दीर्घकालीन रुपमा समाधान गर्न तटबन्ध निर्माण, वृक्षारोपण र मनपरी नदी खोला दोहन नियन्त्रण गर्ने विशेष कार्यक्रम अभियानको रुपमा संचालन गरिनेछ। चुरेदेखि भारतीय सीमासम्म वग्ने नदीहरुमा आउने बाढी नियन्त्रण गर्न दुबै किनारामा सडक सहितको तटबन्धको योजना ल्याइनेछ।
- वन, जल, खनिज आदि प्राकृतिक स्रोतको दोहन तथा उपभोगबाट प्राप्त आम्दानीको एउटा निश्चित हिस्सा प्राकृतिक स्रोत साधनको संरक्षण तथा वातावरणीय सचेतना कार्यक्रमहरुमा खर्च गर्ने व्यवस्था गरिनेछ।
- चुरे पर्वत श्रृंखला यसको आफ्नो मौलिक वनावटका कारण नेपालको सवभन्दा कमलो र वातावरणीय दृष्टिकोणले संवेदनशील क्षेत्र रहेको, यसै क्षेत्रमा रहेको वन गिट्टी-ढुंगाको अत्यधिक दोहनले तराइको उत्पादनशील क्षेत्र मरुभुमिमा परिवर्तन हुदै गएको तथा तराइ क्षेत्र वाढीले पीडित हुदै गएकोले चुरे तराइको माथिल्लो र तल्लो अन्तरसम्बन्धका आधारमा चुरे क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि छुट्टै कानून बनाई गुरुयोजना अनुसार यसको संरक्षण र व्यवस्थापन गरी चुरे संरक्षण र व्यवस्थापन मार्फत नेपालको करिव ६० प्रतिशत जनताका सवालहरुको संवोधन र स्रोतको सदुपयोग गरिनेछ।

## ३.४.२ जलवायु परिवर्तन र वातावरण संरक्षण

- जलवायु परिवर्तन मुख्यतया मानव सिर्जित समस्या भएकोले यसको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न सामूहिक तर फरक-फरक जिम्मेवारी भन्ने सिद्धान्तलाई अंगीकार गर्दै हाल भैरहेको राज्य पुर्नसंरचनासंगै जलवायु परिवर्तन प्रभाव न्यूनीकरणका लागी आवश्यक पर्ने संस्थागत एवं अन्य प्रक्रियाहरु जस्तै नीति, कानून, रणनीति, कार्यक्रम अवलम्वन गरी युवा, विद्यार्थी तथा महिलाहरुलाई परिचालित गर्दै अभियानको रुपमा संचालन गरिनेछ।
- जलवायु परिवर्तनबाट जनताको दैनिक जिविकोपार्जन र प्राकृतिक श्रोतमा पर्ने अल्पकालिन एवं दीर्घकालीन प्रभावको अनुसन्धान गर्ने, यसबाट संकट सन्न क्षेत्रहरु जस्तै कृषि, पूर्वाधार विकास पहिचान गरी नकारात्मक प्रभावको न्यूनीकरण एवं सकारात्मक प्रभावलाई सदुपयोग गर्दै स्थानीय तहमा जलवायु अनुकूलन कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
- न्यून कार्बनयुक्त हरित अर्थतन्त्रको विकास गरी युवा तथा महिलालाई वातावरण संरक्षणमा सहभागी बनाउँदै रोजगारी सिर्जना गरिनेछ।

- हाल जलवायु परिवर्तनको मुख्य कारकको रुपमा रहेको हरित ग्यास उत्सर्जन न्यूनीकरण गर्न पेट्रोलियम पदार्थमा आधारित ऊर्जाको प्रयोग घटाउदै स्वच्छ ऊर्जा (जस्तै सौर्य, वायु, जलबिद्युत्) को प्रयोगलाई वढावा दिई जलवायु समानुकूलन कार्यक्रम संचालन गर्न स्थानीय सरकार, समुदाय, परिवारलाई आवश्यक सहुलियत सहित परिचालिन गरिनेछ ।
- जलवायु परिवर्तनका कारण हिमाल, जलस्रोत, वनसम्पदा, वन्यजन्तु, वासस्थान लगायत नेपालका मुख्य प्राकृतिक स्रोतमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने सम्बन्धमा विशेष कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- पवित्र नदी-नाला, ताल-तलैयालाई प्रदूषणमुक्त गर्न अभियानको रुपमा प्रभावकारी कार्यक्रम संचालन गरिनेछ । मुख्यतः वाग्मती, बिष्णुमती, कालीगण्डकी, सेतीका दुबै किनारलाई स्वच्छ राखिने र जनकपुर, गोसाइकुण्ड लगायत क्षेत्रका पवित्र तालहरुको सरसफाइ र संरक्षण गरिनेछ ।
- काठमाडौं लगायत प्रमुख नगर क्षेत्रहरुमा कलकारखानाबाट उत्पन्न हुने प्रदूषण कम गर्ने नयाँ प्रविधि तत्काल जडान गर्न प्रोत्साहित गरिनेछ तथा बढी प्रदूषण उत्सर्जन गर्ने यातायातका साधनलाई अविलम्व विस्थापित गरिनेछ। सडक विस्तार र निर्माण कार्य गर्दा अनिवार्य रुपमा धुलो नियन्त्रण गरिनेछ तथा जथाभावी आगो बालेर फोहर नष्ट गर्ने कार्यलाई दण्डित गरिनेछ ।
- पूर्वाधार विकासका सम्पूर्ण कार्यलाई अनिवार्य रुपले वातावरण मैत्री बनाइनेछ ।
- प्लाष्टिक झोला प्रयोगलाई कडाइका साथ नियन्त्रण गर्नुका साथै वातावरण-अनुकूल झोलाको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- हरेक प्रदेशका प्राकृतिक स्रोत, वन-वनस्पति, वन्यजन्तु, खनिज तथा जल सम्पदा, जडिबुटी आदि स्रोत-साधन के कति परिमाणमा उपलव्ध छन् खोजी गरी तिनको बैज्ञानिक ढंगबाट अभिलेख राख्ने, उचित उपयोग गर्ने र संरक्षण गर्ने कार्य गरिनेछ ।
- प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन र दिगो उपयोगसंग सम्बन्धित नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा सहमतिलाई पालना गर्दै सम्बन्धित ऐन-नियम तर्जुमा गरी तिनको स्थानीय तहमा प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- दुर्लभ वन्यजन्तु संरक्षणको राष्ट्रिय प्रतिबद्धतालाई दृढताका साथ पालना, स्थानीय तहमा प्राणी उद्यानको स्थापना एवं खास प्रजातिका वन्यजन्तुको व्यावसायिक पालन-पोषण र संरक्षणको कार्यलाई सरकारले प्रोत्साहन गर्नेछ ।
- जलवायु परिवर्तनले आफ्नो क्षेत्रमा पारेको प्रभावको अध्ययन र त्यसको निरुपण गर्नका लागि संघीय तहका सरकारी र गैर-सरकारी कार्यक्रमहरुसँग संयोजन गरी आफ्नो प्राथमिकताको क्षेत्रमा कार्यक्रम संचालन गरिनेछ ।

### ३.४.३ विपद् व्यवस्थापनको प्रतिबद्धता

नेपाल सबै प्रकारका विपद्को उच्च जोखिम भएको देश हो । त्यसैले स्थानीय, प्रदेश र केन्द्र सरकारले आफ्नो गाउँ, नगरमा विपद्को जोखिम आँकलन, जोखिम क्षेत्रको नक्साङ्कन, स्थानान्तरण र विपद्को पूर्व तयारी गर्ने कामलाई विशेष प्राथमिकता दिनेछ ।

विपद् व्यवस्थानमा संघ, प्रदेश र स्थानीय जनतासँग सहकार्य गरी बाढी, पहिरो, चट्याङ, हावाहुरी, आगलागी, खडेरी, शीतलहर, हिमपात, अतिवृष्टि र भूकम्प जस्ता कारणहरुको आँकलन गर्दै यिनीहरुबाट हुने नकारात्मक प्रभावलाई घटाउन वा हटाउन आवश्यक योजना सरकारले बनाउनेछ । विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन प्रादेशिक र स्थानीय विपद् कोषको स्थापना गरिनेछ । जनचेतना जगाउने र पूर्व सूचना प्रवाह गर्ने कार्ययोजना सहित विद्यालयमा आफ्नो क्षेत्रको विपद् जोखिम बारे जानकारी दिन र सुरक्षित हुन आवश्यक तालिम दिइनेछ । सुरक्षित वस्ती विकास, भवन संहिता अनुसारको सुरक्षित भवन निर्माण कार्यलाई कार्यान्वयन गरिनेछ ।

- वैशाख १२, २०७२ मा गएको विनाशकारी भूकम्पले देशमा धनजनको ठूलो क्षति भयो । कांग्रेसको नेतृत्वमा रहेको तत्कालीन सरकार सीमित साधन र स्रोतका बाबजूद राहत, उद्धार, उपचार र बसोबासको समुचित व्यवस्थापन गर्न सफल भयो । भूकम्पबाट धनजनको ठूलो नोक्सानी भएपनि उपचार नपाएर वा खान नपाएर कसैले जीवन गुमाउनु परेन । भूकम्पछिको पुनर्निर्माणका लागि दाताहरुको अन्तराष्ट्रिय सम्मेलन सफलताका साथ सम्पन्न गरियो । उक्त सम्मेलनमा नेपालको पुनर्निर्माणका लागि रु. ४०० अर्बभन्दा बढीको सहायता प्रतिबद्धता जुट्यो । तर नेपाली कांग्रेसको नेतृत्वको सरकार परिवर्तन भएपछि उक्त सहायता पछिल्ला सरकारहरुले कार्यान्वयनमा ल्याउन नसकेकोले जनताले अनावश्यक दुख कष्ट भोग्नु परेको पीडादायी यथार्थ हाम्रो सामु छ ।
- विगत नौ महिनामा पुनर्निर्माण कार्यले गति लिन थालेको हो । पौष २०७३ सम्म जम्मा निर्माणाधीन घरको संख्या १७ हजार र सम्पन्न घरको संख्या ११८७१ थियो भने विगत ९ महिनामा थप १ लाख ३० हजार घर निर्माणाधीन अवस्थामा छन् र थप ५० हजार घर बनिसकेका छन् ।
- निजी आवास निर्माणले गति लिएसंगै शिक्षा क्षेत्रको उपलब्धि पनि उत्साहजनक छ । विगत नौ महिनामा शैक्षिक संस्थाको निर्माण २०० बाट २४५६ पुगेको छ ।
- गत दशकको अन्तर्राष्ट्रिय अनुभवलाई हेर्ने हो भने ठूलो विपद्पछि पुर्ननिर्माण गर्दा फरक-फरक समय लाग्ने गरेको छ । इण्डोनेशियामा सबै स्थानीय संरचना निर्माण हुन ८ वर्ष र पाकिस्तानमा ५ वर्ष लागेको थियो । भारतको गुजरातको तुलनामा नेपालको प्रगति सुस्त नै देखिएको छ । यी ढिलाइका पछाडि पुनर्निर्माण प्राधिकरणको संरचनागत दुर्वलता देखिएको छ । स्रोत साधनको शीघ्र व्यवस्थापन एवं संस्थागत सुधार गरी तोकिएको समयमा नै पुनर्निर्माण सम्पन्न गर्न नेपाली कांग्रेस दृढ छ । यी अप्ठ्यारालाई हटाउँदै आगामी आठ महिनाभित्र सबै निजी आवास निर्माण पुरा गर्ने संकल्प हामी गर्दछौ ।
- यस वर्ष तराई-मधेशमा आएको बाढी र ढुवानको समस्याले जनधन, पूर्वाधार र कृषि उत्पादनमा व्यापक क्षति पुऱ्याएको छ । बाढी पीडित जनतालाई राहत र भत्केका संरचना पुनर्निमार्णका लागि कानून र क्षेत्राधिकारमा उचित संशोधन गर्दै वर्तमान पुनर्निर्माण प्राधिकरणभित्रै बाढी पीडित जनताको समस्या सम्बोधन गर्ने गरी नयाँ निकायको गठन गरी जिम्मेवारी प्रदान गरिनेछ ।

## ३.५ सुशासनको प्रत्याभूतिको संकल्प

विधिमा आधारित सुशासन सबल लोकतन्त्रको मुटु हो । त्यसैले नेपाली कांग्रेसले शासकीय र प्रशासकीय संयन्त्रलाई समावेशी, सेवामुखी, गुणस्तरीय, विधिसम्मत र जनता-अनुकूल बनाउने लक्ष्य लिएको छ । सरकारी सेवाप्रदायक निकायमा दक्षता, जवाफदेहिता, पारदर्शिता र प्रभावकारिता स्थापित गर्नु नेपाली कांग्रेसको आधारभूत नीति हुनेछ । नेपालको राज्य व्यवस्था र समाजका हर अंगमा भ्रष्टाचार डरलाग्दो किसिमले मौलाएको अनुभव आम जनताले गरेका छन् । हाम्रो निर्वाचन अभ्यास खर्चिलो हुँदै गएको छ । शासनमा बस्नेहरु अवसर आउनासाथ अवैध लाभ लिन उद्यत हुने गरेको देखिन्छ । भ्रष्टाचारीहरुलाई कानूनको कठघरामा कडाइका साथ उभ्याउन नसक्दा गैर कानूनी आर्जन र स्रोत नखुलेको सम्पत्तिले समाज र शासन प्रणालीलाई दूषित बनाउन थालेको छ । नेपाली कांग्रेस नेपाली समाज र राज्यलाई भ्रष्टाचारमुक्त बनाउन दृढ संकल्प व्यक्त गर्दछ ।

- नेपाली कांग्रेस राजनीतिक भागवण्डाका आधारमा हाल केही वर्षदेखि गरिदै आएको राजनीतिक, संवैधानिक नियुक्तिको विकृत प्रचलनलाई पूर्ण रुपमा रोक्ने संकल्प व्यक्त गर्दछ ।
- स्थानीय सरकारद्वारा सार्वजनिक सेवा आपूर्तिका लागि भौतिक, आर्थिक, प्राविधिक र मानव स्रोतको पर्याप्त व्यवस्था गरिनेछ । सूचना प्रविधिको प्रयोग बढाई सेवाग्राहीलाई सरकारी सेवा प्राप्त गर्न लाग्ने समय र लागतमा कमी ल्याइनेछ । प्रत्येक सरकारी कार्यालयको कार्यप्रक्रिया मूल्याङ्कन गरी प्रक्रियागत र कागजी आवश्यकता न्यून गर्न एकद्वार प्रणालीको अवधारणा अवलम्वन गरिनेछ ।
- लक्षित वर्गसम्म सेवा एवं सुविधा प्रवाहको प्रभावकारिता सुनिश्चित गर्न राष्ट्रिय परिचयपत्र कार्यक्रमलाई देशव्यापी रूपमा विस्तार गरिनेछ । भ्रष्टाचार र आर्थिक अपराधका विरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।
- नेपाली कांग्रेसले संघ, प्रदेश र स्थानीय तहको प्रशासनिक संरचना र कार्यविधिमा सुधार गरी कार्यान्वयनमा ल्याउनेछ । सबैभन्दा तल्लो तहमा काम गर्ने राष्ट्रसेवकलाई जनताको सेवामा बढी अभिप्रेरित गर्न आवश्यक पर्ने पर्याप्त तलब तथा अन्य सुविधाको व्यवस्था गरिनेछ । नेपाली कांग्रेसले जनस्वास्थ्य, पशुस्वास्थ्य र कृषि विकाससँग सम्बन्धित प्राविधिकहरुलाई घरघरमा गई जनताको सेवा गर्न अभिप्रेरित गर्नेछ ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र लगायतका भ्रष्टाचार नियन्त्रण गर्न गठित निकायहरुलाई साधन, स्रोत र प्रविधिले सुसज्जित बनाई भ्रष्टाचार नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।
- भ्रष्टाचारमुक्त समाज निर्माण गर्नको लागि वर्तमान कानूनी व्यवस्थाका अतिरिक्त सामाजिक, राजनीतिक अभियान संचालन गरिनेछ ।
- वृद्ध-वृद्धाको बीमा गरी स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउन नेपाली कांग्रेसका भातृ संस्थाहरु जस्तै– नेपाल विद्यार्थी संघ, नेपाल महिला संघ, नेपाल तरुण दल

आदिलाई स्वयंसेवीकाको रुपमा परिचालित गरिनेछ । तरुण सीप वृत्ति मार्फत उच्च माध्यमिक तह उतीर्ण भएका एक लाख विद्यार्थीलाई पनि स्वयंसेवामा संलग्न गराइनेछ ।

- राष्ट्रिय सदाचार संहिताको निर्माण गरी संघ, प्रदेश तथा स्थानीय तहका सबै पदाधिकारी एवं राष्ट्रसेवक र निजी क्षेत्र, गैरसरकारी एवं नागरिक समाजका संस्था लगायतका पदाधिकारीमा शुद्ध आचरणको विकास गर्ने प्रणाली विकसित गरिनेछ ।
- नेपाली कांग्रेसको सरकारले सबै तहमा काम गर्ने राष्ट्र सेवक वा पदाधिकारीको कार्यक्षमता, इमान्दारी र कार्य व्यवहारको अद्यावधिक प्रतिवेदन गर्ने पद्धतिको विकास गर्नेछ । यही आधारमा राष्ट्र सेवकको मूल्याङ्कन गरी उपयुक्त जिम्मेवारी दिने परिपाटीको विकास गरिनेछ ।
- न्याय सेवालाई छिटो छरितो र सहज प्राप्य बनाउन सबै स्थानीय तहका इकाइहरुमा कानूनी सल्लाहकारको व्यवस्थाका साथै निर्वाचित जनप्रतिनिधिहरुलाई उपयुक्त तालिम, प्रशिक्षणद्वारा सक्षम बनाइनेछ ।
- महिला जनप्रतिनिधिहरुलाई महिला अधिकारको संरक्षण र महिलामाथि हुने सबै प्रकारका हिंसा निर्मूल गर्न पैरवी गर्न सक्ने गरी सशक्त र सक्षम बनाइनेछ ।
- स्थानीय गाउँ, नगरको नामाकरण ऐतिहासिक आदिवासी जनजाति पहिचानसंग मिल्दोजुल्दो गरी गर्ने पहललाई नेपाली कांग्रेसले सहयोग गर्नेछ ।

### ३.५.१ शान्ति-सुरक्षा

- शान्ति-सुरक्षाको प्रत्याभूति नेपाली कांग्रेसको सरकारको प्रमुख प्राथमिकता हुनेछ । शान्ति सुरक्षाको प्रत्याभूति गर्न प्रहरी संगठनलाई संघीय संरचना अनुसार अविलम्व पुनर्संरचना गरिनेछ ।
- अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण गर्ने दृढ प्रवृत्तिलाई रोक्नु नेपाली कांग्रेसको सरकारको महत्वपूर्ण कार्यसूची हुनेछ ।
- छिमेकी मित्रराष्ट्रसंग समन्वय गरी सीमा वारिपारिको आपराधिक गतिविधि र आतंकलाई पूर्णतः नियन्त्रण गरिनेछ ।
- जनताको सुरक्षा र सम्पत्तिको संरक्षण, सरकारको नीति, निर्णय, मापदण्ड र कानूनको कार्यान्वयन गर्ने गरी नगर एवं प्रादेशिक प्रहरी बल संगठित र परिचालित गरिनेछन् ।
- सरकारी कार्यालय र परिसरको सुरक्षा, सरकारले तोकेका विविध क्षेत्रका मापदण्डको कार्यान्वयन र अपराध नियन्त्रणका साथै प्रहरीले स्थानीय सम्पदा संरक्षणको जिम्मेवारी वहन गर्नेछ । विपद् व्यवस्थापन र पूर्वाधारको संरक्षणमा समेत प्रहरीको महत्वपूर्ण भूमिका रहनेछ ।
- सार्वजनिक स्थलहरुमा महिलाहरु विरुद्ध हुने हिंसा र दुर्व्यवहार नियन्त्रण तथा निरुत्साहित गर्न प्रहरी संरचनाभित्र महिला प्रहरी टोलीको स्थापना तथा परिचालन गरिनेछ ।व्यापारिक सामुदायिक र सार्वजनिक स्थलहरुमा सिसिटिभी क्यामेरा जडान हुनेछन् ।

### ३.५.२ पहिचान, समावेशिता र संवैधानिक आयोगको क्रियाशीलता

संघीय समावेशी लोकतान्त्रिक संवैधानिक संरचनाका माध्यमबाट सबै जाति, भाषा र संस्कृतिको पहिचान, संरक्षण र सम्वर्द्धन गर्न नेपाली काग्रेस कटिबद्ध छ । विभिन्न वर्ग र समुदायको अधिकार र पहिचानको संरक्षण र प्रवर्द्धन गर्न नेपाली कांग्रेसले संवैधानिक आयोगहरुलाई तत्काल क्रियाशील  गराउनेछ। हाल प्रस्तावित निम्न आयोगहरुका साथसाथै पिछडावर्गलाई समेट्ने छुट्टै आयोग बनाउने प्रतिबद्धता नेपाली कांग्रेस व्यक्त गर्दछ :

**राष्ट्रिय महिला आयोग :** जनसंख्याको आधा भन्दा ठूलो हिस्सा ओगट्ने महिलाहरुको हकहित संरक्षण गर्ने नीति र कानूनको निर्माणलाई प्राथमिकतामा राखेर समानुपातिक सहभागिता सुनिश्चित गर्न, अन्तर्राष्ट्रिय सम्झौता र दायित्वलाई पूरा गर्न, महिला हिंसाका विरुद्ध निर्णायक कानूनी कारवाही प्रारम्भ गर्न तथा महिला सशक्तीकरण र लैङ्गिक समानता सुनिश्चित गर्न नेपाली कांग्रेस राष्ट्रिय महिला आयोगलाई तत्काल क्रियाशील गराउने संकल्प व्यक्त गर्दछ ।

**राष्ट्रिय दलित आयोग :** शताव्दीयौंदेखि विभेद र विपन्नताको पीडा भोगिराखेका दलितहरुको अधिकार, सामाजिक सम्मान र आर्थिक हैसियतमा सुधार गर्नु समावेशी लोकतन्त्रको पहिलो दायित्व हो। नेपाली कांग्रेस जातीय छुवाछुत, उत्पीडन र विभेदलाई पूर्ण रुपमा निर्मूल गर्दै दलितहरुका अधिकार, आर्थिक समुन्नति र अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न राष्ट्रिय दलित आयोगको प्रभावकारी परिचालन गर्ने संकल्प व्यक्त गर्दछ।

**आदिवासी जनजाति आयोग :** आदिवासी जनजातिको पहिचान भाषा, संस्कृति सम्वर्द्धनको मुद्दा, ऐतिहासिक थातथलो र परम्परा संरक्षण तथा अन्तर्राष्ट्रिय सन्धी सम्झौताबाट सिर्जित दायित्व पूरा गर्न नेपाली कांग्रेस आदिवासी जनजाति आयोग अविलम्व गठन गरेर क्रियाशील गराउन प्रतिबद्ध छ।

**मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोग :** नेपालको तराइ-मधेशका मधेशी समुदाय र देशव्यापी रुपमा फैलिएर वसेका थारु आदिवासी, शताव्दियौ देखि समृद्ध मिथिला संस्कृति, सिम्रौनगढ संस्कृति, भोजपुरी-अवधी परम्परा तथा थारु संस्कृति र रीतिरिवाजका सचेत वारेस हुनुका साथै देशको अन्नभण्डार र सीमा सुरक्षाका लागि सवैभन्दा भरपर्दो समुदायको रुपमा चिनिदै आएका छन् । मधेसी थारु समुदायसंग मुस्लिम समुदाय आफ्नो धार्मिक आस्था र परम्पराको पालना गर्दै मधेसमा भाइचारा र सहिष्णुता सहित मधेशका अन्तरंग हिस्साको रुपमा वसोवास गर्दै आएको छ। हाम्रो संविधानले पहिलो पटक मान्यता प्रदान गरेका यी तीनवटै समुदायको संवैधानिक अधिकार, भाषा, संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने गरी गठित आयोगलाई नेपाली कांग्रेस तत्काल क्रियाशील बनाउने प्रतिबद्धता व्यक्त गर्दछ।

**राष्ट्रिय समावेशी आयोग :** नेपालका खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय, पिछडिएको कर्णाली क्षेत्र तथा आर्थिक रुपमा विपन्न वर्गको हकहितको संरक्षण गर्न राष्ट्रिय समावेशी आयोगको संवैधानिक व्यवस्था भएको छ । यी समुदायको सशक्तीकरण, यिनको हक-हितका लागि कानून र नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन र त्यसको अनुगमन गर्ने गरी नेपाली कांग्रेस राष्ट्रिय समावेशी आयोगलाई तत्काल क्रियाशील गराउने संकल्प व्यक्त गर्दछ ।

### ३.५.३ विकास परियोजनाहरुवीच समन्वय

संघ, प्रदेश र स्थानीय सरकारहरुबीच लगानीका क्रममा दोहोरोपन, अस्पष्टता र असन्तुलन हुनबाट रोक्न र आ-आफ्नो संविधान प्रदत्त क्षेत्रभित्र विकास योजनाहरुमा लगानी गर्न आवश्यक नीतिगत कानूनी र संस्थागत व्यवस्था गरिनेछ । यसको प्रभावकारी कार्यान्वयनका लागि उच्च-स्तरीय संस्थाको व्यवस्था गरिनेछ । बाटो चौडा पार्ने तर विद्युतीय पोल नहटाउने, आयोजना थालेको वर्षौंसम्म काम सम्पन्न नगर्ने र आम जनतालाई चरम सास्ती दिने, योजनाको लागत र समयमात्र थप्दै जाने, खानेपानीको पाइप विछ्याउने तर खनेको सडक पीच नगर्ने जस्ता अलपत्रे विकासको अभ्यासलाई ठोस र दण्डनीय हस्तक्षेप मार्फत अन्त्य गरिनेछ ।

- वित्तिय संघीयताको मूल मर्म अनुसार नेपाली कांग्रेसले आगामी आर्थिक वर्षहरुमा स्थानीय परियोजनाहरु संचालन गर्न बजेटको क्रमशः बढ्दो हिस्सा सिंहदरबारबाट प्रदेश, गाउँ र नगरपालिकाहरुमा सोझै पठाउनेछ ।
- लाभ-लागतको अध्ययन भएका, जनताको व्यापक सहभागिता जुट्ने, आर्थिक र श्रम सहयोग प्राप्त हुने प्रकृतिका महत्वपूर्ण स्थानीय परियोजनाहरुमा बहुवर्षीय बजेटको प्रतिबद्धता गरिनेछ ।
- नेपालमा निर्माण उद्योगले अझै परिपक्वता हासिल गरिसकेको छैन । अब विकास निर्माणको ठूलो लहर आउने हुँदा गुणस्तरीय काम होस् भन्नाका लागि निर्माण व्यवसायीहरुलाई प्रोत्साहन र प्रभावकारी अनुगमनको व्यवस्था गरिनेछ ।
- कुनै पनि परियोजना शुरु गर्दा नेपाली कांग्रेसले निम्न पाँच आधारको खोजी गर्नेछ :
  **(क) रणनीतिक आधारः** परियोजना किन आवश्यक छ ?
  **(ख) विकासको आधारः** आयोजनाले आम समुदायमा ल्याउन सक्ने आर्थिक, सामाजिक, सांस्कृतिक वा वातावरणीय प्रभाव के हो ?
  **(ग) वित्तीय आधारः** खर्चले धान्न सकिन्छ कि सकिदैन ?
  **(घ) प्राविधिक आधारः** परियोजनामा प्रयोग हुने उपयुक्त प्रविधिहरु उपलब्ध छन् ?
  **(ङ) व्यवस्थापकीय आधारः** निर्धारित सीमाभित्र आयोजना कार्यान्वयनको सुनिश्चितता छ ?

### ३.५.४ संघीय तथा प्रादेशिक राजधानी क्षेत्र विकास

- काठमाडौं उपत्यकालाई स्वच्छ, सुरक्षित, सुव्यवस्थित, सुन्दर र समृद्ध राष्ट्रिय

राजधानी क्षेत्रका रूपमा एकीकृत विकासको अवधारणा अनुरूप सांस्कृतिक दृष्टिले विकास गरिनेछ। काठमाडौं उपत्यकाको सडक विस्तारका लागि हाल आवश्यक देखिएको कम्तीमा ३ अर्व प्रतिवर्ष लगानी गरिनेछ। मेलम्ची खानेपानी आयोजना सम्पन्न गरी प्रत्येक घरमा निरन्तर खानेपानीको आपूर्ति सुनिश्चित गरिनेछ।

- काठमाडौँ उपत्यकाको बजारबाट प्राप्त हुनसक्ने लाभलाई ग्रामीण भेगसम्म पुऱ्याउन उपत्यका वरिपरिको पहाडी क्षेत्रका गाउँहरूलाई जोड्ने चक्रपथ निर्माण सम्पन्न गरिनेछ। नुवाकोटको विदुर, धादिङको गजुरी, काभ्रेको बनेपा-धुलिखेल-पनौती र मकवानपुरको हेटौडालाई काठमाडौँ उपत्यकासँग द्रुतमार्गहरूले जोडी काठमाडौँको स्याटेलाईट शहरका रूपमा विकास गरिनेछ।
- राज्यको पुनर्संरचना नयाँ-नयाँ क्षेत्रको विकासको लागि अवसर पनि हो भन्ने मान्यताका आधारमा संघ र प्रदेशका केन्द्रहरूको विकास गरिने लक्ष्य नेपाली कांग्रेसको छ। यसै अनुसार प्रस्तावित केन्द्रहरूमा सेवा-सुविधाको विकास गरिनेछ।
- स्वीकृत संघीय संरचना बमोजिम प्रादेशिक राजधानी तय हुने स्थानमा योजनाबद्ध शहरी पूर्वाधार विकास गरी आधुनिक शहर निर्माण गरिनेछ र प्रत्येक प्रादेशिक राजधानीलाई निश्चित विशेषतायुक्त आर्थिक इकाइको रूपमा विकास गरिनेछ।
- स्थानीय तहका भाषा, साहित्य, कला, संस्कृति, दर्शन, इतिहास, गीत, सङ्गीत आदिको उत्थान एवं प्रवर्द्धन गर्न प्रत्येक प्रदेशमा प्रज्ञा-प्रतिष्ठानको गठन गरिनेछ। जहाँ स्थानीय रूपमै क्रियाशील स्रष्टा, विद्वान् संस्कृतिकर्मीहरूको संलग्नता रहने व्यवस्था गरिनेछ।
- प्रदेशका दिवंगत एवं अग्रज स्रष्टाहरुलाई 'सांस्कृतिक सम्पदा' को रूपमा संरक्षण गरी तिनका सृजनाहरुलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रियकरण गर्ने नीति निर्माण गरिनेछ।

### ३.५.५ अन्तर्राष्ट्रिय सम्बन्ध र साझेदारी सुदृढीकरण

आजको अन्तर्राष्ट्रिय सम्बन्ध र विश्व राजनीति जटिल, संवेदनशील र तरल अवस्थामा छ। शीतयुद्धको समाप्तिसंगै एकतन्त्रीय र अधिनायकवादी साम्यवादी शासन पद्धतिको पतन भएको छ। विश्वमा अप्रत्याशित, आमूल र दूरगामी परिवर्तन भइरहेका छन्। बढ्दो आतंकवाद र गैर राज्य-शक्तिको उदयले अस्वस्थता, अशान्ति, उद्दण्डताको बीउ रोपेको छ। साम्प्रदायिकता, धर्मान्धता, झर्रो राष्ट्रवाद तथा हिंसात्मक गतिविधिले विखण्डनशील प्रवृत्तिलाई वढावा दिईरहेका छन्।

मुलुकको स्वाभिमान, स्वाधीनता, सम्मान र हित सर्वदा अपरिवर्तनीय रहन्छन्। यसमा कसैसंग पनि कुनै किसिमको सम्झौता हुन नसक्ने नेपाली कांग्रेसको अडान रहिआएको छ। परराष्ट्र मामिलाका विषयहरु राष्ट्रिय हितसंग सम्बद्ध र दूरगामी महत्वका हुने हुँदा परराष्ट्र नीतिमा राष्ट्रिय सहमति निर्माण गरी समग्र राष्ट्रको एकतावद्ध, एउटै नीति, एउटै आवाज, एउटै व्यवहार तथा एउटै माध्यमको अवधारणा अनुरुप सबै सम्बद्ध निकाय र नेतृत्वबाट कूटनीतिक मर्यादाको पूर्ण पालना गराउने विषयलाई नेपाली कांग्रेसले प्राथमिकतामा राख्नेछ।

एकातिर विश्वमा सैद्धान्तिक द्वन्द्व क्रमश: शिथिल हुँदैछन् भने विश्वको राजनीतिमा सांस्कृतिक द्वन्द्वले खतरनाक रुप लिइरहेको देखिन्छ । नेपाललाई यस्तो प्रवृत्तिबाट बचाउनु हाम्रो अन्तर्राष्ट्रिय सम्बन्धको प्रमुख प्राथमिकता हुनेछ ।

हाम्रा दुई छिमेकी विशाल मुलुक भारत र चीन एक्काइसौ शताब्दीकै महत्वपूर्ण र शक्तिशाली राष्ट्रका रुपमा उदय भएको सन्दर्भमा नेपालको महत्व झन बढेको छ । नेपालको भौगोलिक अवस्थिति र महत्वले महाशक्ति राष्ट्रहरुको विदेश नीतिमा समेत महत्वपूर्ण ध्यान ओगट्न पुगेको

छ । यस पृष्ठभूमिमा नेपालले दुई निकट छिमेकी मित्रराष्ट्रहरुसंग भौगोलिक यथार्थलाई केन्द्रविन्दुमा राखेर आपसी विश्वास, सहयोग र सहकार्यको वातावरणलाई प्रगाढ बनाउँदै लैजान र परिवर्तित सन्दर्भमा विद्यमान र उदीयमान विश्व शक्तिहरुसंग सहयोगात्मक सम्वन्धमा समयानुकल गतिशीलता प्रदान गर्न आवश्यक छ । छिमेकी मित्रराष्ट्रहरु भारत र चीनसंग विश्वसनीय र मैत्रीपूर्ण, सन्तुलित सहयोगात्मक सम्बन्ध र सहकार्य गर्नु नेपालको परराष्ट्र नीतिको सर्वाधिक उच्च प्राथमिकता रहनुपर्छ भन्ने नेपाली कांग्रेसको धारणा छ र यसैबाट हाम्रो परराष्ट्र नीतिको प्रभावकारिता बढ्नेछ ।

नेपाली कांग्रेस आन्तरिक राजनीतिमा बहुलवाद र अन्तर्राष्ट्रिय सम्वन्धमा बहुध्रुवीय सिद्धान्तमा विश्वास गर्दछ । नेपाल र नेपाली नागरिकको हितलाई सर्वोपरी राख्दै नेपाली कांग्रेसको परराष्ट्र नीति निम्न बमोजिम हुनेछ :

- पञ्चशीलका सिद्धान्त, संयुक्त राष्ट्र संघको बडापत्र, असंलग्नता, राष्ट्रिय हित एवं सुरक्षा, विश्व शान्ति, अन्तर्राष्ट्रिय कानून, लोकतन्त्र र मानव अधिकार परराष्ट्र सम्बन्धका मूल आधार रहनेछन् ।
- नेपाललाई अन्तर्राष्ट्रिय समुदायबीच एक सक्षम, सम्मानित एवं प्रतिष्ठित सदस्य तथा विश्व शान्ति र समृद्धिमा योगदान गर्ने राष्ट्रका रुपमा स्थापित गरिनेछ । विश्वमा देखिएको समस्याहरुको शान्तिपूर्ण समाधानका लागि सम्वाद र कुटनीतिलाई जोड दिदै विश्व शान्ति स्थापना कार्यमा नेपालको भूमिकालाई अझ सशक्त र प्रभावकारी बनाइनेछ ।
- छिमेकी मित्रराष्ट्र भारत र चीनसँगको बहुआयामिक र बहुपक्षीय सम्बन्धलाई उच्च प्राथमिकता दिदै समानता, स्वतन्त्रता, राष्ट्रिय स्वाभिमान र भौगोलिक अखण्डताको पूर्ण पालना हुने गरी पारस्परिक हित र अन्तर्राष्ट्रिय सम्बन्धका मुल्य र मान्यता अनुरुप व्यवहारिक र वस्तुनिष्ठ आधारमा अरु सुदृढ र सुमधुर बनाइनेछ । दुबै छिमेकी राष्ट्रहरुको आर्थिक प्रगतिबाट लाभ लिने गरी साझेदारीको नीतिलाई प्राथमिकता दिइनेछ ।
- छिमेकी मित्रराष्ट्रहरुको सुरक्षा र संवेदनशीलतालाई ध्यानमा राख्दै नेपालको भूमि कुनै पनि राष्ट्रको हित विपरीत प्रयोग गर्न नदिने नीति नेपाली कांग्रेसले अवलम्वन गर्नेछ । साथै, नेपाली कांग्रेसले नेपालको शान्ति सुरक्षा, सम्मान र राष्ट्रिय हित

विपरीत विदेशी भूमीबाट समेत कुनै पनि हिंसात्मक गतिविधि हुन नदिने नीति सुनिश्चित गरिनेछ ।

- सबै मित्रराष्ट्रहरु र अन्तर्राष्ट्रिय संघ/समुदायसंग पारस्परिक सम्मान, समझदारी, सदभाव र समानताका आधारमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं अन्य क्षेत्रहरुमा सहयोगात्मक सम्बन्ध कायम राखिनेछ ।
- संयुक्त राष्ट्रसंघको माध्यमबाट शान्तिप्रेमी, लोकतान्त्रिक र स्वाधीन राष्ट्रका रुपमा नेपालले दिंदै आएको योगदान र अन्तर्राष्ट्रिय छविलाई निरन्तरता दिइनेछ ।
- क्षेत्रीय सहयोग, समझदारी र विकासका लागि सार्क तथा बिमिस्टेक लगायतका क्षेत्रीय संगठनहरुबाट सदस्य राष्ट्रहरुबीच समतामूलक लाभ प्राप्त हुने गरी नेपालको भूमिकालाई प्रभावकारी बनाउने नेपाली कांग्रेसको नीति रहनेछ ।
- अल्पविकसित एवं भूपरिवेष्टित मुलुकहरुको हित अनुरुप द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहमा सक्रिय र गतिशील भूमिका निर्वाह गरिनेछ । दक्षिण-दक्षिण सहयोगको परिचालनबाट लाभ लिन, आन्तरिक तैयारीलाई तीव्र बनाइनेछ । भूपरिवेष्टित मुलुकले पाउने निर्वाध पारवहन सुविधाको सम्मान र प्रत्याभूति गर्ने नीति नेपाली कांग्रेसको रहनेछ ।

**आदरणीय दिदीबहिनी-दाजुभाइहरु,**
हाम्रा सामु केही गम्भीर प्रश्न खडा भएका छन् - देशलाई अतिवादी राजनीतिक सोंच र व्यवहारतर्फ धकेल्ने वा पारस्परिक सहमति, सहिष्णुता र सहकार्यको लोकतान्त्रिक र सुरक्षित बाटोतर्फ उन्मुख गराउने ? देश र जनताको समय र सामर्थ्य निरर्थक राजनीतिक मतभेद र द्वन्द्वमा खर्चिराख्ने वा द्वन्द्वको राजनीतिबाट निकालेर देशलाई आर्थिक विकास र जनताको समृद्धितर्फ केन्द्रित गर्ने ? वर्तमान कम्युनिष्ट गठबन्धन फेरि एकपटक देशलाई उग्र राजनीतिक विचार, व्यवहार र द्वन्दतर्फ लैजान खोजेको छ। जुन देशको समृद्धि र सामाजिक एकताका लागि बाधक बन्न सक्छ।

नेपाली कांग्रेसले सधै संसदीय लोकतन्त्र र जनताका लोकतान्त्रिक अधिकारका निम्ति संघर्ष गर्दै बलियो राष्ट्र र सुदृढ नेपाली राष्ट्रियताको जगमा आर्थिक विकासको दिगो आधार स्थापना गर्ने प्रयत्न गरेको छ। नेपाली कांग्रेस पार्टीले राष्ट्रियता र लोकतन्त्रको दोहोरो जिम्मेवारी बोक्दै अरु राजनीतिक दलहरुलाई समेत शान्तिपूर्ण राजनीति र विकास अभियानमा सधैं साथ लिएर हिडेको छ। त्यसैले, नेपाली कांग्रेसले कहिल्यै पनि द्वेष र असहिष्णुताको बाटो रोजेन, सधैं सहमति, सहकार्य, एकता र मेलमिलापको बाटो रोज्यो।

नेपाली राजनीतिक इतिहासको एउटा महत्वपूर्ण यथार्थ के हो भने - नेपालमा विभिन्न कालखण्डमा जन्मिएका उग्र वामपन्थी विचार र व्यवहारमा संगठित राजनीतिक दललाई नेपाली कांग्रेसले आफूले अवलम्वन गर्दै आएको बहुलवादमा आधारित बहुदलीय लोकतान्त्रिक मूल्य-पद्धति र शान्तिपूर्ण राजनीतिको दायरामा ल्याउन प्रयास गरेको छ। त्यसैगरी, दक्षिणपन्थी विचारका राजनीतिक दल र प्रवृत्तिको पनि कांग्रेसको प्रभाव र सहकार्यमा क्रमश: लोकतान्त्रिकीकरण भएको छ। नेपाली कांग्रेस आफ्ना यिनै ऐतिहासिक भूमिकाका कारण राष्ट्रियता, लोकतन्त्र र विकासको मियो प्रमाणित भएको हो।

**नेपाली कांग्रेसको यो राष्ट्रिय भूमिकालाई अझ बल प्रदान गर्न तथा देशलाई एकता, शान्ति र समृद्धिको बाटोमा अघि बढाउन, लोकतन्त्र र विकासको एजेण्डामा संगठित गर्न र हाम्रा गाउँ-नगरमा शान्ति, सामाजिक सद्भाव र एकता सुदृढ बनाउन नेपाली कांग्रेस पार्टीका उम्मेदवारहरुका पक्षमा मतदान गर्न सम्पूर्ण दिदीवहिनी दाजुभाइहरुलाई हार्दिक अपिल गर्दछ।**

**जय नेपाल !**

## प्रदेशहरूको सामर्थ्य र सम्भावना

| | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| जनसंख्या | ४५३४९४३ | ५४०४१४५ | ५५२९४५२ | २७३५६६१ | ४३२२७५१ | १४१५०३५ | २५५२५१७ |
| क्षेत्रफल (हेक्टर) | २६१०९७० | ९५८९६९ | २०३०३०१ | २२६८३१७ | १९८०८४८ | २९४६६४८ | १९७७३६८ |
| मानव विकास सूचकांक | ०.५० | ०.४२ | ०.५१ | ०.५१ | ०.४६ | ०.४१ | ०.४२ |
| प्रतिव्यक्ति आय (पीपीपी $) | १२११ | ९२२ | १३६७ | १३८४ | ९२८ | ८०९ | ६८५ |
| गरिबी (प्रतिशत) | १८ | २८ | २० | २१ | २७ | ४३ | ४७ |
| औसत आयु | ६९ | ७० | ७० | ६९ | ६८ | ६५ | ६७ |
| शिशु मृत्युदर (१००० मा) | ३५.६ | ५८.४ | २४.७ | २२.१ | ४२.८ | ५५.९ | ४७.९ |
| साक्षरता (प्रतिशत) | ६४.६ | ४१.० | ६०.८ | ६६.७ | ५८.९ | ४८.० | ५२.७ |
| महिला नेतृत्वमा घरपरिवार (प्रतिशत) | २६.६ | १३.२ | २५.७ | ३६.८ | ३१.७ | १६.१ | २५.६ |
| सफा खानेपानी पहुँच नभएका घर (प्रतिशत) | १७.८ | ७.५ | २१.१ | १४.९ | १६.८ | ३५.९ | २५.९ |
| बिजुलीमा पहुँच भएका घर (प्रतिशत) | ५४.५ | ५९.९ | ७७.६ | ८०.३ | ५७.० | २०.५ | ३७.२ |
| टिभी भएका घर (प्रतिशत) | २५.९ | ३३.० | ४०.८ | ३०.१ | २३.६ | ६.९ | १२.७ |
| सडक संजाल (कि.मी.) | २२४७.६ | १३०३.८ | २३८०.३ | १६६६.९ | २२८७.७ | ११५२.० | १४०५.७ |
| वनजंगलको क्षेत्रफल (प्रतिशत) | ३९.६ | २७.२ | ५१.५ | ३२.६ | ४८.९ | ३०.६ | ५१.१ |
| मोवाइल फोन भएका घर (प्रतिशत) | ६०.६ | ५५.४ | ६६.५ | ७१.९ | ६१.४ | ३९.८ | ४१.५ |
| औसत श्रमिक उत्पादकत्व (रु. हजार) | १०४ | १२२ | १२७ | ११९ | ९१ | ७५ | ६५ |
| अनुपस्थित जनसंख्या (प्रतिशत) | ७.३ | ३.९ | ५.३ | १०.८ | ९.६ | २.८ | ८.० |

नोट १ : सन २०११ को आंकडा

नोट २ : ७५ जिल्लाका आधारमा (सिङ्गै रुकुम प्रदेश नं. ५ र नवलपरासी प्रदेश नं. ४ मा)

## परिचय

प्रदेश १ सगरमाथा र कञ्चनजंघा जस्ता हिमशिखर भएको, किरात धर्मावलम्बीहरुको ऐतिहासिक थातथलो भएको, नेपालको प्रथम औद्योगिक नगरी विराटनगर भएको, ऐतिहासिक विजयपुर राज्यको सीमासँग मिल्ने, कोशी पुर्वको नेपाली भूभाग हो । २०११ को राष्ट्रिय जनगणना अनुसार यो प्रदेशको जनसंख्या ४५३४९४३ छ । यो प्रदेशको मानव विकास सूचकांक ०.५० छ, जुन प्रदेश ३ र ४ पछिको सर्वाधिक हो । यस प्रदेशमा १८.४१ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन । यो प्रदेश नेपाली प्रजातान्त्रिक आन्दोलनका शिखर पुरुष एवं जननायक वीपी कोइरालाको गृहनगर भएको प्रदेश पनि हो ।




### प्रदेश १

**जनसंख्या :** ४५३४९४३
**मानव विकास सूचकांक :** ०.५०
**गरिबीको रेखामुनिका जनसंख्या :** १८.४१%
**रणनैतिक सडक सञ्जाल :** २२४७.६३ कि मी
**वयस्क साक्षरता दर :** ६४.६०%
**प्रति व्यक्तिआय (पिपिपी) :** १२११ (अमेरिकी डलर)

## चुनौती

मुलुकका अन्य भागहरु जस्तै वेरोजगारी र गरिबी प्रदेश १ का मुख्य चुनौती हुन । भविष्यमा पनि विकट पूर्वी पहाडी भागमा विकास र आधारभूत स्वास्थ्य सेवा पुऱ्याउनु यस प्रदेशको मुख्य चुनौती रहिरहनेछ। आर्थिक प्रगति गर्दै गइरहेको भए पनि यो प्रदेशले मानव विकासमा अझै प्रगति गर्न आवस्यक छ (उदाहरणका लागि यहाँ जनसंख्याको ४१.११% मा पुड्कोपन र २५.५८% मा कम तौल छ) । यहाँको प्रतिव्यक्ति औसत आयु ६८.५२ वर्ष छ जुन प्रदेश २, ३ र ४ को भन्दा कम हो । मुलुकको अन्य क्षेत्रमा जस्तै पहाड र समथरभूमीमा बस्ने तथा शहर र गाउँमा बस्नेहरुको बिचको आर्थिक अन्तर बढ्दै जान नदिनु पनि यो प्रदेशको आर्थिक भविष्यको लागि मुख्य चुनौती हुनेछ। यसबाहेक यहाँका १७.८% घरधुरिसंग स्वच्छ पानीको पहुँच छैन भने २७.८% सँग चर्पी छैन । यहाँका ८३.७% जनसंख्यालाई अझै पनि खानेकुरा पकाउन दाउरा प्रयोग

गर्नुपर्छ। यहाँको शिशु मृत्युदर प्रति एक हजार जन्ममा ३५.६ छ। प्रदेश १ को भविष्यमा मुख्य चुनौती भनेका यी सूचकहरुमा परिणाम मूलक सुधार गर्नु नै हो ।


**संभावना**

भारतीय हिलस्टेसन तथा पहिलेको शिक्षाको केन्द्र दार्जिलिङसँग जोडिएको यस प्रदेशको वयस्क साक्षरता दर प्रदेश ४ पछि मुलुककै सबैभन्दा धेरै अर्थात् ६४.६% छ । धार्मिक पर्यटनका दृष्टिले पनि महत्वपूर्ण मानिने पाथिभरा माई, पवित्र वराह क्षेत्र, हलेसी महादेव, दन्तकाली र बुढासुब्बाको मन्दिर तथा प्रख्यात किरात धर्मगुरु सिरिजङ्गा तथा महागुरु फाल्गुनन्दको जन्मस्थल यही प्रदेशमा पर्छ । सगरमाथा राष्ट्रिय निकुञ्ज, कञ्चनजंघा संरक्षण क्षेत्र, मकालु वरुण राष्ट्रिय निकुञ्ज, कोशी टप्पु संरक्षण क्षेत्र लगायत जलविद्युत् विकासका दृष्टिले महत्वपूर्ण कावेली करीडोर, माइखोला, तमोर नदी पनि यही छन् । अलैची, चिया लगायतका नगदे बालीको लागि पनि यो क्षेत्र प्रख्यात छ । यसबाहेक पशुपालन र दुग्ध उत्पादनमा पनि यो क्षेत्र अग्रणी छ । यसैले उद्योगधन्दा, कृषि, जलविद्युत्, पर्यटन सबै क्षेत्रमा यो प्रदेशले प्रचुर संभावना बोकेको देखिन्छ ।

## प्रदेश २

**परिचय**

प्रदेश २ मुलुकको मध्य भागमा अवस्थित, जनकपुर, सिमरौनगढ र राजविराज जस्ता ऐतिहासिक तथा विरगञ्ज र सिमरा जस्ता औद्योगिक शहरहरु रहेको र मुलुकको प्रजातान्त्रिक आन्दोलनका धेरै अग्रणी व्यक्तित्वहरु जन्मेको प्रदेश हो । २०११ को जनगणना अनुसार यो प्रदेशको जनसंख्या ५१३७९०० छ । यो प्रदेशको मानव विकास सूचकांक ०.४२ छ, जुन प्रदेशहरु मध्य पुछारबाट दोस्रो हो । यस प्रदेशमा २७.९५% जनसंख्या गरिबीको रेखामुनि रहेका छन् ।




**प्रदेश २**

**जनसंख्या :** ५१३७९००

**मानव विकास सूचकांक :** ०.४२

**गरिबीको रेखामुनिका जनसंख्या :** २७.९५%

**रणनैतिक सडक सञ्जाल :** १३०३.७७ किमी

**वयस्क साक्षरता दर :** ४१.०२%

**प्रति व्यक्तिआय (पिपिपी) :** ९२२.२५ (अमेरिकी डलर)

प्रदेश २ राजनैतिक रुपमा सचेत र प्रजातान्त्रिक आन्दोलनसँग लामो समय देखि जोडिएको क्षेत्र हो । २००७ सालको क्रान्तिको शुरुवाती चरणका आन्दोलन भएका वीरगञ्ज, हनुमान

नगर जस्ता स्थलहरु, युवा शहीदहरुले शहादत प्राप्त गरेको जदुकुहा, मधेशी आत्मसम्मान र अधिकारको लागि भएको प्रथम मधेश आन्दोलनको उद्गमस्थल लाहान यही प्रदेशमा पर्दछन् भने २०१७ सालको प्रतिक्रान्तिपछि अमानवीय रुपमा फाँसी दिइएका शहीद दुर्गानन्द झा पनि प्रदेश २ कै हुनुहुन्थ्यो ।

## चुनौती

प्रदेश २ का अहिलेका मुख्य चुनौतीहरु भनेको यहाँका गरिबीका रेखामुनिरहेका धेरै जनसंख्यालाई कसरी उक्त रेखामाथि ल्याउने भन्ने नै हो । यो प्रदेशमा हाल साक्षरताको दर कम छ भने स्वास्थ्यको स्थिति पनि नाजूक छ । साथै खानेपानीमा पहुँच नभएका जनसंख्या मुलुककै कम (७.५%) भएता पनि प्रदेश २ मा चर्पी नभएका घरहरु मुलुककै धेरै अर्थात् ७२.७% छन् । मुलुकमै धेरै वेरोजगारी दर पनि प्रदेश २ कै छ । यसबाहेक यस प्रदेशको २७.२% क्षेत्र मात्र जंगलले ढाकेकोले यसले तारन्तार भूक्षय तथा जल उत्पन्न प्रकोपजन्य समस्याहरु भोग्दै आउनुपरेको छ । शिशु मृत्युदर प्रति एक हजारमा ५८.४ (प्रदेशहरुमध्ये सबभन्दा धेरै) छ भने बाँचेकाहरु मध्य पनि तौल कम भएका जनसंख्या ३२.९८% तथा उचाइ कम भएका जनसंख्या ३९.०४% छन् ।

## संभावना

मुलुकका अग्रणी औद्योगिक नगरीहरु वीरगञ्ज र सिमरा, मुलुकको प्रमुख भन्सार नाका वीरगञ्ज र पवित्र प्राचीन शहर जनकपुर भएको प्रदेश २ ले सगरमाथा क्षेत्र जानु अघि रोकिने प्रमुख मुकाम पनि बन्न सक्ने संभावना राख्छ । लामो समयदेखि प्रमुख कृषि उत्पादक रहेको यो प्रदेश अहिले कृषिजन्य उद्योगको प्रमुख प्रदेश बन्न सक्ने संभावना राख्दछ । समथर जमीन भएकोले सडक विस्तार गर्न सजिलो छ र भविष्यमा प्रस्तावित अन्तर्राष्ट्रिय विमानस्थल, रेलमार्ग र द्रुत मार्गले पनि यस प्रदेशलाई छुन्छन । स्थिर राजनीति, र अनुकूल परिस्थिति भएमा मुलुकका आर्थिक रुपमा बलिया प्रदेशहरु (१, ३, ४) को मध्य भागमा पर्ने यस प्रदेशमा लगानी भित्र्याउन सजिलो हुनेछ । यसबाहेक धार्मिक र ऐतिहासिक पर्यटनका लागि जनकपुर, गढिमाइ, र सिमरौनगढ जस्ता स्थलहरु महत्वपूर्ण आकर्षण बन्न सक्छन् ।

## प्रदेश ३

### परिचय

प्रदेश ३ गएको २५० वर्षदेखि समग्र मुलुकको शक्तिको केन्द्र र प्राचीन नेपाली सभ्यताको पर्यायवाची जस्तै मानिने नेवारी सभ्यताको केन्द्रविन्दु रहेको काठमाडौं उपत्यका तथा त्यसका वरिपरिका जिल्लाहरु मिलेर बनेको छ । मुलुकका क्रूरशासकहरुको प्रताडना यसले नजीकबाट खेपेको छ भने त्यसको विरुद्ध लड्नेमा पनि यो सधैं अगाडि छ । मुलुकका प्रथम अस्पताल, विश्वविद्यालयहरु पनि यो प्रदेशमै खुलेका थिए । २०११ को जनगणना अनुसार यो प्रदेशको जनसंख्या ५५२९४५२ छ। यो प्रदेशको मानव विकास सूचकांक ०.५१ छ, जुन प्रदेश ४ सँगसँगै मुलुकको सर्वाधिक हो। प्रतिव्यक्ति औसत वार्षिक आय (पिपिपिमा) १३६७.३८ अमेरिकी डलर रहेको यस प्रदेशमा २०.३४% जनसंख्या गरिबीको रेखामुनि रहेका छन् ।




**प्रदेश ३**

**जनसंख्या :** ५५२९४५२
**मानव विकास सूचकांक :** ०.५१
**गरिबीको रेखामुनिका जनसंख्या :** २०.३४%
**रणनैतिक सडक सञ्जाल :** २३८०.२६ किमी
**वयस्क साक्षरता दर :** ६०.७८%
**प्रति व्यक्तिआय (पिपिपी) :** १३६७.३८ (अमेरिकी डलर)

### चुनौती

यस प्रदेशका लागि विद्यमान गरिबी, अशिक्षा , बेरोजगारी र विभिन्न समुदायको आर्थिक तथा सामाजिक पुँजी बीचको फरक मुख्य चुनौती हुन। अप्ठेरो भौगोलिक स्थितिले गर्दा यस क्षेत्रका तामाङ वाहुल्य रहेको हिमाली क्षेत्रमा विकास पुग्न सकेको छैन भने शहरी क्षेत्रहरु उचित व्यवस्थापनको अभावमा अस्तव्यस्त छन् । मुलुकभरिबाट काठमाडौंमा अवसर खोज्न आउनेहरु विगत केही वर्षदेखि बढ्दै गएका छन् भने काठमाडौंको पूर्वाधार त्यो आगमन धान्न सक्ने गरी बनाइएको छैन । यस प्रदेशमा मेलम्ची जस्ता ठुला खानेपानी आयोजनाहरु निर्माणरत रहँदा खानेपानीमा पहुँच नभएको जनसंख्या २१.१% छ। चर्पी नभएका घरहरु २८% छन्। यसबाहेक शिशु मृत्यूदर हरेक हजारमा २४.७ छ भने बाँचेकाहरु मध्ये पनि तौल कम भएका जनसंख्या २४.७२% तथा उचाइ कम भएका जनसंख्या ४०.०२% छ। आधारभूत शिक्षा तथा स्वास्थ्य सुविधा प्रदान गर्दै शहरीकरणको आडमा समृद्धि बढाउनु यस प्रदेशको मुख्य चुनौती हुनेछ ।

### संभावना


अहिले नै मुलुकका पर्यटकहरु जाने प्रमुख चार स्थलहरुमध्ये दुई (काठमाण्डु र चितवन) यस प्रदेशमा पर्छन् । पर्यटकीय दृष्टिले महत्वपूर्ण चितवन राष्ट्रिय निकुञ्ज, लाङ्टाङ राष्ट्रिय निकुञ्ज तथा गौरीशंकर संरक्षण क्षेत्र समेत यो प्रदेशमा पर्छन् । मुलुकको अधिकांश आर्थिक कारोबार हुने यस प्रदेशमा शिक्षा, स्वास्थ्य, जलविद्युत् र पर्यटनमा प्रचुर संभावना छ । हेटौंडा, बालाजु तथा पाटन औद्योगिक क्षेत्र रहेको यस प्रदेशलाई लगानी भित्राउन अरु प्रदेशलाई भन्दा सजिलो छ । कूल ५१.५% भूभाग जंगलले भरिएको यस प्रदेशमा वनजन्य उद्योगको पनि त्यत्तिकै संभावना छ । त्यसवाहेक रसुवा, धादिङ, सिन्धुपाल्चोक र दोलखा जिल्लामा जलविद्युत् आयोजनाहरु अहिले नै धेरै छन् र विस्तारै बढ्ने क्रममा छन् । प्रदेश ३ ले यी आयोजनाहरुबाट यथेष्ट फाईदा लिन सक्ने पनि देखिन्छ ।

## प्रदेश ४

### परिचय

प्रतिव्यक्ति आय र साक्षरता दर सबैभन्दा उच्च भएको, अन्नपूर्ण संरक्षण क्षेत्र देखि विश्वप्रसिद्ध पर्यटकीय नगरी पोखरा रहेको प्रदेश ४ गोर्खा, लमजुङ, तनहुँ, पर्वत तथा मुस्ताङ जस्ता पुराना राज्यहरु मिलेर बनेको छ । गुरुङ, मगर, खस लगायतका समुदाय वसोवास गर्ने यो प्रदेश जातीय दृष्टिले विविध छ भने यसमा भौगोलिक दृष्टिले साविकको नवलपरासीका केही भाग बाहेक मुख्यत पहाडी क्षेत्रहरु छन् ।

२०११ को जनगणना अनुसार यो प्रदेशको जनसंख्या २७३५६६१ छ । मुलुकको सबैभन्दा उच्च मानव विकास सूचकांक भएका दुई प्रदेश (३ र ४ ) मध्य यो एक हो र यसको सूचकांक ०.५१ छ ।



**प्रदेश ४**

**जनसंख्या :** २७३५६६१

**मानव विकास सूचकांक :** ०.५१

**गरिबीको रेखामुनिका जनसंख्या :** २०.५४%

**रणनैतिक सडक सञ्जाल :** १६६६.९२ कि मी

**वयस्क साक्षरता दर :** ६६.६६%

**प्रति व्यक्तिआय (पिपिपी) :** १३८४.२७ (अमेरिकी डलर)

प्रतिव्यक्ति औसत वार्षिक आय (पिपिपिमा) १३८४.२७ अमेरिकी डलर रहेको यस प्रदेशमा २०.५४% जनसंख्या गरिबीको रेखामुनि रहेका छन ।

## चुनौती

सफलताका वावजूद यो प्रदेशका कैंयन चुनौती पनि छन । मुख्यगरी पहाडी क्षेत्रमा यात्रा कष्टकर छ र गुणस्तरीय स्वास्थ्य र शिक्षा सेवा हरेक क्षेत्रमा पुऱ्याउन सकिएको छैन । यसका बाबजूद सरकारी तथा गैर सरकारी पहलमा विभिन्न उपयुक्त कार्यक्रमहरु चलाएर बाल मृत्युदर २२.०८ (प्रति एक हजार जीवित जन्ममा) मा पुऱ्याइएको छ । औसत आयु प्रदेश २ र ३ को भन्दा कम (अर्थात ६९.१२ वर्ष) छ भने पोखरा औद्योगिक क्षेत्र बाहेक अरु औद्योगिक क्षेत्रहरु खुलेका छैनन जसले गर्दा रोजगारीका अवसरहरु यस क्षेत्रमा सीमित छन । यस्तै अझै पनि २०.९७% घरधुरीमा चर्पी छैन, ७५% घरमा दाउरालेनै खाना पकाउने गरिन्छ भने लगभग १५% जनता स्वच्छ पानी पिउनबाट वञ्चित छन् । यस प्रदेशको लगभग एक तिहाइ भाग मात्र जंगलले ढाकेकाले र यसमा धेरै हिमालबाट सिधै बगेर आउने नदीहरु भएकोले जलवायु परिवर्तनका दृष्टिले पनि यो प्रदेश निकै संवेदनशील छ ।

## संभावना

मुलुकमै सबैभन्दा बढी महिला घरमूली भएको भौगोलिक क्षेत्र हो यो प्रदेश (३६.८%) । लैंगिक समानता, शिक्षा र प्रतिव्यक्तिआय तुलनात्मक रुपमा उच्च रहेको यो प्रदेशमा पर्यटन र जलविद्युत्को प्रचुर संभावना छ । प्रस्तावित बुढीगन्डकी योजनादेखि मर्स्याङ्दी जलविद्युत् योजनासम्म यही प्रदेशमा पर्छन् । पोखरा, मुस्ताङ, बन्दिपुर, मनाङ जस्ता पर्यटकीय क्षेत्रहरु पनि यही प्रदेशमा पर्छन् । संसारको सबैभन्दा गहिरो गल्छी (कालीगण्डकी), धार्मिक पर्यटनकालागि प्रख्यात देवघाट, मुक्तिनाथ, मनकामना, दामोदरकुण्ड जस्ता स्थानहरु यही छन् । यसवाहेक व्यवसायिक शिक्षाका लागि पनि यो सुन्दर प्रदेश अत्यन्त उपयुक्त हुन सक्छ । मुलुकको अर्को एक अन्तर्राष्ट्रिय विमानस्थल पोखरामै बन्ने क्रममा छ भने पृथ्वी राजमार्गको स्तरोन्नति गरेर चार लेन बनाउने प्रक्रिया शुरु भएको छ । यसरी काठमाडौ र पोखरा जोडिने क्रम तीव्र हुँदै गयो भने शिक्षा, स्वास्थ्य र पर्यटनमा राम्रो गरेको नाताले यस प्रदेशले अरु सबै बातावरण मिलेमा निकै लगानी भित्र्याउने अपेक्षा गर्न सकिन्छ ।

# प्रदेश ५

## परिचय

भगवान बुद्धको जन्मस्थल लुम्बिनी र महाभारतकालीन महत्वपूर्ण स्थल स्वर्गद्वारी भएको, प्रख्यात बर्दिया तथा बाँके राष्ट्रिय निकुञ्ज भएको, पुराना बलिया राज्यहरु पाल्पा र गुल्मीदेखि नयाँ मुलुकका बाँके र बर्दियासम्म समेटिएको, समथर तराई देखि माथि हिमालसम्म फैलिएको प्रदेश ५ वातावरणीय र सामाजिकरुपमा अत्यन्त विविधता भएको एक महत्वपूर्ण प्रदेश हो ।

२०११ को जनगणना अनुसार यो प्रदेशको जनसंख्या ४३२२७५१ छ । यसको मानव विकास सूचकांक ०.४६ छ । प्रतिव्यक्ति औसत वार्षिक आय (पिपिपिमा) ९२८.२७ अमेरिकी डलर रहेको यस प्रदेशमा २६.६८% जनसंख्या गरिबीको रेखामुनि रहेका छन ।




## प्रदेश ५

**जन संख्या :** ४३२२७५१

**मानव विकास सूचकांक :** ०.४६

**गरिबीको रेखामुनिका जनसंख्या :** २६.६८%

**रणनैतिक सडक सञ्जाल :** २२८७.६५ किमी

**वयस्क साक्षरता दर :** ५८.९३%

**प्रति व्यक्तिआय (पिपिपी) :** ९२८.२७ (अमेरिकी डलर)

### चुनौती

सीमित रोजगारीका अवसरहरु हुनु, भएका पर्यटकीय राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रबाट धेरै आर्थिक लाभ उठाउन नसक्नु, भौगोलिक विकटता, रणनीतिक सडक सञ्जालको कमी यस प्रदेशका मुख्य समस्या हुन । यस प्रदेशको शिशु मृत्युदर अझै पनि उच्च (४२.८) छ जुन प्रदेश ४ को भन्दा लगभग दोब्बर हो । पौष्टिक खानेकुराको बालक कालदेखि युवावस्थासम्म अभाव जनाउने गरी पुड्कोपन ४१.८१% र कम तौल हुने समस्या ३०.६५% जनसंख्यामा छ । १६.८% जनसंख्या सम्म अझै पिउने पानीको पहुँच पुगेको छैन भने ४५% घरहरुमा चर्पी नभएको अवस्था छ । अशिक्षा र अभावको कारणले वेला वेलामा कम्युनिष्टहरु लगायत अरु उग्र बिचार धारा बोक्ने समुहले यहाँका जनताहरु माझ भ्रम छरेर फाईदा उठाइरहेका र भविष्यमा पनि उठाउन सक्ने संभावना देखिन्छ ।

### संभावना

यस प्रदेशको प्रमुख संभावना पर्यटन नै हो । लुम्बिनीको आध्यात्मिक महत्व र भगवान बुद्धको जीवनसँग जोडिएका अन्य स्थलहरुको उचित प्रचारप्रसार हुन सकेको स्थितिमा लुम्बिनी क्षेत्रले धेरै पर्यटकहरु आकर्षित गर्न सक्नेछ । त्यसवाहेक गैंडा, बाघजस्ता जनावरहरुको वासस्थल बन्दै गएको बर्दिया र बाँके निकुञ्ज क्षेत्रको अझै यथेष्ट प्रचार हुन सकेको छैन । नेपालगञ्ज र भैरहवा जस्ता शहरहरु आर्थिक दृष्टिले पनि महत्वपूर्ण बन्दै गएका छन भने नेपालगञ्ज हाल मानसरोवर यात्रा गर्नेहरुको लागि एक महत्वपूर्ण मुकाम भएकोछ । त्यस बाहेक तानसेन जस्ता शहरहरु उष्ण छिमेकी भारतीय शहरका पर्यटकहरुलाई आकर्षण गर्न सक्ने क्षमता राख्छन । पर्यटनका अलावा रुपन्देही, दाङ,


बाँके र बर्दिया जस्ता तराइका जिल्लाहरुमा कृषिको प्रचुर संभावना छ । यो प्रदेशको माथी पहाडमा पनि कफी खेती र जडिबुटिको धेरै संभावना छ । हाल भैरहवामा विशेष औद्योगिक क्षेत्र खोलिएको र यहाँ भएका चुनढुंगा खानीले ठुलाठुला सिमेन्ट उद्योगहरुलाई आकर्षित गरेको अवस्थामा यो प्रदेश औद्योगिक रुपमा पनि सबल बन्ने संभावना देखिन्छ ।

## प्रदेश ६

### परिचय

प्राचीन जुम्ला राज्य र त्यसका वरिपरिका जिल्लाहरु समेटिएर बनेको, राज्यको उपेक्षाको पर्याय जस्तै भएका कर्णाली क्षेत्र, रारा र फोकसुन्डो जस्ता सुन्दर तालहरु भएको प्रदेश ६ एक अत्यन्त संभावना बोकेको प्रदेश हो ।

२०११ को जनगणना अनुसार यो प्रदेशको जनसंख्या १४१५०३५ छ । यसको मानव विकास सूचकांक ०.४१ छ । प्रतिव्यक्ति औसत वार्षिक आय (पिपिपिमा) ८०८.५६ अमेरिकी डलर रहेको यस प्रदेशमा ४२.८४% जनसंख्या गरिबीको रेखामुनि रहेका छन ।




**प्रदेश ६**

**जनसंख्या :** १४१५०३५

**मानव विकास सूचकांक :** ०.४१

**गरिबीको रेखामुनिका जनसंख्या :** ४२.८४%

**रणनैतिक सडक सञ्जाल :** ११५२.०३ किमी

**वयस्क साक्षरता दर :** ४८.०२%

**प्रति व्यक्तिआय (पिपिपी) :** ८०८.५६ (अमेरिकी डलर)

### चुनौती

लगभग सबैजसो विकासका सुचकांकहरुमा पछाडि देखिएको प्रदेश ६ का अगाडि चुनौतिका चाङहरु छन् । मुलुकमै सबैभन्दा धेरै अर्थात ३५.९% घरधुरिलाई पानीको अभाव छ भने ४७.९% घरहरुमा चर्पी छैनन् । यसै कारणले गर्दा यस प्रदेशको बाल मृत्युदर अत्यन्त धेरै अर्थात् ५५.९% छ भने पोषणतत्वको अभावमा यहाँको ३८.५१% जनसंख्यामा पुड्कोपन देखिएको छ । ५१.९३% जनसंख्यामा कमतौलको समस्या छ । मुलुकका सात प्रदेश मध्ये सबैभन्दा कम रणनीतिक सडक सञ्जाल पनि यही प्रदेशमा छ। यस प्रदेशको जम्मा ३०५ क्षेत्रफल जंगलले ढाकेकोमा मुलुककै सबैभन्दा बढी ९५%

जनता खाना पकाउन दाउराको प्रयोग गर्ने अहिलेको परिस्थितिले पर्यावरणीय दुर्घटना निम्त्याउन सक्ने पनि देखिन्छ । अझै पनि सडक नपुगेका जिल्ला सदरमुकाम (डोल्पा र हुम्ला) यसै प्रदेशमा छन । विकासको अभावमा रोजगारीका अवसरहरु यस प्रदेशमा निकै कम छन् । यस प्रदेशको निम्न साक्षरता दर र विकट भौगोलिक अवस्था विकासको गति प्राप्त गर्न मुख्य चुनौती हुनेछन् ।

### संभावना

सुर्खेतको कांक्रेविहार होस अथवा मुगुको रारा तालको आकर्षण– यस प्रदेशले आफ्ना संभावनाको तुलनामा कम पर्यटकीय लाभ उठाइरहेको वर्तमान स्थिति छ । यसबाहेक हिमाली भेगका डोल्पा र हुम्ला जिल्लाहरुले जडिबुटी र पर्यटनको अपार संभावना बोकेका छन् । सस्तोमा कामदार पाइने भएकोले सडक सञ्जालसँग तुलनात्मक रुपले जोडिएका सल्यान तथा सुर्खेत जिल्लाहरु अझै पनि उद्योग स्थापनाका लागि राम्रो स्थल हुन सक्छन् । नेपालमा खस सभ्यताको उद्गमस्थल जुम्ला तथा दुल्लु जस्ता स्थलहरुले आन्तरिक पर्यटनलाई आकर्षित गर्न सक्छन् । यो प्रदेश एक महत्वपूर्ण शैक्षिक केन्द्र पनि हुन सक्छ । जलविद्युत्को क्षेत्रमा नलसिङगाड जलविद्युत् आयोजना भएको जाजरकोटको निकै संभावना छ ।

## प्रदेश ७

### परिचय

लामो समयसम्म सडक सञ्जालको अभावमा मुलुकको राजधानीदेखि पर भएको, तर भौगोलिक रुपमा भारतको राजधानी शहर नयाँ दिल्ली, औद्योगिक प्रान्तहरु गुजरात र पञ्जाबसँग नजीक, प्रस्तावित विशाल जलविद्युत् योजनाहरु (पञ्चेश्वर रकर्णाली जस्ता) भएको, तराइको समथर जमीनदेखि हिमालसम्म फैलिएको, शुक्लाफांट जस्तो राष्ट्रिय निकुञ्ज भएको, खप्तड जस्तो पावन क्षेत्र भएको, धनगढी तथा महेन्द्रनगर जस्ता शहर भएको प्रदेश ७ मुलुकको सबैभन्दा पश्चिममा रहेको छ ।




**प्रदेश ७**

**जनसंख्या :** २५५२५१७

**मानव विकास सूचकांक :** ०.४२

**गरिबीको रेखामुनिका जनसंख्या :** ४७.११%

**रणनैतिक सडक सञ्जाल :** १४०५.६८ किमी

**वयस्क साक्षरता दर :** ५२.७२%

**प्रति व्यक्तिआय (पिपिपी) :** ६८४.८९ (अमेरिकी डलर)

२०११ सालको जनगणना अनुसार प्रदेश ७ को जनसंख्या २५५२५१७ छ । यहाँ रणनीतिक सडक सञ्जाल विस्तार हुने क्रममा छ र हाल १४०५.६८ किलोमिटर छ । युवा साक्षरता दर अझै कम अर्थात् ५२.७२% छ भने प्रति व्यक्ति आय ६८४.८९ डलर छ जुन मुलुककै सबभन्दा कम हो ।

## चुनौती

प्रदेश ७ को मुख्य चुनौती पनि जनताका लागि रोजगारीका अवसर सिर्जना गर्नु र प्रदेशलाई विस्तारै आधुनिकीकरण गर्दै लैजानु हो । एकातिर ९४% भन्दा बढी जनता खाना पकाउन दाउरामा निर्भर हुनु पर्ने स्थिति छ भने शिशु मृत्युदर ४७.९ (प्रति १ हजार जन्ममा) छ जुन मुलुकको उच्च मध्ये एक हो । पहाडी भेगहरुको उच्च पछौटेपन र गरिबीले गर्दा यहाँको जनसंख्यामा पुड्कोपन (४८.८४%) र कम तौल भएका (३५.५३%) हरुको हिस्सा पनि प्रदेश ६ पछिको उच्च छ । सफापानीमा पहुँच नभएको घरधुरी अझै २५.९% छ भने चर्पी नभएका घरहरु ५४.४% छन् जुन मुलुककै उच्च मध्ये एक हो । गरिबी र अशिक्षाको कारण सिर्जित यी समस्याहरु राम्रो तलब दिने रोजगारी सिर्जना नगरि दिगो रुपमा हल गर्न सकिदैन । यसैले राम्रो तलब दिने रोजगारीका अवसरहरु सिर्जना गर्नु र त्यसका लागि उद्योग धन्दा खोल्ने लगानीकर्ताहरु आकर्षण गर्नु यस प्रदेशको मुख्य चुनौती हुनेछ ।

## संभावना

प्रदेश ७ कृषि, जलविद्युत, धार्मिक तथा निकुञ्ज पर्यटन सबैको दृष्टिकोणले एक महत्वपूर्ण प्रदेश हुन सक्छ । भारतका समृद्ध हुँदै गइरहेका प्रान्तहरुसँगको सामीप्यले गर्दा तथा गुजरात र मुम्बइका अन्तर्राष्ट्रिय पोर्टहरुबाट नेपालले सुविधा लिन शुरु गरेमा निर्यातमूलक उद्योगहरुको लागि प्रदेश ७ आकर्षक गन्तव्य पनि हुन सक्छ । पञ्चेश्वर परियोजना सम्पन्न भएपश्चात् अतिरिक्त सिचाई हुने दशौं हजार हेक्टर जमीनले यो प्रदेशको कृषि उत्पादकत्व बढाउनेछ भने विद्युत्को माग समेत लामो समयलाई पुरा गर्नेछ । प्रदेश ६ र ७ जडिबुटीमा समृद्ध छ भने प्रदेश ७ को आधाभन्दा बढी (अर्थात ५१%) भूभाग वनजंगलले ढाकेकोले जडिबुटी तथा वनजन्य उद्योगको पनि यहाँ धेरै संभावना छ । भैरहेका औद्योगिक गतिविधिको आधारमा धनगढी र महेन्द्रनगर महत्वपूर्ण औद्योगिक क्षेत्र बन्न सक्ने क्षमता राख्दछन । यहाँका ऐतिहासिक मन्दिरहरु (जस्तै उग्रतारा मन्दिर,शैलेश्वरि मन्दिर, बडिमालिका मन्दिर, त्रिपुरासुन्दरी मन्दिर) र सुन्दर खप्तड क्षेत्र आफैमा धार्मिक पर्यटकीय गन्तब्य हुन् भने यो प्रदेश प्रसिद्ध तीर्थस्थल मानसरोवर जाने बाटोमा पनि पर्छ ।

## अनुसूची १

# कांग्रेस नेतृत्वमा भएको विगत २५ वर्षको विकास प्रतिफल

| | | वि.सं. २०४८ | वि.स. २०७३ |
|---|---|---|---|
| १ | गरिबीको रेखामुनि रहेका जनसंख्याको प्रतिशत | ४९ | २१ |
| २ | साक्षरता (प्रतिशत) १५-२४ उमेर समूह | ५० | ९० |
| ३ | प्राथमिक विद्यालयमा खुद भर्ना दर (प्रतिशत) | ६४ | ९७ |
| ४ | माध्यमिक विद्यालयको संख्या | १,९५९ | ३,५९६ |
| ५ | उच्च शिक्षामा महिला र पुरुषको अनुपात | १:३ | १:१ |
| ६ | औसत आयु | ५४ | ७१ |
| ७ | चिकित्सा र इन्जिनीयरिङ्ग विद्यार्थी संख्या (स्नातक तह) | ५७९ | ३७,१३० |
| ८ | स्वास्थ्य चौकीको संख्या | १,०९८ | ४,११६ |
| ९ | शिशु मृत्यु दर (प्रति १,००० जीवित जन्म) | १०८ | ३३ |
| १० | मातृ मृत्यु दर (प्रति १ लाख जीवित जन्म) | ८५० | २५८ |
| ११ | खानेपानीको सुविधा पुगेको जनसंख्याको प्रतिशत | ३६ | ८४ |
| १२ | शौचालय र सरसफाइ पुगेको जनसंख्याको प्रतिशत | ६ | ८१ |
| १३ | ऊर्जा शक्ति | २२७ मे.वा. | ८५१ मे.वा. (अर्को २ वर्षमा २३००) |
| १४ | विद्युत्मा पहुँच पुगेको जनसंख्याको प्रतिशत | ९ | ७४ |
| १५ | सडक (सबै खालका) | ७,३३० कि.मी. | ८१,३७१ कि.मी. |
| १६ | सडक (कालोपत्रे र ग्रावल) | ४,६१६ कि.मी. | ३२,६३९ कि.मी. |
| १७ | सिंचाइ (हेक्टर) | ५.४ लाख | १४ लाख |
| १८ | टेलिफोन | ७१,५६० | २७,८५०,००० (मोवाइल) |
| १९ | बैकिंग तथा वित्तीय संस्थाहरुको संख्या | ५ | ११७ |
| २० | कुल गार्हस्थ्य उत्पानमा राजस्वको अनुपात (प्रतिशत) | ९ | २१ |
| २१ | बजेटमा विदेशी अनुदान र ऋणको अनुपात (प्रतिशत) | ४५ | १५ |
| २२ | वनले ढाकेको क्षेत्र (कुल क्षेत्रफलको प्रतिशत) | ३७ | ४५ |

स्रोत : राष्ट्रिय योजना आयोग लगायत नेपाल सरकारका अन्य दस्तावेज

अनुसूची २

## कांग्रेसको विकास दृष्टि र लक्ष्य : अबको १0 वर्षमा नेपाल

१. अधिकांश नागरिक मध्यम-वर्गीय, निजी उद्यम र व्यवसाय-मैत्री भएको गतिशील लोककल्याणकारी राज्य हुनेछ।
२. द्रुत र फराकिलो आर्थिक बृद्धि हासिल भई अर्थतन्त्रको आकार प्रचलित मुल्यमा रु. १०० खर्वको हाराहारीमा पुग्ने र लाखौं नयाँ रोजगारी सिर्जना हुनेछ।
३. कुल गार्हस्थ्य उत्पादनको अनुपातमा औसत पाँच प्रतिशत (वार्षिक रु. १ खर्वदेखि ५ खर्व) बराबरको विदेशी प्रत्यक्ष लगानी भित्रिनेछ। अर्थतन्त्रमा नेपाली उत्पादनमूलक उद्योगको अंश ५ बाट १५ प्रतिशत पुगी अन्तर्राष्ट्रिय उत्पादन संजालमा गाँसिएको हुनेछ।
४. गरिबीको रेखामुनिरहेका जनताको हिस्सा ३ प्रतिशत भन्दा कम हुनेछ। जीवनचक्रका जोखिमपूर्ण अवधिहरुमा केन्द्रित भई सशर्त नगद हस्तान्तरण, न्यूनतम रोजगारी ग्यारेन्टी र आधारभूत आय निश्चित गरिएको बृहत सुरक्षा प्याकेजको कार्यान्वयन हुनेछ।
५. नेपालमा कुपोषण र भोकमरी निर्मूल भएको हुनेछ।
६. औपचारिक क्षेत्रका श्रमजीवी कोही पनि गरिबीको रेखामुनि नभएको र अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई सामाजिक सुरक्षा संजालमा आवद्ध गराई निवृत्तिभरणको व्यवस्था भएको हुनेछ।
७. सबै युवाहरु साक्षर भएका र कुनै न कुनै विषयमा सिप र दक्षता हासिल गरेका हुनेछन्।
८. प्रत्येक नेपालीको स्वास्थ्य बीमा गरिएको हुनेछ। औसत नेपालीको आयु ७७ वर्ष नाघ्ने, शिशु मृत्यु दर ३३ (प्रति १००० जीवित जन्म) बाट घटेर एकल अंकमा सीमित हुने र मातृ मृत्युदर २५८ (प्रति एक लाख जीवित जन्म) बाट घटेर ५० पुगेको हुनेछ।
९. १५,००० मेगावाट भन्दा बढी ऊर्जाको उत्पादन हुनेछ। आन्तरिक खपत भन्दा बढी ऊर्जा निर्यात गरिनेछ र नेपालको अन्तर्राष्ट्रिय छवि "शत प्रतिशत स्वच्छ उर्जामा आधारित वातावरण मैत्री अर्थतन्त्र" को हुनेछ। प्रमुख पर्यटकीय नगरहरुमा शतप्रतिशत र अन्य सहरहरुमा वहुसंख्यक सवारी साधन विद्युतीय हुनेछन्।
१०. काठमाडौं-मधेश एक्सप्रेसवे लगायत ४ देखि ६ लेनका १००० कि.मी भन्दा बढी द्रुत-मार्ग, ५०० कि.मी. भन्दा बढी रेल्वे लाइन, ५०,००० भन्दा बढी कि.मी. कालोपत्रे सडक संजालले राष्ट्रलाई जोडेको हुनेछ।
११. पाँचवटा अन्तर्राष्ट्रिय विमानस्थलहरु निर्माण भएका हुनेछन्। प्रत्येक बर्ष ३२ लाख भन्दा बढी पर्यटक नेपाल भित्रिनेछन् र पचास लाख नेपालीहरुले पर्यटन उद्योगमा प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारी पाउने छन्।

१२. तराई-मधेश र पहाडका १८ लाख हेक्टर भन्दा बढी खेतीयोग्य जमीन बाह्रै महिना सिंचित हुनेछन्। प्रमुख तरकारी र खाद्यान्नहरुमा नेपाल आत्मनिर्भर बन्नेछ। हालको कृषि उत्पादकत्व दोब्बर भएको हुनेछ।

१३. मोबाइल फोन र इन्टरनेटको पहुँच सबै नेपाली जनतामा पुगेको हुनेछ।

१४. १६ वर्ष भन्दा माथिका सबै नेपालीको बैंक खाता हुनेछ भने ऋण लिएका ८० प्रतिशत भन्दा बढी घरधुरीको स्रोत औपचारिक वित्तीय क्षेत्र हुनेछ।

१५. नेपालको ७५ प्रतिशत भन्दा बढी जनसंख्या व्यबस्थित, सुविधा सम्पन्न, आधुनिक सहरहरुमा बसोबास गर्नेछ।

१६. सुरक्षित आवासमा बस्ने नेपाली घरपरिवारको हिस्सा तीन गुणाले बृद्धि हुनेछ। सबै नयाँ भवनहरु अनिवार्य रुपले भूकम्प -प्रतिरोधी हुनेछन्। बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक विपद्का कारण अकालमा मृत्यु हुनेको संख्या न्यून हुनेछ।

१७. नेपालको ४५ प्रतिशत भू-भाग वनले ढाकेको हुने र जलवायु परिवर्तन र अल्प-कालीन जलबायु प्रदुषकहरुको नकारात्मक प्रभावलाई यथासम्भव न्यूनीकरण गरिएको हुनेछ।

१८. सबै तहका सरकारी निकाय निजी क्षेत्र र सामाजिक संस्थाहरु वातावरण संरक्षण, आर्थिक विकास तथा सामाजिक सेवामा तत्परताका साथ सहकार्य गरेका हुनेछन्।

१९. सबै छिमेकी राष्ट्रहरुसंग असल सम्वन्ध र सार्वभौम समानताका आधारमा स्वतन्त्र परराष्ट्र नीति अवलम्वन गर्दै गैरआवासीय नेपालीहरुलाई मुलुकको विकास मूलधारमा समाहित गर्न उनीहरुको सीप र पूँजीको अधिकतम उपयोग भएको हुनेछ।

२०. संसदीय लोकतन्त्रको जगमा समावेशी, न्यायपूर्ण, उत्तरदायी, भ्रष्टाचार-रहित शासन व्यवस्था सुदृढ भएको हुनेछ।

अनुसूची ३

## कांग्रेसको एकीकृत सामाजिक सुरक्षा अवधारणा

नेपाली कांग्रेस कल्याणकारी राज्यमा विश्वास गर्दछ र नेपाललाई न्यायपूर्ण एवं समतामूलक बनाउने यसको समाजवादी नीतिको मूल ध्येय हो । यो नीति तीन सिद्धान्तमा अडेको छ :

१. **लोकतान्त्रिक समाजमा हरेक नागरिक आत्मसम्मानका साथ बाँच्न पाउनु पर्दछ ।** जन्मदेखि मृत्युसम्मको जीवनचक्रमा केही निश्चित कालखण्डहरु बढी जोखिमपूर्ण हुन्छन् जति बेला नागरिकको भरथेग गरिदिनु राज्यको दायित्व हो ।
२. **जिम्मेवार राज्यले सामर्थ्य र आवश्यकतालाई सन्तुलनमा राख्नु पर्दछ ।** अल्पकालीन राजनीतिक लाभका लागि राज्यको ढुकुटी रित्याउने गरी जथाभावी वितरणमुखी कार्यक्रम ल्याउनु हुँदैन । तर मुलुकको राजस्व, नागरिकको योगदान, संस्थागत कोषहरु र नवीन वित्तीय उपकरणहरुले धान्न सम्भव भएसम्म राज्य जनताप्रति जिम्मेवार र सहयोगी बन्नु पर्दछ ।
३. **पुनर्वितरण र बीमासहित सामाजिक सुरक्षाका दुई प्रमुख पाटाको छुट्टा-छुट्टै नीतिगत सम्बोधन हुनु पर्दछ ।** पुनर्वितरण सोझै नगद दिएर, सार्वजनिक सेवा र वस्तुको वितरणमा अनुदान दिएर वा न्युनतम रोजगारीको ग्यारेन्टी गरेर अघि बढ्छ भने नागरिक आफैले योगदान गरेको अनुपातमा जोखिम न्यूनीकरण गरिने कार्यक्रमले सामाजिक बीमाको रुप लिन्छन् ।

| सामाजिक पुनर्वितरण | सामाजिक बीमा |
|---|---|
| ■ सुत्केरी आमा : पोषिलो खाना अन्तर्गत आमा र शिशुका लागि एक हजार दिनसम्म पोषण कुपन<br>■ शैक्षिक संस्थामा आवास, खाना, छात्रवृत्ति, सशर्त नगद हस्तान्तरण र प्रोत्साहन पुरस्कार (ल्यापटप, साइकल)<br>■ तरुण सीप वृत्ति<br>■ युवा स्वयंसेवा एवं बेरोजगार भत्ता<br>■ १०० वटा जति निःशुल्क औषधि र विशेष रोगको निःशुल्क स्वास्थ्य उपचार<br>■ गरिबका लागि १०० दिनको रोजगारी ग्यारेन्टी<br>■ एकल महिला, अपाङ्ग र सीमान्तीकृत समुदाय लगायतका लागि निःशर्त नगद हस्तान्तरण<br>■ ज्येष्ठ नागरिक भत्ता र सेवाआश्रम<br>● दलितलाई र कर्णालीमा ६० वर्ष पछि<br>● सबै महिलालाई ६५ वर्ष पछि<br>● बाँकी पुरुषलाई ७० वर्ष पछि<br>■ मृत्यु-संस्कार र सम्मान खर्च (रु. १०,०००) | ■ अनिवार्य स्वास्थ्य बीमा<br>■ कृषि बाली र पशुधन बीमा<br>■ औपचारिक क्षेत्रमा काम गर्नेको पेन्सन ग्यारेण्टी<br>■ स्वरोजगार वा अनौपचारिक क्षेत्रमा काम गर्ने सबैको नागरिक सुरक्षा दर्ता र पेन्सनमा पहुँच<br>■ बैदेशिक रोजगारमा संलग्नको सामाजिक सुरक्षा कोषमा योगदान गरे बमोजिम पेन्सन, रेमिट-हाइड्रो र रेमिट-आवास जस्ता लाभांश दिने कार्यक्रम<br>■ सामाजिक सुरक्षा कोष मार्फत्<br>● दुर्घटना बीमा<br>● महिला श्रमिकलाई सुरक्षित मातृत्व योजना<br>● बेरोजगारी सुरक्षा योजना<br>● आश्रित परिवार सुरक्षा योजना |

नेपाली कांग्रेसले अबको पाँच वर्ष भित्र खुद्रे वितरणमुखी कार्यक्रम होइन, प्रत्येक नेपालीले सम्मानजनक जीवनयापन गर्न सक्ने गरी एउटा **एकीकृत सामाजिक सुरक्षा प्याकेज** ल्याउनेछ। **गरिबीको अन्त्य, कांग्रेसको गन्तब्य** भन्ने नारालाई सार्थक बनाउन आजको मुल्यमा प्रत्येक घरधुरीको **आधारभूत वार्षिक आय रु. एक लाख** भन्दा कम नहुने गरी, दुरुपयोग रोक्दै, स्मार्ट कार्डका माध्यमबाट माथिका कार्यक्रमहरुको एकीकृत प्याकेज लागु गरिनेछ ।

अनुसूची ४

## कांग्रेस नै किन ? हाम्रा प्रमुख मुद्दा

१. **अतिवादको प्रतिवादः** कम्युनिष्ट आवरणमा उदाउन खोजेको भ्रष्ट चरित्रको अधिनायकवादी दु:स्वप्नलाई परास्त गर्दै असल शासन प्रत्याभूत गर्ने मध्यमार्गी लोकतन्त्रको सबलीकरणका लागि नेपाली कांग्रेस ।

२. **रोजगारमूलक वृद्धिः** अर्को दशक राष्ट्रिय पुनर्जागरणको कालखण्ड हुने र नेपाललाई दिगो विकासमा अग्रणी, मध्यम आय भएको मुलुक बनाउन अभूतपूर्व गतिमा पूर्वाधार निर्माण एवं नीतिगत सुधारका कार्यक्रम मार्फत स्वदेशी र विदेशी पुंजी परिचालन र रोजगारी सिर्जना गर्नका लागि नेपाली कांग्रेस ।

३. **कल्याणकारी राज्यः** बीपी कोइरालाको आदर्श अनुरुप लोकतान्त्रिक समाजवादी राज्य जहाँ स्तरीय शिक्षा र स्वास्थ्य सेवा लगायत चुस्त सार्वजनिक सेवा सुनिश्चित हुन्छ, त्यस्तो समतामूलक समाज स्थापना गर्दै जोखिममा बाँच्ने नेपालीहरुको संख्या न्यून हुने गरी २१औं शताब्दी अनुकुल सामाजिक सुरक्षा प्याकेजको महत्वाकांक्षी योजना कार्यान्वयन गर्नका लागि नेपाली कांग्रेस ।

४. **देश जोड्ने संघीयताः** पर्याप्त स्रोत साधन, अधिकार, क्षमता र जवाफदेही सहितका स्थानीय, प्रादेशिक र संघीय सरकार जसले एकीकृत राष्ट्रिय अर्थतन्त्र मार्फत हिमाल, पहाड र मधेशलाई एकताको मालामा उन्नेछन्, तिनको सफल संचालनका लागि नेपाली कांग्रेस ।

५. **सार्वभौम समानताः** छिमेकी राष्ट्रहरुसंग सन्तुलित र सम्मानजनक कूटनीतिक सम्बन्ध कायम गर्दै आर्थिक अन्तर्निर्भरता, जलवायु परिवर्तन र आतंकवाद जस्ता साझा मुद्दामा सहकार्य गर्न अन्तर्राष्ट्रिय विश्वसनीयता भएको नेपाली कांग्रेस ।

६. **संक्रमणकालीन न्यायः** सशस्त्र द्वन्द्व-कालीन मुद्दाको निरुपण, आम पीडित जनतामा न्यायको प्रत्याभूति र शान्ति सम्झौतालाई विधिवत टुंगोमा पुर्‍याउन शान्ति प्रक्रियाको भरपर्दो नेतृत्वकर्ता नेपाली कांग्रेस ।

७. **सामाजिक-धार्मिक सद्भावः** समाजका हरेक समूह र वर्गवीच सिर्जनात्मक सहकार्य र सद्भाव कायम गराउने संघ-संस्था एवं सनातनदेखि चलिआएको धर्म, परम्परा र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नका निम्ती ऐतिहासिक नेपाली कांग्रेस ।

# नेपाली कांग्रेसका नाराहरु

कांग्रेसको जित
सबैको हित

★ ★ ★ ★

हिमाल, पहाड, मधेश
सबैलाई जोड्ने कांग्रेस

★ ★ ★ ★

नेपाली कांग्रेसको दृष्टि
उच्च र दिगो आर्थिक वृद्धि

★ ★ ★ ★

कांग्रेसको गन्तव्य
गरिबीको अन्त्य

★ ★ ★ ★

कांग्रेसको प्रण
महिला सशक्तिकरण

★ ★ ★ ★

कांग्रेसको इच्छा
सवैका लागि सामाजिक सुरक्षा

★ ★ ★ ★

रुखमा मतदान
लोकतन्त्रको सम्मान

★ ★ ★ ★

नेपाली कांग्रेसको अभियान
पहिचान र विविधताको सम्मान

★ ★ ★ ★

किसानको पार्टी, श्रमिकको साथी
नेपाली कांग्रेस नेपालको लागि

★ ★ ★ ★

जनताको जगमा उठ्छ लोकतन्त्रको पहिचान
यसैका लागि दिएका हुन् शहीदले ज्यान
विचार पुऱ्याउँ एकै भोटले दिन्छ देशको निकास
शान्ति, स्थिरता, समृद्धि र विकास

# नेपाली कांग्रेसको सरकार
# लोकतन्त्र, राष्ट्रिय एकता र समृद्धिको आधार

## रूख चिन्हमा मतदान गरौं
## नेपाली कांग्रेसलाई जिताऔं

**प्रकाशक:**
**नेपाली कांग्रेस**
केन्द्रीय कार्यालय
बी.पी. नगर, सानेपा, ललितपुर
**२०७४**